प्रदेश सभा

बागमती प्रदेश

सार्वजनिक लेखा समिति

वार्षिक प्रतिवेदन २०७७

प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर

प्रदेश सभा

बागमती प्रदेश

सार्वजनिक लेखा समिति

वार्षिक प्रतिवेदन २०७७

प्रदेश सभा सचिवालय

हेटौंडा, मकवानपुर

सार्वजनिक लेखा समिति

मा. न्हुक्षे नारायण श्रेष्ठ
(सभापति)

सदस्यहरु

मा. ओम ब. ग्लान

मा. गणेश दुलाल



मा. कृष्ण प्र. खनाल

मा. चन्द्र ब. लामा

मा. जीवन खड्का

मा. जीवन डंगोल

मा. दीपक निरौला

मा. देवकी श्रेष्ठ

मा. पशुपति चौलागाई

मा. पुकार महर्जन

मा. प्रभात तामाङ्ग

मा. प्रेम ब. तामाङ्ग

मा. बेलीमैया घले

मा. मुनु सिग्देल

मा. रत्न प्र. ढकाल

मा. रमेश पौड्याल

मा. रीता माझी

मा. विनोद कु. खड्का

मा. सीता अधिकारी

मा. हिमाली गोले

अम्बिक घिमिरे
समिति सचिव

माननीय सभामुखज्यू,

परिवर्तनको पक्षमा लड्दै आएका विभिन्न राजनीतिक दलको लामो सङ्घर्षको परिणाम हो, संघीयता सहितको संविधान र गणतन्त्र। गणतन्त्र घोषणा भएको जेठ १५ गते १३ औं गणतन्त्र दिवस मनाउने तयारीमा यतिबेला हामी जुटिरहेका छौं। संघीयता सहितको संविधान घोषणा भएको पाँच वर्ष पुगेको छैन। अहिले पनि हामी संविधान कार्यान्वयनको चरणमा छौं। निकै जटिल सङ्घर्षका बीचबाट यो प्रक्रिया अगाडि बढिरहेको छ।

नेपालको इतिहासमा पहिलो पटक गठन गरिएको प्रदेश सभाको सदस्य हुनुको नाताले हामीले आफूप्रति गौरव गर्नु पर्दछ। इतिहासले हामीलाई निकै ठूलो जिम्मेवारी दिएको छ। यस जिम्मेवारीलाई आन्दोलनको मर्म, भावना र स्प्रिट अनुसार कुशलतापूर्वक निर्वाह गर्न सक्यौं या सकेनौं ? यदि हामी यसको कार्यान्वयनमा असफल भयौं भने इतिहासले दिएको जिम्मेवारी पूरा गर्न नसकेको अपजशको भारी हामीले बोक्नुपर्छ। जनअपेक्षा अनुसार प्रदेशको औचित्यता, आवश्यकता बोध गराउन हामीले सकिरहेका छैनौं। यो तीतो यथार्थतालाई हामीले आत्मसात गर्नैपर्छ।

आर्थिक समृद्धि नेपाली जनताको सपना हो। समृद्ध नेपाल र सुखी नेपाली सरकारको नारा हो। यसको निम्ति सुशासन, पारदर्शिता, जवाफदेहिता र भ्रष्टाचारमा शून्य सहनशीलता जरुरी पर्दछ। बागमती प्रदेशमा सार्वजनिक लेखा समितिको गठन प्रदेश अन्तर्गतका सबै सार्वजनिक निकायको अनियमितता, साधन श्रोतको हिनामिना र दुरुपयोग तथा भ्रष्टाचार नियन्त्रण लगायत प्रदेश सरकारलाई वित्तीय अनुशासनमा राख्नका लागिभएको हो भन्ने कुरा यस सदनलाई अवगत नै छ। सार्वजनिक लेखा समितिले यस बीचमा गरेका तमाम कार्यहरु प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी बनाउन गरेको प्रयत्न नै हो।

माननीय सभामुखज्यू,

सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ माथि छलफल गरी प्रदेश सरकारको योजना निर्माणमा देखिएको कुशलता, कार्यदक्षता, कार्यसम्पादनको प्रभावकारिता अत्यन्त कमजोर रहेको ठहर गरेको छ। समितिले गरेका विभिन्न निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्न सरकार गम्भीर नहुनु,नीति तथा योजनामा घोषणा भएका कार्यक्रमहरु कार्यान्वयनमा देखाएको उदासिनता जस्ता विषयहरु समितिले चुनौतीका रुपमा लिएको छ। त्यस्तै समितिले सरकारलाई आफ्ना काम कारवाहीहरुलाई नियमसंगत, प्रक्रियागत ढंगले गराउनु पर्नेमा जोड दिदै आवश्यक निर्देशन दिंदै आएको छ।

सार्वजनिक लेखा समितिले विभिन्न राष्ट्रिय मिडिया तथा यस सदनमा माननीय ज्यूहरुले उठाउनु भएको प्रदेशको स्रोतको रुपमा रहेको नदीजन्य र खानीजन्य बस्तुको उत्खनन्, राजस्वको संकलन, बाँडफाँड, चुवाहट अनियमितताको सम्बन्धमा एक उपसमिति बनाएर अध्ययन गरेको छ। अध्ययनले प्रदेश सरकार संविधानले दिएको अधिकार प्रयोग गर्न गम्भीर छैन वा सकिरहेको छैन भन्ने देखाउँछ। त्यस्तै प्रदेश सरकारले स्थानीय तहलाई स्पष्ट दिशा निर्देश गर्न पनि सकिरहेको छैन भन्ने समितिको ठहर छ। प्रदेशले खनिज तथा नदीजन्य श्रोतलाई व्यवस्थित गर्न बनाएको नयाँ कार्यविधि तथा मापदण्डहरु पनि समयानुकूल, भूगोल अनुकूल नभएकोले त्यसलाई संशोधन गरेर जानुपर्ने समितिले सुझाव दिएको छ। मन्त्रालयका मन्त्रीहरुलाई बोलाएर हामीले गर्नुपर्ने नीतिगत र व्यवहारिक सुझाव र निर्देशनहरु दिइसकेका छौं। यस सम्बन्धी अध्ययनको विस्तृत प्रतिवेदन यस सदनको सम्पत्ति बनिसकेको जानकारी गराउन चाहन्छु।

माननीय सभामुखज्यू,

विश्वभर फैलिरहेको कोभिड–१९ नाम दिइएको कोरोना भाइरसबाट हाम्रो मुलुक पनि आक्रान्त बन्दै गइरहेको छ। नागरिकको जीवन रक्षा प्रदान बनेर आएको यस्तो महाविपत्तिको संवेदनशील अवस्थामा पनि भ्रष्टाचार र अनियमितताको खबरहरु आउँदा हामीलाई निकै चिन्तित बनायो। मानव जातिमाथि देखिएको यस्तो संकटको बेलामा सरकारी कोष माथिको अनियमिता, दुरुपयोग जघन्य अपराध हो भन्ने म ठान्दछु। यो प्रवृतिलाई निरुत्साहित गर्न जरुरी छ। त्यसको निम्ति कडाई पूर्वक प्रस्तुत हुनुपर्ने आवश्यकता रहेको म देख्दछु। हाम्रो समिति आफ्नो कार्यक्षेत्र भित्र परेका राज्यकोष माथिको दुरुपयोगको विषयमा उच्च निग्रानी र छानविन गर्न सँधै तत्पर र दृढ रहेको कुरा पनि म अवगत गराउन चाहन्छु।

समितिले विभिन्न समयमा यस क्षेत्रका विषयविज्ञहरुसँग समितिका काम, कर्तव्य र अधिकार सम्बन्धमा छलफल पनि चलाएको छ। यस छलफल र अन्तरक्रियाले म लगायत समितिका सदस्यहरुलाई परिपक्व बनाउँदै लगेको मैले पाएको छु। सभापति लगायत सदस्यहरुको क्षमता बढाउन छलफल र अन्तर्क्रियाका लागि हामीलाई प्रेरित र सहयोग गर्नु हुने माननीय सभामुखज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु। म सम्पूर्ण समितिका माननीय सदस्यहरुको सहयोग, सक्रियता तथा जिम्मेवारीको कुशलतापूर्वक निर्वाह गर्ने भूमिकाप्रति आभारी छु। भविष्यका दिनहरुमा पनि समितिका सदस्यहरुले दल भन्दा माथि उठेर काम गर्ने अपेक्षा गरेको छु। यस समितिका सचिव तथा अन्य कर्मचारी साथीहरुको सहयोग, सक्रियता र इमान्दारितालाई म धन्यवाद दिन चाहन्छु। त्यस्तै हामीले बोलाएको समयमा उपस्थित भएर हाम्रा कुरा सुन्ने धैर्यता गर्नुभएकोमा मन्त्रालयका मन्त्री र सचिव ज्यूहरुप्रति पनि आभार व्यक्त गर्न चाहन्छु।

अन्तमा, यस समितिको कार्य संचालनलाई प्रभावकारी बनाउन प्रविधि मैत्री बनाई सर्वसाधरणको पहुँचमा पुऱ्याउने उदेश्यका साथ अगाडि बढिरहेको कुरा सदनलाई जानकारी गराउँदछु ।

माननीय सभामुखज्यू,

नेपालको संविधानको धारा १९३ तथा बागमती प्रदेशको पहिलो संशोधन सहितको प्रदेश सभा नियमावलीको नियम १४६ अनुसार गठन भएको सार्वजनिक लेखा समितिको दोश्रो बार्षिक प्रतिवेदन प्रदेश सभा नियमावली २०७४ (पहिलो संशोधन सहित) को नियम १५१ (५) बमोजिम यस गरिमामय सदन समक्ष पेश गर्दछु।

धन्यवाद

जेष्ठ १४, २०७७

न्हुक्षे नारायण श्रेष्ठ
सभापति

विषयसूची

परिच्छेद-१	प्रारम्भिक		१-५
	१.१	पृष्ठभूमि	१
	१.२	सार्वजनिक लेखा समितिको गठन	२
	१.३	सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार	३
	१.४	सार्वजनिक लेखा समिति सचिवालय	५
परिच्छेद-२	सार्वजनिक लेखा समितिको निर्णय एंव निर्देशनहरु		६-२८
	२.१	समितिको निर्णयहरु	६
	२.२	समितिले दिएको निर्देशन	१५
परिच्छेद-३	विभिन्न समयमा गठन भएका उपसमितिहरु र प्रतिवेदन		२९-७१
परिच्छेद-४	महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजूका सम्बन्धमा भएका निर्णयहरु		७२-८१
परिच्छेद-४	सार्वजनिक लेखा समितिबाट सम्पादन भएका गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रमहरु		८२-९०
	४.१	प्रदेश मन्त्रालय, महालेखापरीक्षक र सार्वजनिक लेखा समितिबीच भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रम	८२
	४.२	प्रदेश नं.१ र बागमती प्रदेशको सार्वजनिक लेखा समितिबीच भएको अन्तर्क्रिया	८७
	४.३	सात प्रदेशका सार्वजनिक लेखा समितिका सभापति र सचिवहरुबीच भिडियो कन्फ्रेन्स मार्फत भएको अन्तर्क्रिया	८९
परिच्छेद-६	निष्कर्ष एवं सुझावहरु		९१-९३
	५.१	निष्कर्ष	९१
	५.२	सुझावहरु	९२
अनुसूची-१	सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५		९४
अनुसूची-२	योङ्ग इनोभेसन्स् प्रा.लि. सँग भएको प्राविधिक सहकार्य सम्बन्धी सम्झौतापत्र		१०७
अनुसूची-३	सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको विवरण		१०९
अनुसूची-४	सार्वजनिक लखा समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थितिको अवस्था		११०

परिच्छेद-१

प्रारम्भिक

१.१ पृष्ठभूमि

सार्वजनिक लेखा समिति प्रदेश सभाका विषयगत समितिहरु मध्ये एक महत्वपूर्ण समिति हो। यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन १८६१ मा भएको थियो। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो।

सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकारको विषय हो। सरकारी कोषको रकम भरपूर उपयोग गर्ने, वितरणमा प्रभावकारिता ल्याउने र खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त खर्च गर्ने प्रणालीमा पारदर्शिता, औचित्यतता र खर्चको हिनामिनाहलाई रोक्नको लागि सार्वजनिक लेखा समिति आवश्यकता महशुस गरिएको पाइन्छ। यस समितिका सदस्यहरुले गैर-राजनीतिक रूपमा काम गर्ने अपेक्षा पनि गरिएको हुन्छ। सरकारको 'वाच डग' को रुपमा पनि यो समितिलाई हेर्ने गरिन्छ। कार्यपालिकाको खर्च प्रणाली व्यवस्थापिका प्रति जवाफदेही हुने ढंगले भएको छ वा छैन भनी निपष्क्ष दृष्टिबाट हेर्न र कार्यपालिकालाई व्यवस्थापिका प्रति जिम्मेवार बनाइराख्न बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदको विपक्षी दललाई दिने गरिएको थियो र नेपालमा पनि सामान्यतया सोही बमोजिम नै अभ्यास गरिँदै आएको छ।

यो समितिको उद्देश्य भनेको केवल प्राविधिक अनियमितताहरु, महालेखापरीक्षकले औंल्याएको बेरुजु फछ्र्यौट र त्यस उपर छानबिन गर्ने मात्र होइन, बरु प्रदेशको विभिन्न सार्वजनिक खर्च संचालनको मामिलामा भएको अकुशलता, भ्रष्टचार वा कार्यसम्पादनको प्रभावकारितामा भएको कुनै कमीको प्रमाणहरु पनि खोजी गर्नु र चासो राख्नुका साथै सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, निर्देशन बमोजिम कार्यसम्पादन भए नभएको निगरानी राख्नु पनि हो। त्यस्तै बजेट आधिकारिक रुपमा वा ऐन बमोजिम खर्च गरिएको छ वा छैन वा जुन उद्देश्यको लागि विनियोजन गरिएको हो त्यसै काममा खर्च भएको छ वा छैन भन्ने पत्ता लगाउनु पनि समितिको उद्देश्य हो।

यदि अतिरिक्त रकम खर्च भयो भने थप खर्च हुने अवस्थाको छानविन गर्छ र सिफारिस गर्छ। त्यस्ता थप खर्चको नियमन र औचित्य पुष्टिको लागि सरकारले सदन समक्ष पेश गर्नु आवश्यकताको बोध गराउनु पनि हो। प्रदेश सभाले बेलायती परम्पराको अनुशरण गर्दै सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई नै दिएको छ। हाल भने संघिय संसदमा पनि सार्वजनिक लेखा सामितको नेतृत्व विपक्षी दलबाट नै गरिएको छ। सार्वजनिक लेखा समितिमा सभामुखले सभाको सहमति लिई मनोनित गरेका बढीमा २२ जना सदस्यहरू रहने व्यवस्था छ। समितिका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेको व्यक्ति समितिको सभापति हुने व्यवस्था छ। सभापतिको निर्वाचन नभएको वा नरहेको अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने व्यवस्था रहेको छ। मन्त्रीले सभापति हुन वा बैठकको अध्यक्षता गर्न नमिल्ने व्यवस्था गरिएको छ। कुनै पनि सदस्य एकसाथ एक भन्दा बढी विषयगत समितिको सदस्य हुन सक्ने छैन। कुनै सदस्य आफू सदस्य नभएको समितिको बैठकमा सहभागि नभई छलफलमा भाग लिन चाहेमा बैठक बस्ने दिन भन्दा कम्तिमा एक दिन अगावै सम्बन्धित समितिको सभापतिलाई जानकारी दिनु पर्नेछ। यद्यपि निजलाई मतदानको अधिकार हुने छैन।

समितिले आफ्नो कार्य समयमै सम्पादन गर्नका लागि बार्षिक कार्यतालिका निर्माण गर्नेछ। समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ। बैठकमा अनुपस्थित रहने सदस्यले सभापतिलाई जानकारी दिनु पर्नेछ। समितिको निर्णय समितिका सदस्यहरुको बहुमतबाट हुनेछ। मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ। समितिले आफ्नो कामको प्रतिवेदन एवम् बार्षिक प्रतिवेदन सभापतिले वा निजको अनुपस्थितिमा सभापतिले तोकेको अन्य कुनै सदस्यले बैठकमा पेश गर्नेछ।

१.२ सार्वजनिक लेखा समितिको गठन

नेपालको संविधानको धारा १९३ मा प्रदेशमा विषयगत समिति गठन गर्ने अधिकार प्रत्याभूत गरिए बमोजिम प्रदेश सभा नियमावली २०७४ (पहिलो संसोधन सहित) को नियम १४६ ले गरेको व्यवस्था गरे अनुसार समिति वा विशेष समिति गठन गर्न सक्नेछ। उक्त संवैधानिक व्यवस्था अनुरुप प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए/गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरुको गठन भएको छ। त्यसमध्ये एक अत्यावश्यक र महत्त्वपूर्ण समितिको रुपमा सार्वजनिक लेखा समिति रहेको छ।

सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा नियम १४६ बमोजिम समितिमा बढीमा २२ जना सदस्यहरु प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्त्व रहने गरी मनोनयन गर्नु पर्ने व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार मिति २०७४ साल फागुन १५ गते २१ सदस्य सार्वजनिक लेखा समितिको गठन भएको हो। समितिका सभापति प्रदेश सभाका प्रमुख प्रतिपक्ष दलका सदस्य माननीय न्हुक्षे नारायण श्रेष्ठ चयन हुनुभएको छ। बागमती प्रदेश सभाको पाँचौं अधिवेशनको मिति २०७६ पुस २३ गतेको वैठकले केही सदस्यको हेरफेर गरेको छ।

१.३ सार्वजनिक लेखा समितिको कार्यक्षेत्र, काम,कर्तव्य र अधिकार

कार्यक्षेत्र

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन,
- बेरुजू फछ्र्यौट,
- प्रदेश सरकारको सार्वजनिक लेखा,

समितिको कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ।

काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली २०७४, को नियम १५१ मा व्यवस्था गरिए बमोजिम सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखा सँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।

- मन्त्रिपरिषद्का सदस्यले बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय–समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको सम्बन्धित ऐन, नियम प्रचलित कानून बमोजिम वनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान-प्रदान गर्न सक्नेछ।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।
- सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने।
- समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्। यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने।

- सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो उपसमितिले गर्ने काम र काम सम्पन्न हुनु पर्ने अवधि किटान गरिनु पर्नेछ।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

१.३ सार्वजनिक लेखा समिति सचिवालय

प्रदेश सभा नियमावली २०७४ (पहिलो संशोधन सहित) को नियम १६१ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ। सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने व्यवस्था छ। **सचिव वा समिति सचिवले सभामतिको अनुमति लिई बैठकको विचाराधीन विषयमा आफ्नो राय दिन सक्नेछ।** समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुर्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछन्। यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरु देहाय बमोजिम रहेका छन्।

क्र.सं.	नाम थर	पद	सम्पर्क नं
१	अम्बिक घिमिरे	समिति सचिव	९८५११०७७००
२	त्रिपुरारी बखेल	अधिकृत छैटौं	९८४१५९५२०६
३	उमेश सोती	क. अधिकृत छैटौं	९८५५०३४१३४
४	दामोदर प्र. घिमिरे	कार्यालय सहयोगी	९८४४२०५२७३
५	पार्वती श्रेष्ठ	कार्यालय सहयोगी	९८४३३६९४९१

प्रदेश सभा नियमावली, २०७४ (पहिलो संशोधन सहित) नियम १५१ को उपनियम (२) बमोजिम समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सु–व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने व्यवस्था अनुरुप **सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि, २०७५** को निर्माण गरिएको छ। प्रदेश सभाले दुई वर्ष व्यतित गरी सक्दा समितिले आफ्नो कार्यसम्पादनको पहिलो बार्षिक प्रतिवेदन २०७६ पेश गरिसकेको छ। प्रदेश सभा नियमावली १५१(५) बमोजिम समितिले बैठकमा पेश गर्नु पर्ने बार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै प्रस्तुत गर्नु पर्ने व्यवस्था भए बमोजिम सार्वजनिक लेखा समितिले आफ्नो दोस्रो वार्षिक प्रतिवेदन २०७७ सम्मानित सभामा पेश गरेको छ।

परिच्छेद-२

समितिको बैठकको निर्णय तथा निर्देशनहरु

२.१ समितिको निर्णयहरु (बैठक संख्या १८ देखि ४३ सम्म)

मितिः २०७६/२/१७
बैठक संख्याः १८
निर्णयहरु

१. बार्षिक प्रतिवेदन लेखन उपसमितिले पेश गरेको बार्षिक प्रतिवेदन उपर छलफल गरी माननीयहरुबाट प्राप्त सुझावहरु समावेश गरी तयार पारिएको समितिको बार्षिक प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

२. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाँड र चुहावटको सम्बन्धमा प्राप्त उजुरी र समस्याका बिषयमा आवश्यक अध्ययन तथा अनुगमन गरी समितिलाई प्रतिवेदन बुझाउनका लागि देहाय बमोजिमका सदस्यहरु रहने गरी एक अनुगमन उपसमितिको गठन गर्ने।

मा. रत्न प्रसाद ढकाल	-	संयोजक
मा. दिपक निरौला	-	सदस्य
मा. रमेश पौड्याल	-	सदस्य
मा. रिता माझी	-	सदस्य
मा. सन्त बहादुर प्रजा	-	सदस्य

उपसमितिको कार्यक्षेत्रः प्रदेश नं. ३ का १३ वटै जिल्लामा आवश्यकता अनुसार स्थलगत अध्ययन तथा अनुगमन गर्न सक्ने।उपसमितिको कार्यावधि उपसमितिको पहिलो बैठक बसेको मितिले ३० दिन।

मितिः२०७६/५/१०
बैठक संख्याः १९
<u>निर्णयहरु</u>

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाँड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिको म्याद २०७६ साल असोज मसान्त सम्म थप गर्ने।

२. महालेखा परीक्षकको बार्षिक प्रतिवेदन २०७५ प्रदेश नं.३ ले बेरुजू देखाएका आन्तरिक मामिला तथा कानून मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग बेरुजूको दफा सहितको विस्तृत बिवरण र फछ्र्यौट सम्बन्धमा हालसम्म भएको प्रगति ७ (सात) दिन भित्र यस समितिमा उपलव्ध गराउन निर्देशन दिने।

मितिः २०७६/०८/२४
बैठक संख्याः २०
<u>निर्णयहरु</u>

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाँड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिको म्याद मिति २०७६ पुस १५ गतेसम्म थप गर्ने निर्णय गरियो।

२. योंग इनोभेसन्स् प्रा.लि.ले पेश गरेको सार्वजनिक लेखा समितिसँगको प्राविधिक सहकार्य सम्बन्धी प्रस्तावको समितिले अध्ययन गर्ने र प्रस्तावको विस्तृत जानकारीको लागि प्रस्तुतीकरण गर्न समितिको आगामी बैठकमा सम्बन्धित प्रस्तावकलाई नै बोलाउने निर्णय गरियो।

३. प्रदेश नं. ३ को सार्वजनिक लेखा समितिको आयोजनामा सातै प्रदेशको सार्वजनिक लेखा समितिको कार्यशाला गोष्ठी सञ्चालन गर्ने तथा उक्त कार्यक्रमको मिति तथा स्थान समितिको आगामी बैठकमा तय गर्ने निर्णय गरियो ।

मितिः २०७६/०९/१७
बैठक संख्याः २१
<u>निर्णय</u>

१. प्रदेश सभा सार्वजनिक लेखा समिति, प्रदेश मन्त्रालय र महालेखापरीक्षकबीच आर्थिक अनुशासन, मितव्ययिता एवम् प्रभावकारिताका लागि कार्यसम्पादनको अवस्था, लेखापरीक्षण र बेरुजू फछ्र्यौट सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सफलताका साथ सम्पन्न भयो।

मितिः २०७६/०९/१७
बैठक संख्याः २२
<u>निर्णयहरु</u>

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिको म्याद मिति २०७६ पुस १५ गतेसम्म भएकोमा मिति २०७६ पुस १७ गते भित्र प्रतिवेदन पेश गर्ने गरी उपसमितिको म्याद मिति २०७६ पुस १७ गतेसम्म थप गर्ने निर्णय गरियो।

२. सार्वजनिक लेखा समितिको मिति २०७६।०८।२४ गतेको बैठकको निर्णयानुसार योङ्ग इनोभेसन्स प्रा.लि. ले पेश गरेको प्रस्ताव अनुसार समितिको मिति २०७६ पुस १८ गते दिनको १:०० बजे बस्ने बैठकमा सम्बन्धित प्रस्तावकलाई प्रस्तुतीकरण गर्न अनुमति दिने, र माननीय सभामुखको सहमति लिई सचिवालयसँग छलफल गरी सहकार्य गर्ने निर्णय गरियो।

मितिः २०७६/०९/१८
बैठक संख्याः २३
<u>निर्णय</u>

१. सार्वजनिक लेखा समिति र मन्त्रालयबीच चौमासिक प्रगति प्रतिवेदन सम्बन्धी छलफल तथा अन्तरक्रिया गर्ने प्रस्ताव बमोजिम भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, भौत्तिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयसँग चौमासिक प्रगति सम्बन्धी समीक्षा तथा छलफल सम्पन्न भयो।

मितिः २०७६/०९/२०
बैठक संख्याः २४
<u>निर्णय</u>

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो साथै उपसमितिले गरेको सिफारिस तथा सुझाव सम्बन्धमा आगामी बैठकमा छलफल गरी टुँग्याउँने गर्ने निर्णय गरियो।

मितिः २०७६/०९/२२
बैठक संख्याः २५
<u>निर्णयहरु</u>

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा छलफल गरियो साथै उक्त छलफलका क्रममा माननीय सदस्यहरुले उठाउनु भएका सुझाव समेतलाई समावेश गरी उपसमितिले पेश गरेको प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।

२. सार्वजनिक लेखा समितिको मिति २०७६।०८।२४ गतेको बैठकको निर्णयानुसार योङ्ग इनोभेसन्स प्रा.लि. ले पेश गरेको प्रस्ताव अनुसार समितिको मिति २०७६ पुस १८ गते दिनको १:०० बजे बसेको बैठकमा सम्बन्धित प्रस्तावकले प्रस्तुतीकरण गरिसकेको र माननीय सभामुखज्यूको समेत मौखिक सहमति प्राप्त भईसकेकोले सार्वजनिक लेखा समितिले योंङ्ग इनोभेसन्स प्रा.लि.सँग प्राविधिक सहकार्यका लागि सम्झौता गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

मितिः २०७६/०९/२६
बैठक संख्याः २६
<u>निर्णय</u>

१. प्रदेश सभाको मिति २०७६ पौष २६ गतेको बैठकले गरेको समिति सदस्यहरुको हेरफेर तथा थपघट सम्बन्धी निर्णय बमोजिम यस समितिबाट अर्थ तथा विकास समितिमा जानुभएका माननीय सन्त बहादुर प्रजा तथा शिक्षा स्वास्थ्य तथा कृषि समितिमा जानुभएका माननीय भिमसेन खत्रीलाई बिदाई तथा अर्थ तथा विकास समितिबाट यस समितिमा आउनुहुने माननीय प्रभात तामाङ्ग र माननीय पुकार महर्जनलाई स्वागत गरियो।

मितिः २०७६/१०/१३
बैठक संख्याः २७
निर्णय

१. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदन उपर थप छलफल गरियो साथै उपसमितिले गरेको सिफारिस तथा सुझाव सम्बन्धमा प्रदेश सभाका विषयगत समितिलाई सम्बन्धित परिमार्जित प्रतिवेदन र मूल प्रतिवेदनसहित आवश्यक सुझाव तथा जानकारीको लागि पत्राचार गर्ने निर्णय गरियो।

मितिः २०७६/१०/२९
बैठक संख्याः २८
निर्णयहरु

१. अन्तरप्रदेश व्यवस्थापकीय अध्ययन, अनुभव आदानप्रदान तथा अन्तर्क्रिया कार्यक्रम अन्तर्गत सार्वजनिक लेखा समितिले प्रदेश नम्बर १ र प्रदेश नम्बर २ मा विषयगत समिति तथा प्रदेश सभा सञ्चालन एवम् काम कारबाहीको प्रक्रिया, उक्त प्रदेश सभा र त्यहाँको सार्वजनिक लेखा समिति लगायत अन्य समितिहरुले गरेको प्रगतिबाट बागमती प्रदेश सभा र समितिले आगामी दिनमा गर्नुपर्ने विषयको थप जानकारी हासिल गर्न फलदायी हुने भएकोले माननीय सभामुखज्यूको समेत सहमति लिई मिति २०७६ चैत्र महिना भित्र प्रदेश नम्बर १ र २ को अध्ययन तथा अवलोकन भ्रमणमा जाने निर्णय गरियो। साथै सो को आवश्यक व्यवस्थापनको लागि प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने र आवश्यक प्रक्रिया समिति सचिवालयले पूरा गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

२. खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित अनुगमन उपसमितिको प्रतिवेदनले औंल्याएका मन्त्रालयसँग सम्बद्ध विषय उपर सम्बन्धित मन्त्रालयका सचिवलाई छलफलको लागि समितिमा बोलाउने निर्णय गरियो।साथै उक्त प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

मितिः २०७६/१२/०५

बैठक संख्याः २९

<u>निर्णयहरु</u>

१ महालेखापरीक्षकको बार्षिक प्रतिवेदन २०७५ को सम्बन्धमा सार्वजनिक लेखा समिति र सम्बन्धित मन्त्रालयबीच महालेखापरीक्षकका प्रतिनिधिको सहभागितामा हुने दफावार छलफल मिति २०७७ साल बैशाख महिनाको पहिलो साताभित्र गर्ने निर्णय गरियो।

२ सार्वजनिक लेखा समिति अन्तर्गत गठित खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाँड र चुहावट सम्बन्धी अध्ययन तथा अनुगमन उपसमितिले पेश गरेको प्रतिवेदनमा विषयगत समितिसंग सम्बन्धित विषय (सुझाव तथा सिफारिस) मा समितिको कार्यक्षेत्र बमोजिम सम्बन्धित मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल गरी आवश्यक जानकारी लिने निर्णय गरियो।

३ समितिको बार्षिक प्रतिवेदन तयारी र काम कर्तव्य र अधिकार क्षेत्र भित्रका विषय उपर अध्ययन, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक उपसमितिहरुको गठन समितिको आगामी बैठकमा गर्ने निर्णय गरियो।

बैठक संख्याः ३०

मितिः २०७६/१२/०५

<u>निर्णयहरु</u>

१ सार्वजनिक लेखा समितिको खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावट सम्बन्धी अध्ययन तथा अनुगमन सम्बन्धी प्रतिवेदन प्रदेश सभाको मिति २०७६ चैत्र ०६ गतेको बैठकमा पेश गर्ने निर्णय गरियो।

२ सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन २०७७ को तयारी सम्बन्धमा छलफल गर्दा मिति २०७७ साल बैशाख १५ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय सीता अधिकारीको संयोजकत्त्वमा तपसिल बमोजिमको पाँच सदस्य बार्षिक प्रतिवेदन मस्यौदा उपसमिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१ मा. सीता अधिकारी - संयोजक

२ मा. प्रभात तामाङ्ग - सदस्य

३ मा. मुनु सिग्देल - "

४ मा. रमेश पौड्याल - "

५ मा. रिता माझी - "

३ सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन २०७६ एवम् समितिले सम्बन्धित मन्त्रालय र मातहतका निकायहरुलाई विभिन्न समयमा दिएको निर्देशन तथा पेश गरेको प्रतिवेदनको कार्यान्वयनको अवस्था बारे अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी मिति २०७७ साल बैशाख ७ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय बेलीमैया घलेको संयोजकत्त्वमा तपसिल बमोजिमको पाँच सदस्य प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१	मा. बेलीमैया घले	- संयोजक
२	मा. दीपक निरौला	- सदस्य
३	मा. पुकार महर्जन	- "
४	मा. रत्नप्रसाद ढकाल	- "
५	मा. विनोद कुमार खड्का	- "

४ समितिको काम, कर्तव्य र अधिकार क्षेत्रसँग सम्बन्धित रही प्रदेश मन्त्रालय र मातहतका निकायहरुले गरेका काम कारबाहीको सम्बन्धमा अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी मिति २०७७ साल बैशाख ७ गते भित्र समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी माननीय जीवन डंगोलको संयोजकत्त्वमा तपसिल बमोजिमको पाँच सदस्य प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

१	मा. जीवन डंगोल	- संयोजक
२	मा. ओम बहादुर ग्लान	- सदस्य
३	मा. गणेश दुलाल	- "
४	मा. जीवन खड्का	- "
५	मा. देवकी श्रेष्ठ	- "

मितिः २०७६/१२/०६
बैठक संख्याः ३१

<u>निर्णय</u>

१ सार्वजनिक लेखा समितिको खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावट सम्बन्धी अध्ययन तथा अनुगमन प्रतिवेदनको विषयगत समितिसंग सम्बन्धित विषय (सुझाव तथा सिफारिस) मा समितिको कार्यक्षेत्र बमोजिम सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवसँग छलफल गरी आवश्यक जानकारी लिने भनी भएको मिति २०७६ चैत्र ५ गतेको निर्णयानुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयसँगको छलफल सम्पन्न भयो। उक्त छलफलमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कैलाश प्रसाद ढुङ्गेलले राजस्व संकलनमा प्रभावकारी अनुगमन गरी ठोस नीति ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो र मन्त्रालयका सचिव श्री डा. मुकुन्द प्रसाद पौडेलले राजस्व संकलन प्रयोजनार्थ प्रदेश लेखा नियन्त्रण कार्यालय र सम्बन्धी कोष तथा लेखा नियन्त्रण कार्यालयसँग पत्राचार भईसकेको, आगामी वर्ष राजस्व प्रक्षेपण वैज्ञानिक रुपमा गर्ने र समितिको सुझाव प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त भएकोले सोही बमोजिम गर्ने निर्णय गरियो।

२ आन्तरिक मामिला तथा कानून मन्त्रालयसँग भएको छलफल अनुसार माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री शालिकराम जम्कट्टेलले उद्योग दर्ता गर्ने प्रक्रिया एंव मापदण्ड हालको अवस्थामा अव्यवहारिक भएकोले आवश्यक सहजीकरण गर्ने र अनुगमनका लागि प्रदेश सञ्जाल नभएको र संघीय सरकारका निकायलाई निर्देशन गर्न नसकिएकोले समितिले दिएको सुझाव बमोजिम प्रदेशले नै आवश्यक व्यवस्थापन गर्ने निर्णय भयो।

३ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग भएको छलफल अनुसार माननीय उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री श्री अरुण प्रसाद नेपालले समितिले गहन ढङ्गबाट अध्ययन गरी प्रतिवेदन पेश गरेकोले यसलाई कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न नीतिगत सुधार गर्न र प्रयोग विहीन डाँडाकाँडालाई समेत प्रयोगमा ल्याउन आवश्यक ऐन, कानून, कार्यविधि र मापदण्डको निर्माण गरी उत्खनन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएकोले सोही बमोजिम गर्ने साथै खानी उत्खननमासंघ सँग अधिकार क्षेत्र सम्बन्धी अस्पष्टता रहेको र ठूला आयोजनाले नदी तथा खनिजन्य पदार्थको अवैध उत्खनन गरेकोले उक्त विषयमा प्रदेश सरकारले संघीय सरकारसँग समन्वय गरी क्षेत्राधिकारको सम्बन्धमा

स्पष्टता निर्धारण गर्ने र ठूला आयोजनाले गर्ने उत्खननलाई समेत कानूनी दायरामा ल्याउने व्यवस्था मिलाउने निर्णय गरियो।

मितिः २०७७/०१/१०
बैठक संख्याः ३२
निर्णयहरु

१ सार्वजनिक लेखा समितिको मिति २०७६/१२/०५ गते बैठकले मिति २०७७/०१/१५ गते भित्र प्रतिवेदन पेश गर्ने गरी "बार्षिक प्रतिवेदन मस्यौदा उपसमिति" र मिति २०७७/०१/०७ गते भित्र प्रतिवेदन पेश गर्ने गरी "प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति" र "प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति" गठन गरिएकोमा कोरोना भाइरस (COVID-19) को विश्वव्यापि महामारीको कारण देश नै बन्दाबन्दीको अवस्थामा गएकोले तोकिएको समय-सीमा भित्र उपसमितिले कुनै काम गर्न नसकेका कारण तीन वटै उपसमितिको म्याद एक महिनाको लागि थप गर्ने निर्णय गरियो।

२ विश्वव्यापि महामारीको रुपमा फैलिएको कोरोना भाइरस अर्थात् COVID-19 को रोकथाम तथा नियन्त्रणका लागि प्रदेश सरकारले चालेको कदम, भावी कार्यदिशा तथा सो को लागि स्थापित कोषको परिचालन, मितव्ययिता र पारदर्शिताका सन्दर्भमा भएको व्यापक छलफल पश्चात् प्रदेश सरकारलाई तत्काल देहाय बमोजिम कदम चाल्न निर्देशन दिने निर्णय गरियो।

(बैठक संख्या ३३ देखि ४१ सम्मका निर्णयहरु महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको सम्बन्धमा भएकोले उक्त निर्णयलाई परिच्छेद ४ मा उल्लेख गरिएको छ)

मितिः २०७७/०२/१२
बैठक संख्याः ४२
निर्णयहरु

१. मिति २०७६/१०/२९ गते बसेको बैठकले अन्तरप्रदेश व्यवस्थापकिय अध्ययन, अनुभव आदानप्रदान तथा अन्तरक्रिया कार्यक्रम अन्तरगत सार्वजनिक लेखा समितिले प्रदेश नं. १ र २ मा भ्रमण गर्ने निर्णय गरिएकोमा हाल कोभिड १९ कोरोना रोगको विश्वव्यापी महामारीको कारण उक्त भ्रमण यस आ.व. मा गर्न नसकिने भएकोले उक्त कार्यक्रम स्थगन गर्ने निर्णय गरियो ।

२. मन्त्रालयहरुले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फाटोकपी मेशीन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा आवश्यक अध्ययन गर्न एक उपसमिति गठन गरिएको छ । सो सम्बन्धमा उपसमितिको प्रतिवेदनलाई आधार मानेर समितिले निर्णय गरे बमोजिम हुनेगरी निर्णय गरियो।

<u>तपसिल</u>

मा. प्रभात तामाङ्ग —संयोजक
मा. ओमबहादुर ग्लान —सदस्य
मा. मुनु सिग्देल — सदस्य
मा. रमेश पौड्याल —सदस्य
मा. रिता माझी — सदस्य

३. मिति २०७६/१२/०५ गते बसेको बैठकले विभिन्न उपसमिति गठन गरिएकोमा उक्त समितिहरुको म्याद समाप्त भएकोले उपसमितिहरुको म्याद एक महिना थप गर्ने निर्णय गरियो।

मितिः २०७७/०२/१४

बैठक संख्याः ४३

<u>निर्णयहरु</u>

१. प्रदेश सभा नियमावली २०७४ (पहिलो संशोधन सहित) को नियम १५१(५) बमोजिम समितिले पेश गर्नु पर्ने वार्षिक प्रतिवेदन सम्बन्धी छलफल भए अनुसार सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०७७ लाई प्रदेश सभाको आज मिति २०७७/०२/१४ गतेको बैठकमा पेश गर्ने निर्णय गरियो।

२.१ समितिले दिएको निर्देशन

क. <u>प्रदेश सरकारलाई दिएको निर्देशन</u>

१ कतिपय जिल्लाका स्वास्थ्य इलाकामा PPE, मास्क, पञ्जा तथा औषधी लगायतका स्वास्थ्य सामाग्रीको अभाव रहेको र केहीले आफैं खरिद गरी ल्याएकोमा त्यसले पनि अपुग भएकोले आवश्यक स्वास्थ्य सामाग्री तत्काल उपलब्ध गराउने।

२ सबै ठाउँमा निश्चित मापदण्ड पूरा गरी एकद्धार प्रणालीबाट राहत वितरण कार्य नभएको र कतिपय स्थानमा लक्षित वर्गले राहत नपाएको भन्ने जनगुनासो आएकोले सो को प्रभावकारी अनुगमन गरी निश्चित मापदण्डका आधारमा लक्षित वर्गले राहत प्राप्त गर्ने व्यवस्था मिलाउने।

३ विभिन्न स्थानमा अझै पनि कतिपय मजदुर तथा सर्वसाधारण नागरिकहरु अलपत्र परेको समाचार बारम्बार प्रकाशन भएकोले प्रदेश सरकारले संघीय सरकार र स्थानीय तहसँग समन्वय एवम् परामर्श गरी उनीहरुलाई गन्तव्यसम्म पुग्ने व्यवस्था मिलाउने।

४ बन्दाबन्दीको समयमा डिपार्टमेन्टल स्टोर तथा केही किराना पसल र औषधी पसलहरुले म्याद गुज्रेका र चर्को मूल्यमा दैनिक उपभोग्य वस्तु लगायत स्वास्थ्य सामाग्री बिक्रि-वितरण गरेको जनगुनासो आएकोले सो को प्रभावकारी अनुगमन गरी कारवाहीको दायरामा ल्याउने।

५ COVID-19 को कारण देशका सबै क्षेत्र ठप्प भएको हुँदा कुनै पनि उत्पादनका कार्य नभएकोले प्रदेश सरकारले खाद्य संकटको जोखिम निम्तिन सक्ने अवस्थालाई मध्यनजर गर्दै कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कृषकलाई मल, बीउ-विजन, प्रविधि उपलब्ध गराउने लगायत ठूला कृषि परियोजनाका कार्यक्रम तत्काल अगाडि बढाउने।

६ आवश्यक सुरक्षा सामाग्रीको प्रयोग र सामाजिक दूरी कायम गर्दै विकास निर्माणको कार्यलाई अगाडि बढाउने।

७ कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा हालसम्म के कति रकम जम्मा भयो र सो कोषबाट भएको खर्चको यथार्थ जानकारी समितिलाई उपलब्ध गराउने।

८ प्रदेश मन्त्रालय, सचिवालय, विभाग, आयोग तथा अन्य निकायमा भएको तत्काल खर्च गर्न नसकिने र खर्च गर्न आवश्यक नभएको विभिन्न कार्यक्रम खर्चको बजेट र सांसद पूर्वाधार विकास कार्यक्रमको सम्झौता हुन बाँकी रकम कोरोना भाइरस (COVID-19) रोकथाम तथा नियन्त्रण सम्बन्धी प्रदेश राहत कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने।

ख. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई दिएको निर्देशन

१ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे लगायतको प्रभावित क्षेत्र भित्र उत्खनन र विक्री वितरणको निम्ति प्रदेश सरकारले स्थानीय तह जिल्ला र सम्बन्धित कार्यालय सँग समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने,

२ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे क्षेत्रहरूको नियम, कानुन पुरानो र व्यवहारिक नभएकाले संशोधनको निमित्त सङ्घीय सरकारसँग समन्वय गरी व्यवहारिक कानुनी व्यवस्था गर्न पहल गर्नुपर्ने,

३ प्रत्येक स्थानीय तहले आफूले उत्खनन र बिक्री गर्नका लागि टेन्डर प्रक्रिया र तोकिए अनुसार भए नभएको प्रतिवेदन तयार गरी जिल्ला समन्वय र प्रदेशमा रिपोर्ट बुझाउनुपर्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयनमा ल्याउनु पर्ने,

४ वन सम्बन्धी नियम कानुन उद्योग मैत्री तथा व्यवहारिक बनाउनु पर्ने,

५ उद्योग मैत्री वातावरण सृजना गर्न क्रसर उद्योग, वाशिङ सेन्टर, खानी लगायतको व्यवसायसँग सम्बन्धित विषयमा स्थानीय तह र प्रदेश सरकारले औद्योगिक क्षेत्र तोकी दिनुपर्ने,

६ क्रसर उद्योग, खानी तथा वाशिङ सेन्टरको नवीकरण गर्न मापदण्ड पुगे नपुगेको अनुगमन गरी तत्काल नवीकरण गर्नु पर्ने,

७ नवीकरण गर्दा शत प्रतिशत मापदण्ड बाहिर रहेकाहरूलाई बन्द गर्नु पर्ने,

८ दर्ता गर्दा एक स्थान तथा सञ्चालन अर्कै स्थानमा रहेका उद्योगहरूलाई बन्द गर्नु पर्ने,

९ दर्ता प्रक्रिया पुरा गरेका तर मापदण्ड पुर्णरुपले पुरा गर्न नसकेकाका हकमा स्थानान्तरणको निम्ति निश्चित समयावधि तोकी मापदण्ड पुरा गर्ने व्यवस्था मिलाउन स्थानीय तहले पहल गर्नु पर्ने,

१० खानी तथा स्रोतहरूको सुनिश्चितता विना क्रसर उद्योग सञ्चालन गर्न दिनु हुँदैन, नदी तथा खोलामा सञ्चालित उद्योगहरूले टेन्डर विना ढुङ्गा गिट्टी, बालुवा चोरी निकासी गरिरहेकाले प्राकृतिक स्रोत तथा साधनहरूको दोहन रोक्न प्रभावकारी अनुगमन गर्नुपर्ने,

११ नदी तथा खोला किनारामा उद्योग सञ्चालन गर्दा किनाराका (दहत्तर बहत्तर) ढुङ्गा गिट्टी बालुवाको दुरुपयोग मात्र होइन प्राकृतिक र वातावरणीय सन्तुलन समेत बिग्रिएकोले अनुगमन तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनु पर्ने,

१२ खोला तथा नदीको पानी क्रसर तथा वाशिङ सेन्टरका कारण १२ महिना नै पुरै धमिलिने गरेको, जसले गर्दा खानेपानीमा ठुलो समस्या परेको साथै सिँचाई गर्न नमिल्ने गरी पानी प्रदूषित भएको, जलचर लगायतलाई असर परेकोले यसको नियन्त्रणमा कडाइ गर्नुपर्ने,

१३ नदी किनारामा बनेका स्थानीय तथा राष्ट्रिय राजमार्ग नदी जत्तिकै प्रभावित रहेको, जसले लाखौं यात्रीहरूको स्वास्थ्यमा प्रत्यक्ष असर परेकोले त्यस्ता जोखिम बढाउने गरी सञ्चालनमा रहेका खानी तथा उद्योगहरू नियन्त्रण गरिनु पर्ने,

१४ राष्ट्रिय गौरवका आयोजनाहरूको नाममा सञ्चालित क्रसर, बालुवा उद्योग तथा खानीहरू आयोजना सम्पन्न भइसकेपछि पनि सञ्चालित रहने गरेकाले आयोजना सम्पन्न भएपश्चात् अनिवार्य बन्द गरिनु पर्ने,

१५ क्रसर एवं बालुवा प्रशोधन केन्द्र सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको संलग्नता तथा शेयर सहभागिता रहेका कारण ती उद्योगहरूले प्रचलित मापदण्ड लागू गर्न अटेर गरेको भन्ने जन गुनासो व्यापक ढङ्गले आएको सन्दर्भमा यथार्थ स्थिति के, कसो हो सो को बारेमा प्रदेश सरकारले सम्बन्धित उद्योगहरूको सञ्चालक वा प्रत्यक्ष, अप्रत्यक्ष संरक्षणमा रहेका व्यक्तिहरूको बारेमा अध्ययन गरी सत्य तथ्य बाहिर ल्याउनु पर्ने,

१६ नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खनन जथाभाबी गरिदा मापदण्ड विपरीत बस्ती, सडक, नदीनाला लगायतका क्षेत्रमा प्रदूषण बढी वातावरणीय सन्तुलन बिग्रेकोले उक्त कार्य नियन्त्रण तथा बन्द गरिनु पर्ने,

१७ नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खननबाट जलचर विनाश भइरहेकोले जलचर संरक्षण तथा प्रवर्धनका लागि नियन्त्रणका उपायहरू खोजिनु पर्ने,

१८ कार्यविधिमा व्यवस्था गरिए बमोजिम EIA र IEE प्रतिवेदन बनाएर स्वीकृत भइसके पछि अन्य मापदण्ड तोकी रहनु नपर्ने,

१९ EIA र IEE गर्न विज्ञहरूको कार्यविधि निर्माण गरी मापदण्ड बनाई रोष्टर तयार गर्ने तथा विज्ञ सम्मिलित कन्सल्टेन्सीको सुचीकृत गर्ने व्यवस्था गरिनु पर्ने,

२० EIA र IEE प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि एक विज्ञ टोली बनाइनुपर्ने,

२१ वन सम्बन्धी नियम कानुन उद्योग मैत्री तथा व्यवहारिक बनाउनु पर्ने,

२२ स्थानीय सरकार तथा सम्बन्धित निकायले उत्खनन गरेर भण्डारण गर्ने, त्यसपछि मौज्दात प्रमाणीकरण मूल्याङ्कन गरी टेन्डर मार्फत बिक्री वितरण प्रक्रिया गर्नुपर्ने साथै मौज्दात प्रमाणीकरण गर्ने अधिकार जिल्ला समन्वय समितिलाई दिनुपर्ने,

२३ नदी तथा खोलामा सञ्चालित उद्योगहरूले टेन्डर विना ढुङ्गा गिट्टी, बालुवा चोरी निकासी गरिरहेकाले प्राकृतिक स्रोत तथा साधनहरूको दोहन रोक्न प्रभावकारी अनुगमन गर्नुपर्ने,

२४ .जरिवाना गरिएको रकम कहाँ जम्मा गर्ने स्पष्ट नभएकाले स्पष्ट पारिनु पर्ने,

२५ कारबाही तथा जरिवाना सम्बन्धी अधिकार जिल्ला समन्वय समितिलाई दिइनुपर्ने,

,

१. कार्यविधि तथा मापदण्ड सम्वन्धमाः

१. कार्यविधि तथा मापदण्ड व्यवहारिक नभएकोले कार्यान्वयन गर्न कठिनाइ देखिएकाले यस्ता कार्यविधिहरू भूगोल तथा अन्य अवस्था समेत हेरी समयानुकूल परिमार्जन गर्नुपर्ने,

२. अध्ययनका क्रममा IEE तथा EIA प्रतिवेदनहरूको गुणस्तर अत्यन्तै कमजोर देखिएकाले विज्ञहरूको सुची निर्माण गरी सुचीकृत विज्ञहरुमात्रले यस्ता अध्ययन गर्न पाउने व्यवस्था गर्ने, यसरी IEE र EIA गर्ने व्यवस्था भइसके पश्चात् मापदण्ड तोकिरहनु नपर्ने,

३. कार्यविधिको शीर्षक नदी तथा खनिज जन्य पदार्थ (सङ्कलन र उपयोग) कार्यविधि राख्नु पर्ने तथा प्रस्तावना र परिभाषामा खानी समेत उल्लेख गरी परिभाषित गर्नु पर्ने,

४. नदी तथा खानी जन्य पदार्थ सम्बन्धी उपयोग-उत्खनन र विक्री गर्ने कार्यविधि तथा कानुनी व्यवस्था जिल्ला समन्वय समिति र स्थानीय तह सम्म अनिवार्य पुऱ्याउनुपर्ने,

५. कार्यविधि र मापदण्ड वारे सम्बन्धित मन्त्रालयले जिल्ला समन्वय समिति र स्थानीय तहलाई अभिमुखीकरण, अन्तर्क्रिया, तालिम मार्फत जानकारी दिनुपर्ने,

२. क्रसर उद्योग तथा वासिङ्ग सेन्टर सम्वन्धमाः

१. दर्ता प्रक्रिया बेगर सञ्चालनमा रहेका खानी, क्रसर तथा वासिङ्ग सेन्टरहरू प्रदेश स्तरीय अधिकार सम्पन्न अनुगमन समिति बनाई प्रभावकारी अनुगमन गरी अनुमति बेगर सञ्चालित उद्योगहरूलाई बन्द गर्ने,

२. दर्ता प्रक्रिया पुरा गरेका तथा केही मापदण्ड पुरा गर्न नसकेकाहरूको हकमा निश्चित समयावधि दिई स्थानान्तरण समेत गरी मापदण्ड पुरा गर्न निर्देशन दिने साथै सार्वजनिक जग्गा तथा नदीनाला किनारका खानी, क्रसर तथा वासिंग सेन्टरहरूले प्राकृतिक श्रोत र साधनहरूको दोहन गरिरहेकाले त्यसको तत्काल नियन्त्रण गर्नुपर्ने,

३. क्रसर उद्योग तथा वासिङ्ग सेन्टरहरूले आफ्नो खानी देखाए पछि मात्र सञ्चालन अनुमति दिनुपर्ने,

४. क्रसर उद्योग तथा वासिङ्ग सेन्टरहरूको २०७२ साल देखि नै नवीकरण नभएको हुँदा अवैध उद्योगहरूबाट राजश्व असुल गर्नु वैधानिक नहुने हुँदा मापदण्ड पुरा गरेका उद्योगहरूलाई अविलम्ब नवीकरण गराउन प्रदेश सरकारलाई निर्देशन दिने,

५. खानी सञ्चालन गर्दा IEE र EIA प्रतिवेदनको गहन अध्ययन एवं सुझाइएका विषयहरूको परिपालनाको सुनिश्चितता पश्चात् स्वीकृत गर्ने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

६. नदी नालाको किनारा तथा राष्ट्रिय राजमार्ग आसपास क्रसर उद्योग, खानी तथा बालुवा प्रशोधन केन्द्र सञ्चालन अनुमति नदिन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

३. राजश्व सम्वन्धमाः

१. जिल्ला अनुगमन समितिलाई अनुगमन व्यवस्थापन गर्न निश्चित प्रतिशत राजश्व छुट्ट्याउने तथा त्यस कार्यमा संलग्न हुने सुरक्षाकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने,

२. कतिपय जिल्लाहरूले नदी किनारका स्थानीयहरूको आर्थिक उपार्जनका लागि वर्षायाममा पनि जोखिमपूर्ण तरिकाबाट बालुवा तथा रोडा सङ्कलन गर्ने अनुमति दिएकाले मानवीय क्षति बढिरहेको हुँदा यसको रोकथामका लागि चेक ड्याम लगायतका विधिहरू अपनाई सुरक्षित तवरबाट मात्र सङ्कलनको अनुमति दिनका लागि सम्बन्धित जिल्लाहरूलाई निर्देशन दिने

३. प्राकृतिक श्रोत र साधनहरूको बिक्री वितरण गर्दा गुणस्तर तथा भूगोलका आधारमा वर्गीकरणका गरी वैज्ञानिक दररेट निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने,

ग. आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई दिएको निर्देशन

१ तोकिएको मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गर्न तथा अन्तर जिल्लागत तथा अन्तर स्थानीय तहगत सिमाना लगायत विवाद हल गर्न प्रदेशले एक प्राविधिक टोलीको व्यवस्था गर्नु पर्ने,

२ नदी तथा खोला किनारामा उद्योग सञ्चालन गर्दा किनाराका (दहत्तर बहत्तर) ढुङ्गा गिट्टी बालुवाको दुरुपयोग मात्र होइन प्राकृतिक र वातावरणीय सन्तुलन समेत बिग्रिएकोले अनुगमन तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनु पर्ने,

३ राष्ट्रिय गौरवको आयोजनाको नाममा सञ्चालित योजनाहरू सम्पन्न गर्न ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन गर्न कुनै पनि तहको अनुमति समेत नलिई काम गरी रहेकाले अनुमति लिने र प्रदेशले तोकेको राजश्व बुझाउने र उठाउन स्थानीय तहलाई निर्देशन दिनु पर्ने,

४ तोकिएको मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गर्न तथा अन्तर जिल्लागत तथा अन्तर स्थानीय तहगत सिमाना लगायत विवाद हल गर्न प्रदेशले एक प्राविधिक टोलीको व्यवस्था गर्नु पर्ने,

५ ढुङ्गा, गिट्टी, बालुवा बोक्ने सवारी साधनहरू सडकको क्षमता भन्दा ठुला गाडी नियम विपरीत सञ्चालन गर्दा बाटोमा खाल्डा पर्ने तथा सडक बिग्रिने गरेको पाइएकोले मापदण्ड भन्दा बढी भार वाहक सवारीको व्यवस्थापनमा कडाइ गर्नुपर्ने,

६ .जरिवाना गरिएको रकम कहाँ जम्मा गर्ने स्पष्ट नभएकाले स्पष्ट पारिनु पर्ने,

७ कारबाही तथा जरिवाना सम्बन्धी अधिकार जिल्ला समन्वय समितिलाई दिइनुपर्ने,

८ क्रसर एवं बालुवा प्रशोधन केन्द्र सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको संलग्नता तथा शेयर सहभागिता रहेका कारण ती उद्योगहरूले प्रचलित मापदण्ड लागू गर्न अटेर गरेको भन्ने जन गुनासो व्यापक ढङ्गले आएको सन्दर्भमा यथार्थ स्थिति के, कसो हो सो को बारेमा प्रदेश सरकारले सम्बन्धित उद्योगहरूको सञ्चालक वा प्रत्यक्ष, अप्रत्यक्ष संरक्षणमा रहेका व्यक्तिहरूको बारेमा अध्ययन गरी सत्य तथ्य बाहिर ल्याउनु पर्ने,

१. कार्यविधि तथा मापदण्ड सम्वन्धमाः

१ कार्यविधि तथा मापदण्ड व्यवहारिक नभएकोले कार्यान्वयन गर्न कठिनाइ देखिएकाले यस्ता कार्यविधिहरू भूगोल तथा अन्य अवस्था समेत हेरी समयानुकूल परिमार्जन गर्नुपर्ने,

२ अन्यथा विद्यमान कार्यविधि परिमार्जन गरी नयाँ मापदण्ड निर्धारण गर्न जिल्ला र स्थानीय तहलाई मध्यनजर गरी भूगोल अनुसार बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

३ कार्यविधि तथा मापदण्ड समयानुकूल, वैज्ञानिक तथा व्यवहारिक बनाउन प्रदेश सरकारलाई सङ्घीय सरकारसँग समन्वय गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

४ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५) ले संविधानमा निर्दिष्ट गरेको साझा अधिकारको सुची भित्र रहेको हकको गम्भीर उल्लङ्घन हुने भएकाले सो प्रावधान हटाउन सङ्घीय सरकारसँग समन्वय गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने,

५ समग्र वातावरणीय प्रभावलाई मध्यनजर गर्दै प्राकृतिक श्रोत र साधनहरूको उत्खनन, सङ्कलन र विक्रिवितरण गर्न गराउन सम्बन्धित सबैलाई निर्देशन दिने,

६ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा चुरेको ऐन नियम व्यवहारिक नभएको हुँदा समयानुकूल परिमार्जनका लागि सङ्घीय सरकारसँग समन्वय गरी संशोधनका लागि पहल गर्न प्रदेश सरकारलाई निर्देशन दिने,

२. क्रसर उद्योग तथा वासिङ्ग सेन्टर सम्वन्धमाः

१. राष्ट्रिय गौरवकाआयोजनाको नाममा संचालितखानि क्रसर उद्योग तथा वासिंग सेन्टरहरु आयोजना सम्पन्न भए पस्चात पनि संचालनमा रहेकाहरुलाई बन्ध गर्न निर्देशन दिने।

२. नदीनालाको किनारा तथा राष्ट्रिय राजमार्ग आसपास क्रसर उद्योग, खानी तथा बालुवा प्रशोधन केन्द्र सञ्चालन अनुमति नदिन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

३. राजश्व सम्वन्धमाः

१. जिल्ला अनुगमन समितिलाई अनुगमन व्यवस्थापन गर्न निश्चित प्रतिशत राजश्व छुट्ट्याउने तथा त्यस कार्यमा संलग्न हुने सुरक्षाकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने,

२. उत्खनन तथा सङ्कलनका लागि छुट्टै कार्यविधि बनाउने तथा सङ्कलित मौज्दातको प्रमाणीकरण गरी त्यसको बिक्री वितरणका लागि छुट्टै ठेक्का लगाउने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशनदिने,

३. खानि तथा क्रसर उद्योगहरू कहिले खोल्ने र कहिले बन्द गर्ने प्रक्रियाले राजश्व उठाउन समस्या रहेको,

४. कतिपय जिल्लाहरूले नदी किनारका स्थानीयहरूको आर्थिक उपार्जनका लागि वर्षायाममा पनि जोखिमपूर्ण तरिकाबाट बालुवा तथा रोडा सङ्कलन गर्ने अनुमति दिएकाले मानवीय क्षति बढिरहेको हुँदा यसको रोकथामका लागि चेक ड्याम लगायतका विधिहरू अपनाई सुरक्षित तवरबाट मात्र सङ्कलनको अनुमति दिनका लागि सम्बन्धित जिल्लाहरूलाई निर्देशन दिने,

५. उत्खनन गरी सङ्कलन भएका वस्तुहरूको मौज्दात (स्टक) प्रमाणीकरणको व्यवस्था विद्यमान कार्यविधिमा उल्लेख नभएकोले चोरी निकासी हुने तथा मौज्दात रहि रहँदा बिक्री वितरण नभई राजश्व सङ्कलनमा प्रभाव परेकोले कार्यविधिमा मौज्दात प्रमाणीकरणको व्यवस्था गरी बिक्री वितरण गर्न अनुमति दिन निर्देशन दिने,

६. राष्ट्रिय गौरवका आयोजनाहरूले नदीजन्य पदार्थहरूको उत्खनन र उपयोग गर्दा सम्बन्धित निकायसँग समन्वय नगरेको पाइएकाले त्यस्तो प्रयोजनको लागि उपयोग गर्दा स्थानीय निकायमा समन्वय गरी तोकिएको राजश्व अनिवार्य लिने व्यवस्थाका गर्नका लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

७. चोरी निकासी तथा राजश्व छली गर्नेलाई कारबाही गर्ने व्यवस्थामा रहेको प्रचलित कानुन बमोजिम भन्ने विषयलाई स्पष्ट रूपमा कार्यविधिमा राखिनु पर्ने साथै जरिवाना रकम कहाँ जम्मा गर्ने स्पष्ट खुलाउनु पर्ने,

घ. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई दिएको निर्देशन

१. खोला तथा नदीको पानी क्रसर तथा वाशिङ सेन्टरका कारण १२ महिना नै पुरै धमिलिने गरेको, जसले गर्दा खानेपानीमा ठुलो समस्या परेको साथै सिँचाई गर्न नमिल्ने गरी पानी प्रदूषित भएको, जलचर लगायतलाई असर परेकोले यसको नियन्त्रणमा कडाइ गर्नुपर्ने,

२. बालुवा प्रशोधनबाट निस्किएको धुलो जन्य विकार/वस्तु मानव स्वास्थ्यका लागि निकै हानिकारक हुने हुँदा मानव स्वास्थ्यमा असर परेको तथा त्यसकै कारण खेतियोग्य जमिनमा समेत नकारात्मक प्रभाव पारेकोले सोको व्यवस्थापन गर्न कडाइका साथ निर्देशन दिनु पर्ने,

३. नदी किनारामा बनेका स्थानीय तथा राष्ट्रिय राजमार्ग नदी जत्तिकै प्रभावित रहेको, जसले लाखौं यात्रीहरूको स्वास्थ्यमा प्रत्यक्ष असर परेकोले त्यस्ता जोखिम बढाउने गरी सञ्चालनमा रहेका खानी तथा उद्योगहरू नियन्त्रण गरिनु पर्ने,

४. नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खनन जथाभाबी गरिदा मापदण्ड विपरीत बस्ती, सडक, नदीनाला लगायतका क्षेत्रमा प्रदूषण बढी वातावरणीय सन्तुलन बिग्रेकोले उक्त कार्य नियन्त्रण तथा बन्द गरिनु पर्ने,

५. नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खननबाट जलचर विनाश भइरहेकोले जलचर संरक्षण तथा प्रवर्धनका लागि नियन्त्रणका उपायहरू खोजिनु पर्ने,

६. क्रसर तथा खानी उद्योगहरु सञ्चालन गर्दा जलचरहरु लोप हुन गई जलचरमा आश्रित समुदायको आय आर्जन र रोजीरोटी संकटमा पर्ने भएकोले उचित व्यवस्था गर्नु पर्ने,

७. दर्ता प्रक्रिया पुरा गरेका तथा केही मापदण्ड पुरा गर्न नसकेकाहरूको हकमा निश्चित समयावधि दिई स्थानान्तरण समेत गरी मापदण्ड पुरा गर्न निर्देशन दिने साथै सार्वजनिक जग्गा तथा नदीनाला किनारका खानी, क्रसर तथा वासिंग सेन्टरहरूले प्राकृतिक श्रोत र साधनहरूको दोहन गरिरहेकाले त्यसको तत्काल नियन्त्रण गर्नुपर्ने,

८. जथाभाबी उत्खनन गर्दा नदीको धार परिवर्तन गरी खेतीयोग्य जमिन मासिने तथा राजमार्ग तथा पुल पुलेसाहरू जोखिममा परिरहेकाले यस्ता कार्य रोक्न निर्देशन दिने,

९. क्रसर तथा खानी उद्योगहरु सञ्चालन गर्दा जलचरहरु लोप हुन गई जलचरमा आश्रित समुदायको आय आर्जन र रोजीरोटी संकटमा पर्ने भएकोले उचित व्यवस्था गर्नु पर्ने,

ङ. आर्थिक मामिला तथा योजना मन्त्रालयलाई दिएको निर्देशन

१. जिल्ला अनुगमन समितिलाई अनुगमनका लागि बजेट खर्च व्यवस्था गरिनु पर्ने साथै अनुगमनका लागि प्राविधिकको व्यवस्था गरिनुपर्ने,

२. .प्राकृतिक श्रोत र साधनको दोहन रोक्न प्रहरी प्रशासनलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्नु पर्ने,

३. .ढुङ्गा, गिट्टी, बालुवा बोक्ने सवारी साधनहरू सडकको क्षमता भन्दा ठुला गाडी नियम विपरीत सञ्चालन गर्दा बाटोमा खाल्डा पर्ने तथा सडक बिग्रिने गरेको पाइएकोले मापदण्ड भन्दा बढी भार वाहक सवारीको व्यवस्थापनमा कडाइ गर्नुपर्ने,

४. राष्ट्रिय गौरवका आयोजनाहरूको नाममा सञ्चालित क्रसर, बालुवा उद्योग तथा खानीहरू आयोजना सम्पन्न भइसकेपछि पनि सञ्चालित रहने गरेकाले आयोजना सम्पन्न भएपश्चात् अनिवार्य बन्द गरिनु पर्ने,

५. राष्ट्रिय गौरवको आयोजनाको नाममा सञ्चालित योजनाहरू सम्पन्न गर्न ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन गर्न कुनै पनि तहको अनुमति समेत नलिई काम गरी रहेकाले अनुमति लिने र प्रदेशले तोकेको राजश्व बुझाउने र उठाउन स्थानीय तहलाई निर्देशन दिनु पर्ने,

६. खानीहरूको रोयल्टी वर्षौं अगाडी देखिको मूल्यमा उत्खनन र बिक्री भइरहेकोले समय सापेक्ष दररेट परिमार्जन गरिनु पर्ने,

७. खानीहरूको रोयल्टी बापत प्राप्त हुने राजश्व प्रभावित क्षेत्रका स्थानीय तह र प्रदेश सरकारलाई समेत व्यवस्था गरिनुपर्ने,

८. टेन्डर प्रक्रियामा ठेकेदार वा स्थानीयहरूको मिलेमतोमा क्ष्म्ले तोकेको वा प्राविधिकहरूले मूल्याङ्कन गरेको भन्दा निकै कम रकममा टेन्डर स्वीकृत हुने गरेको देखिएकाले यसको नियन्त्रण गर्नु पर्ने,

९. भौगोलिक बनावटको कारण खास गरी भित्री मधेस, चुरे, महाभारत, पहाड, उपत्यका तथा हिमाली क्षेत्रका ढुङ्गा, गिट्टी, बालुवा, पाङ्गो माटो लगायतका फरक गुणस्तरका पदार्थहरू पाइने हुँदा एउटै मूल्य कर लगाउनु वैज्ञानिक नहुने हुँदा नदी तथा खनिज जन्य पदार्थको वर्गीकरण गर्नु पर्ने,

१०. नीजि जमिन तथा खानीहरूबाट निकालिने माटो तथा बालुवा उत्खनन र बिक्री वितरण गर्दा राजश्व तिरेको पाइएन तसर्थ कार्यविधिमा भएको र तोकिएको व्यवस्था अनुसार राजश्व सङ्कलन गर्न स्थानीय तहलाई निर्देशन दिनु पर्ने,

११. व्यवसायीहरूले अहिलेसम्म आयकर तिर्ने गरेको देखिएन तसर्थ मूल्य अभिवृद्धि कर तथा आयकरलाई कडाइका साथ तिर्ने व्यवस्था गरिनु पर्ने,

१२. जरिवाना गरिएको रकम कहाँ जम्मा गर्ने स्पष्ट नभएकाले स्पष्ट पारिनु पर्ने,

१३. कारबाही तथा जरिवाना सम्बन्धी अधिकार जिल्ला समन्वय समितिलाई दिइनुपर्ने,

१४. समयमा राजश्व नबुझाउने वा गम्भीर तवरले राजश्व सङ्कलनमा नलाग्ने, उदासीनता देखाउने, अटेर गर्ने स्थानीय तहको सशर्त, विशेष, वित्तीय समानीकरण तथा समपूरक अनुदानहरू कटौती गर्ने व्यवस्था गर्नुपर्ने,

१५. राजश्व सङ्कलन र समयमा नै बुझाउने स्थानीय तहलाई प्रोत्साहन कार्यक्रम राख्नु पर्ने,

१६. राजश्वको अवस्था बुझ्न विवरण सङ्कलन गर्न सम्बन्धित मन्त्रालयले छुट्टै डेस्क राख्नुपर्ने,

१७. राजश्वको अवस्था वारे वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने,

१८. राजश्वको प्रक्षेपण वैज्ञानिक हुनुपर्ने,

१९. खानीहरूको रोयल्टी वर्षौं अगाडी देखिको मूल्यमा उत्खनन र बिक्री भइरहेकोले समय सापेक्ष दररेट परिमार्जन गरिनु पर्ने,

२०. क्रसर तथा खानी उद्योगहरु सञ्चालन गर्दा जलचरहरु लोप हुन गई जलचरमा आश्रित समुदायको आय आर्जन र रोजीरोटी संकटमा पर्ने भएकोले उचित व्यवस्था गर्नु पर्ने,

१. कार्यविधि तथा मापदण्ड सम्वन्धमाः

१. नदी तथा खनिज जन्य पदार्थ (दहत्तर बहत्तर) सम्बन्धी राजश्व सङ्कलन गर्ने अधिकार स्थानीय तहलाई मात्र दिँदा आर्थिक असमानता, विकासमा असन्तुलन, सामाजिक द्वन्द्व हुने, प्राकृतिक श्रोत उपलब्ध हुने तथा नहुने स्थानीय तहका बिच द्वन्द्व तथा अस्वस्थ प्रतिस्पर्धा समेत हुने हुँदा साझा अधिकारभित्र रहेको व्यवस्था कायम राख्न प्रदेश सरकारले संघीय सरकार समक्ष आवश्यक राजनीतिक एवं कानुनी पहल लिनुपर्ने,

२. **क्रसर उद्योग तथा वासिङ्ग सेन्टर सम्वन्धमाः**

१ दर्ता प्रक्रिया बेगर सञ्चालनमा रहेका खानी, क्रसर तथा वासिङ्ग सेन्टरहरू प्रदेश स्तरीय अधिकार सम्पन्न अनुगमन समिति बनाई प्रभावकारी अनुगमन गरी अनुमति बेगर सञ्चालित उद्योगहरूलाई बन्द गर्ने,

२ क्रसर उद्योग तथा वासिङ्ग सेन्टरहरूको २०७२ साल देखि नै नवीकरण नभएको हुँदा अवैध उद्योगहरूबाट राजश्व असुल गर्नु वैधानिक नहुने हुँदा मापदण्ड पुरा गरेका उद्योगहरूलाई अविलम्ब नवीकरण गराउन प्रदेश सरकारलाई निर्देशन दिने,

३. **राजश्व सम्वन्धमाः**

१. .जिल्ला अनुगमन समितिलाई अनुगमन व्यवस्थापन गर्न निश्चित प्रतिशत राजश्व छुट्ट्याउने तथा त्यस कार्यमा संलग्न हुने सुरक्षाकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने,

२. समय अवधिभित्र नै टेन्डर नगर्दा राजश्व सङ्कलन ढिला हुने तथा चुहावट समेत भएकोले IEE र EIA प्रतिवेदन बन्द अवधि (आषाढ, श्रावण र भाद्र महिना) भित्र स्वीकृत गरी समय मै टेन्डर प्रक्रिया सुरु गर्ने व्यवस्था गर्न निर्देशन दिने,

३. उत्खनन तथा सङ्कलनका लागि छुट्टै कार्यविधि बनाउने तथा सङ्कलित मौज्दातको प्रमाणीकरण गरी त्यसको विक्री वितरणका लागि छुट्टै ठेक्का लगाउने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

४. प्राकृतिक श्रोत र साधनहरूको बिक्री वितरण गर्दा गुणस्तर तथा भूगोलका आधारमा वर्गीकरणका गरी वैज्ञानिक दररेट निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने,

५. कतिपय जिल्लाहरूले नदी किनारका स्थानीयहरूको आर्थिक उपार्जनका लागि वर्षायाममा पनि जोखिमपूर्ण तरिकाबाट बालुवा तथा रोडा सङ्कलन गर्ने अनुमति दिएकाले मानवीय क्षति बढिरहेको हुँदा यसको रोकथामका लागि चेक ड्याम लगायतका विधिहरू अपनाई सुरक्षित तवरबाट मात्र सङ्कलनको अनुमति दिनका लागि सम्बन्धित जिल्लाहरूलाई निर्देशन दिने,

६. उत्खनन गरी सङ्कलन भएका वस्तुहरूको मौज्दात (स्टक) प्रमाणीकरणको व्यवस्था विद्यमान कार्यविधिमा उल्लेख नभएकोले चोरी निकासी हुने तथा मौज्दात रहि रहँदा बिक्री वितरण नभई राजश्व सङ्कलनमा प्रभाव परेकोले कार्यविधिमा मौज्दात प्रमाणीकरणको व्यवस्था गरी बिक्री वितरण गर्न अनुमति दिन निर्देशन दिने,

७. राष्ट्रिय गौरवका आयोजनाहरूले नदीजन्य पदार्थहरूको उत्खनन र उपयोग गर्दा सम्बन्धित निकायसँग समन्वय नगरेको पाइएकाले त्यस्तो प्रयोजनको लागि उपयोग गर्दा स्थानीय निकायमा समन्वय गरी तोकिएको राजश्व अनिवार्य लिने व्यवस्थाका गर्नका लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

८. राजश्व सङ्कलन समन्वयको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा छुट्टै डेस्कको व्यवस्था गर्नु पर्ने तथा तीन-तीन महिनामा राजश्व सङ्कलनको विवरण सार्वजनिक गर्नु पर्ने,

९. चोरी निकासी तथा राजश्व छली गर्नेलाई कारबाही गर्ने व्यवस्थामा रहेको प्रचलित कानुन बमोजिम भन्ने विषयलाई स्पष्ट रूपमा कार्यविधिमा राखिनु पर्ने साथै जरिवाना रकम कहाँ जम्मा गर्ने स्पष्ट खुलाउनु पर्ने,

१०. व्यवसायीहरूले सम्बन्धित उद्योगबाट प्राप्त मुनाफाको २५% लाभकर बुझाउनु पर्नेव्यवस्था लागू गर्नु पर्ने,

परिच्छेद-३

विभिन्न समयमा गठन भएका उपसमितिहरु र प्रतिवेदन

क्र.सं.	उपसमिति	कार्यक्षेत्र	गठन मिति	कैफियत
१	खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावट सम्बन्धी अध्ययन तथा अनुगमन उपसमिति	प्रदेशका १३ वटै जिल्लामा स्थलगत अध्ययन अनुगमन गर्ने।	२०७६/०२/१७	
२	वार्षिक प्रतिवेदन मस्यौदा उपसमिति २०७७	समितिको आ.व.७६/७७ भित्र सम्पन्न भएका सम्पूर्ण कामकारबाहीको विवरण।	२०७६/१२/०५	
३	प्रतिवेदन तथा निर्देशन कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन उपसमिति	प्रदेश मन्त्रालय र मातहतका सम्पूर्ण निकाय।	२०७६/१२/०५	क्रियाशील रहेको
४	प्रदेश मन्त्रालय र मातहतका निकायले गरेका काम कारबाहीको अध्ययन, अनुगमन तथा मूल्याङ्कन उपसमिति	समितिको काम, कर्तव्य र अधिकार क्षेत्रसँग सम्बन्धित रहेर प्रदेश मन्त्रालय र मातहतका सम्पूर्ण निकाय।	२०७६/१२/०५	क्रियाशील रहेको
५	खरिद अध्ययन तथा अनुगमन उपसमिति	प्रदेश मन्त्रालय, सचिवालय एवं मातहतका निकायबाट भएको मेसिनरी तथा सवारीसाधन खरिद सम्बन्धमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको सैद्धान्तिक बेरुजू सम्बन्धी अध्ययन तथा अनुगमन गर्ने।	२०७७/०२/१२	क्रियाशील रहेको

खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग वापत प्राप्त हुने राजश्वको संकलन, बाँडफाड र चुहावट सम्बन्धी अध्ययन तथा अनुगमन उपसमिति

परिच्छेद–१
प्रारम्भिक

१.१ पृष्ठभूमिः

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा गए सँगै सात प्रदेश सहित तीन तहको सङ्घीय व्यवस्थात्मक राज्यको अभ्यासमा छौं। भूगोल, पहिचान, प्राकृतिक श्रोतलाई आधार मानेर प्रदेशहरूको संरचना बनाइएको छ। जसमध्ये प्रदेश नम्बर तीन भूगोल, जनसङ्ख्या, सङ्घीय राजधानीका कारण विकासको गति, आर्थिक आधार सबै दृष्टिकोणले समेत ऐतिहासिक मात्र छैन, यस प्रदेशको भूमिका अन्य प्रदेशहरूको भन्दा विशिष्टसमेत रहेको छ। यो प्रदेश भौगोलिक हिसाबले भित्री मधेश, चुरे, महाभारत श्रृंखला, पहाड, उपत्यका सँगै हिमाली क्षेत्र समेत समेटिएको विविधतायुक्त छ। समुन्द्र सतह देखि १४१ मिटर देखि ७२२९ मिटर सम्मको उचाइमा रहेको यो प्रदेश नेपालको कुल क्षेत्रफल मध्ये २०३०० वर्ग मिटर ओगटेर रहेको छ। जसमा १३ जिल्ला, ३ महानगरपालिका, १ उप-महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका सहित ११९ स्थानीय तह रहेका छन्। यस क्षेत्रको हावापानी भूगोल अनुसार फरक फरक रहेको छ। यस प्रदेश ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक स्थलहरू एवं ताल, कुण्ड, नदीनाला, खोलाहरू र जातजाति, भाषाभाषीका साथै आर्थिक सम्भावनाका हिसाबले समेत महत्त्वपूर्ण रहेको छ।

प्रशस्त नदीनाला, राष्ट्रिय निकुञ्ज, घना जङ्गलहरू समेत रहेका कारण प्रदेश तीन प्राकृतिक श्रोत र साधनहरूमा समेत धनी रहेको छ। यस प्रदेश भित्र पर्ने प्रमुख नदीहरूमा तामाकोसी, भोटेकोशी, सुनकोसी, बागमती, नारायणी, बुढी गण्डकी, कमला, मरिन, खिम्ती, लिखू, लाल बकैया, इन्द्रावती लगायत दर्जनौं खोला, झरना, ताल, पाँच पोखरी, च्छोरोल्पा, टौदह, गोसाईंकुण्ड, इन्द्रसरोवर, बिस हजारी ताल, छैया ताल, रानीपोखरी जस्ता दर्जनौं ताल तथा कुण्डहरू रहेका छन्। देशको प्रमुख हिमश्रृंखला र हिमालहरू मध्ये लाङटाङ र गौरीशङ्कर लगायतका हिमश्रृंखलाहरु समेत यसै प्रदेशमा पर्दछन्।

यस प्रदेशमा कुल जमिनको ५३.७ प्रतिशत (१०९००८५ हेक्टर) जमिन वन र ७.५७ प्रतिशत (१५३७५९ हेक्टर) जमिन झाडी बुट्यान गरी कुल ५९.२७ प्रतिशत (१२४३८४४

हेक्टर) जमिन वनले ढाकेको छ। २४.३४ प्रतिशत (४९४०८४ हेक्टर) जमिन खेती योग्य छ। यस प्रदेशमा नदीजन्य क्षेत्र, ताल तलैया, खोला, खहरे, चुरे, भित्री मधेस क्षेत्रभित्र प्रशस्त मात्रामा प्राकृतिक श्रोत र साधनहरूको उपलब्धता रहेको छ। चुरे, पहाड र हिमालमा खानीहरूको प्रचुर सम्भावना पनि देखिन्छ। उपत्यकाको मलिलो माटो, पाँगो माटो देखि नदीनालामा रहेको बालुवा समेत महत्त्वपूर्ण प्राकृतिक स्रोत हुन्। पहाडका ढुङ्गा देखि चुनढुङ्गा समेत पाइने यस क्षेत्रमा सिलौट, खरिढुङ्गा, चुनढुङ्गा, रातो माटो, कालीमाटी देखि विभिन्न ढुङ्गाखानीहरुका साथै सुन, तामा खानी, फलाम खानी, वनजंगल, जडीबुटी, तराई, महाभारत, पहाड र लेकमा विभिन्न प्रजातिका वनस्पतिहरु समेत पाइन्छ।

नेपालको संविधानले व्यवस्था गरेको समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्न तथा समृद्ध नेपाल, सुखी नेपालीको नारालाई साकार तुल्याउन विकासका गतिविधि तिव्रतर रूपमा सञ्चालन गर्न कालागि आम्दानीको मुख्य श्रोतको रूपमा नदी तथा खनिज जन्य पदार्थलाई नै लिन सकिन्छ। साझा अधिकारको सूची भित्र रहेका प्राकृतिक स्रोत र साधनहरूको उपयोगसम्बन्धी अधिकारलाई प्रयोग गर्दै यस प्रदेशले नदी तथा खनिज जन्य पदार्थको उपयोग गर्न कर तथा गैर कर सम्बन्धी विधेयक पारित गरी त्यसलाई कार्यान्वयन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयनमा समेत गइसकेको छ। उल्लेखित कानुन तथा कार्यविधिका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले वार्षिक राजश्वको प्रक्षेपण गरेको छ। चालु आ.ब.२०७६/०७७ को बजेट निर्माण गर्दा नदी तथा खनिज जन्य पदार्थको राजश्व दुई अर्ब पचास लाख प्रक्षेपण गरिएको छ। यसै सन्दर्भमा नदी तथा खनिज जन्य पदार्थहरूको दोहन र चोरीसमेत व्यापक बढेको समाचारहरू विभिन्न सञ्चार माध्यमहरुमार्फत् सार्वजनिक भइरहेको, आम नागरिकहरूको व्यापक गुनासो आएको, स्थानीय तहलाई समेत लक्षित गर्दै उजुरी र समाचारहरू प्रकाशित भइरहेको अवस्थामा प्रदेश सभा तथा सार्वजनिक लेखा समितिको समेत गम्भीर ध्यानाकर्षण हुन पुगी यसका विषयमा उपसमिति गठन गरी अध्ययन गर्न सार्वजनिक लेखा समितिले तदारुकता देखायो।

नदी तथा खनिज जन्य पदार्थको विगत र वर्तमानलाई हेर्दा पञ्चायत र बहुदलीय व्यवस्थाको अवधिमा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर सम्बन्धी राजश्व सङ्कलन गर्ने जिम्मेवारी क्रमशः तत्कालीन जिल्ला पञ्चायत र जिल्ला विकास समिति तथा जिल्ला वन कार्यालयमा थियो। त्यस बेला उत्खनन तथा विक्री वितरण सम्बन्धी अनुगमन गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिइएको थियो। ०६२/०६३ को जनआन्दोलन पछि चुरे एवं अधिकांश नदीनालाहरूमा प्राकृतिक स्रोत र साधनहरूको दुरुपयोग तथा चोरी निकासी बढ्न

थालेकोले तात्कालिन सरकार र व्यवस्थापिका संसद्को ध्यानाकर्षण भएको देखिन्छ। मिति २०६६/९/२० मा व्यवस्थापिका संसद्को प्राकृतिक स्रोत र साधन समितिले सरोकारवाला मन्त्रालयहरूलाई उत्खनन र निकासी रोक्न निर्देशन दिएको देखिन्छ । खास गरी चुरे र महाभारत क्षेत्रमा अव्यवस्थित र अनाधिकृत तवरले डोजर तथा एस्काभेटर समेत प्रयोग गरी व्यापक अनियमितता गरी ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गरी स्वदेश तथा विदेशमा बिक्री वितरण गरेको गुनासो आएपछि समितिको ध्यानाकर्षण भएको पाइन्छ। त्यसपछि यस विषयमा अध्ययन गर्न मिति २०६६/९/२७ मा माननीय चन्द्रदेव जोशीको संयोजकत्वमा गठित चुरे भावर लगायतका क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र निकासी अध्ययन उपसमिति र मिति २०६६/९/२३ मा राष्ट्रिय योजना आयोगका माननीय डा. दिनेशचन्द्र देवकोटाको संयोजकत्वमा १५ सदस्यीय समिति गठन भई विस्तृत अध्ययन भएको देखिन्छ।

सर्वोच्च अदालतले यस सम्बन्धमा निवेदक अधिवक्ता नारायणप्रसाद देवकोटा र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत रहेको २०६६ सालको रिट नं. ०५२१ को सम्बन्धी सर्वोच्च अदालतको संयुक्त इजलासले मिति २०६६ साल पौष २१ मा वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ लगायतका अन्य ऐन तथा नियमावली बमोजिम क्रसर, ढुङ्गा, गिट्टी, बालुवा निकासीमा कानुन विपरीत भए त्यसको पहिचान गरी त्यस्तो उद्योग वा ढुङ्गा, गिट्टी, बालुवा निकासी समेत नगर्न नगराउनु भनी अन्तरिम आदेश दिएको थियो।

त्यसपछि स्थानीय विकास मन्त्रालयको सचिवको संयोजकत्वमा कार्यदल गठन गरी प्रतिवेदन पेस गरेको देखियो। विभिन्न समिति तथा सरकारको ध्यानाकर्षण पछि वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ लाई समेत मध्यनजर गर्दै २०६९ सालमा पहिलो पटक कार्यविधि बनेको र पछि २०७१ सालमा दोस्रो पटक नेपाल सरकारबाट स्वीकृत कार्यविधि लागू भएको देखिन्छ। सोही कार्यविधिको आधारमा प्रदेश तीनले नदी जन्य पदार्थ सङ्कलन र उपयोग सम्बन्धी कार्यविधि २०७५ लागू गरेको छ।

१.२ उपसमितिको गठन र कार्यक्षेत्रः

सार्वजनिक लेखा समितिको काम कारबाहीलाई सहयोग पुऱ्याउन आवश्यकता बमोजिम विभिन्न विषयगत उपसमितिहरू गठन गर्ने गरिन्छ। यसै क्रममा सार्वजनिक लेखा समितिको मिति २०७६ साल ज्येष्ठ १७ गते बसेको बैठकको निर्णय बमोजिम प्रदेश अन्तर्गतका स्थानीय तहमा

खनिज तथा नदी जन्य वस्तुहरूको उपयोग बापत प्राप्त हुने राजश्वको सङ्कलन, बाँडफाँड, प्रदेशको सञ्चित कोषमा प्राप्त हुनु पर्ने राजश्व बापतको रकम न्यून प्राप्त भएको र चुहावटको सम्बन्धमा प्राप्त उजुरी र समस्याका विषयमा आवश्यक अध्ययन, अनुगमन तथा सम्बन्धित निकाय तथा सरोकारवालाहरूसँग अन्तरक्रिया गरी समितिलाई प्रतिवेदन पेस गर्न माननीय सांसद रत्न प्रसाद ढकालको संयोजकत्वमा देहायका सदस्यहरू रहने गरी उपसमितिको गठन गरिएको थियो।

उक्त उपसमितिको कार्यविधि पहिलो बैठक बसेको मितिले ३० दिन तोकिएकोमा बर्षादको समय, बाढी पहिरो तथा बजेट अधिवेशनको कारणले तोकिएको समयमा कार्य सम्पन्न गर्न असम्भव देखिएकाले समितिबाट आवश्यक म्याद थप भई २०७६ साल पौषसम्मको समयावधि तोकिएको थियो। यस उपसमितिलाई प्रदेश अन्तर्गतका १३ जिल्ला तथा त्यस अन्तर्गतका सबै स्थानीय तहरुहरुमा आवश्यकताअनुसार स्थलगत अध्ययन तथा अनुगमन गर्न सक्ने कार्यदिश प्राप्त भएको थियो। यस उपसमितिमा अनुसूची-२ बमोजिमका माननीय सदस्य एवं कर्मचारीहरु संलग्न रहनु भएको छ।

समितिका सदस्यहरुः

मा. रत्न प्रसाद ढकाल –संयोजक

मा. दीपक निरौला –सदस्य

मा. रमेश पौड्याल –सदस्य

मा. रिता माझी –सदस्य

मा. सन्त बहादुर प्रजा –सदस्य

१.३ अध्ययन विधिः

उपसमितिले अध्ययनका क्रममा देहाय बमोजिमको अध्ययन विधि अपनाएको थियोः

१. स्थलगत (प्रत्यक्ष) अध्ययन अवलोकन,
२. विभिन्न तहमा छलफल तथा अन्तरक्रिया,
३. उपलब्ध सामग्रीहरूको अध्ययन,
४. आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त राजश्व संकलन सम्बन्धी बिवरण।

१.४ अध्ययनको सीमाः

१. सबै स्थानीय तहमा रहेका नदी तथा खनिज जन्य पदार्थको उत्खनन र सङ्कलन सम्बन्धी कार्यको स्थलगत अध्ययन अनुगमन गर्न नसकिएको,

२. बर्षायामको बाढी पहिरोको कारण उत्खनन भएका स्थलहरू पुरिएको अवस्थाले गर्दा स्थलगत अनुगमन गर्न व्यवहारिक नभएको,

३. स्थानीय तहहरूको बजेट निर्माण गर्ने समय भएकोले सम्बन्धित सबैको पूर्ण सहभागिता नभएको,

४. समयावधि, निश्चित भूगोल भित्र केन्द्रित तथा सीमित उद्देश्यले गरिएको अध्ययन भएकाले दहत्तर बहत्तरका सबै विषयलाई यस अध्ययनले समेट्न सकेको छैन।

१.५ अध्ययनको उद्देश्यः

१. नदी तथा खनिज जन्य पदार्थ (सङ्कलन र उपयोग) को अवस्थाका बारेमा अध्ययन गर्ने,

२. नदी तथा खनिज जन्य पदार्थको समग्र अवस्था तथा राजश्व सम्बन्धी अनुगमनको हालको अवस्थाका बारेमा सरोकारवालाहरूको राय तथा धारणा बुझ्ने,

३. नदी तथा खनिज जन्य पदार्थ (सङ्कलन र उपयोग) को अवस्थाको साथै प्राकृतिक श्रोत तथा साधनको सही ढङ्गले उपयोग भए नभएको अध्ययन गर्ने,

४. यस विषयसँग सम्बन्धित राजश्व सङ्कलनको अवस्था तथा चुहावट भए नभएको विषयमा अध्ययन गरी सुझाव पेस गर्ने,

५. नदी तथा खनिज जन्य पदार्थको उत्खनन, सङ्कलन तथा विक्रिवितरण तथा त्यस सम्बन्धी कार्यविधि तथा मापदण्डको हालको अवस्थाका विषयमा पुनरावलोकन गरी सुझाव पेस गर्ने,

६. यस विषयसँग जोडिएका आर्थिक तथा सामाजिक पक्षहरूको अवस्थाको अध्ययन तथा मूल्याङ्कन गर्ने।

परिच्छेद–२

उपसमितिले सम्पन्न गरेका कार्यहरु

सार्वजनिक लेखा समितिको मिति २०७६ साल जेष्ठ १७ गतेको निर्णय बमोजिम प्रदेश अन्तर्गतका स्थानीय तहमा नदी तथा खनिज जन्य पदार्थहरूको उपयोग बापत प्राप्त हुने राजश्वको सङ्कलन, बाँडफाँड, प्रदेशको सञ्चित कोषमा प्राप्त हुनु पर्ने राजश्व बापतको रकम न्यून प्राप्त भएको र चुहावटको सम्बन्धमा प्राप्त उजुरी र समस्याका विषयमा आवश्यक अध्ययन, अनुगमन तथा सम्बन्धित निकाय तथा सरोकारवालाहरूसँग अन्तर्क्रिया गरी समितिलाई प्रतिवेदन पेस गर्न गठित यस उपसमितिले कार्यादेश बमोजिमको कार्य सम्पन्न गर्न अनुसूची-१ बमोजिम अध्ययन, अनुगमन तथा अन्तर्क्रिया सम्पन्न गरेको छ।

उपसमितिले जिल्लागत रूपमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूको नामावली अनुसूची-३ मा प्रस्तुत गरिएको छ। यसै गरी उपसमितिको माग बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त पत्र र राजश्व सम्बन्धी विवरण अनुसूची-४, उपसमितिले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागिताका लागि जिल्ला समन्वय समितिहरूमा प्रेषित पत्र अनुसूची-५ तथा छलफल कार्यक्रममा उपस्थितिका लागि मन्त्रालयहरूमा प्रेषित पत्र अनुसूची-६ मा रहेको छ। उपसमितिले जिम्मेवारी वहन गर्ने क्रममा १५ वटा बैठक बसी विभिन्न निर्णयहरू गरी आफ्नो कार्य सम्पन्न गरेको छ।

परिच्छेद–३

३.१ जिल्लागत अध्ययनका क्रममा उठेका बिषयवस्तुहरुः

जिल्ला समन्वय समितिको सभा हलमा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यहरू, स्थानीय तहका पदाधिकारीहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सुरक्षा निकायका प्रमुख, विषयगत कार्यालयका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, पत्रकार, व्यवसायी एवं सरोकारवालाहरूसँग भएको अन्तर्क्रियामा उठेका विषयवस्तुहरू जिल्लागत रूपमा तपसिल बमोजिम राखिएको छः

१. काभ्रेपलाञ्चोकः

१. अधिकांश उद्योग, खानी, क्रसर मापदण्ड विपरीत रहेका।

२. नदी जन्य पदार्थको समयमा नै IEE नगराउँदा ठेक्का लगाउन ढिला भएको साथै IEE ले ३ महिनाको मात्र समयावधि तोकिएकोले फागुन सम्म मात्र निकाल्न पाएकोले कतिपय व्यवसायीहरु मुद्दामा गएको।

३. खनिज जन्यको होइन नदी जन्यको मात्र राजश्व बुझाउनु पर्ने भन्ने बुझाई केही स्थानीय तहको रहेको।

४. साझा अधिकारको सूचीको बुझाईमा स्पष्टता नभएकोले समयमा राजश्व नबुझाएको।

५. बन्द गर्ने र खुलाउने प्रक्रियाले प्रशासन पारदर्शी नरहेको।

६. अवैधानिक उद्योग र खानीबाट राजश्व सङ्कलन गर्नु पनि अवैधानिक रहेको भनाई।

७. अनुगमन र संरक्षणको लागि प्रहरी, जिल्ला समन्वय समितिलाई खर्चको व्यवस्था गर्नु पर्ने।

८. जिल्ला अनुगमनलाई थप बलियो बनाउन बन्द गर्ने,कारबाही गर्ने अधिकार दिनु पर्ने।

९. मापदण्ड खुकुलो बनाउनु पर्ने।

१०. जरिवाना गरेको राजश्व कहाँ जम्मा गर्ने स्पष्ट नभएको।

११. मापदण्ड अनुसार चले नचलेको हेर्न प्राविधिक जनशक्ति आवश्यक रहेको।

१२. व्यवसायीले पूर्ण रूपमा काम गर्न नपाएको।

१३. स्थानीय सरकारले ठेक्का लगाए पनि जिल्ला समन्वय समितिले बन्द गर्ने गरेको।

१४. क्रसर तथा खानीले कालो पत्रे सडकमा क्षति, वातावरण प्रदूषण, नदीनाला सुक्ने, धमिलिने र ध्वनि प्रदूषण भएको।

१५. रातभरि चोरि भएर निकासी हुँदा कुन निकायले बिल काट्ने वा नकाट्नेमा अन्यौलता।

१६. ठेक्का पछि IEE आउँदा समस्या।

१७. अनुगमन पक्ष फितलो भएको हुँदा अधिकार सम्पन्न अनुगमन समिति बनाइनु पर्ने।

१८. अनुगमनको लागि प्रदेश सरकारले पठाउने रकम नपठाउँदा मुद्दामा वकिललाई दिने शुल्कको समस्या।

१९. सुरक्षाको कारण स्थानीय व्यक्तिहरूले उजुर गर्ने अवस्था नहुँदा सुरक्षाको व्यवस्था हुनु पर्ने।

२०. ठेक्का पाए पनि स्थानीय बासिन्दाबाट केही स्थानमा अवरोध।

२१. दिउँसो टिप्पर नचल्दा नोक्सानी हुने र उक्त नोक्सानीको क्षतिपूर्ति कहाँबाट पाउने।

२२. IEE अनुसार बालुवा नभएको।

२३. जिल्ला समन्वय समितिले अवैध भनिएको क्रसरलाई प्रदेश उद्योग, पर्यटन तथा बन मन्त्रालयबाट सुचारु गर्न निर्देशन सहितको पत्र व्यवसायीलाई दिँदा समस्या।

२४. जिल्ला अनुगमन समितिले दर्ता नभएका खानीहरूमा उत्खनन कार्य रोक्न निर्देशन दिँदा पनि नरोकिएको।

२५. निकासी कर स्थानीय तह पिच्छे लगाउने गरेको।

२६. क्रसर एवं बालुवा प्रसोधन उद्योग संचालनमा विभिन्न तहका जनप्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

२. **सिन्धुपाल्चोकः**

१. स्वीकृत प्राप्त उद्योगहरू मापदण्ड विपरीत भन्न नमिल्ने। सम्पूर्ण क्रसर-खानी, वासिङ सेन्टर वैधानिक रहेको।

२. अहिलेको मापदण्ड कार्यान्वयन गर्दा पृथ्वीमा होइन चन्द्रमामा मात्र उद्योग सञ्चालन गर्न सकिने।

३. जलविद्युत आयोजनामा प्रयोग हुने खानी तथा बालुवाको कुनै राजश्व नउठ्ने। राष्ट्रिय गौरवका आयोजनाहरूले अहिलेसम्म कुनै कर शुल्क नतिरेको।

४. द्वविधाको कारणले खनिज जन्य पदार्थको राजश्व नबुझाएको।

५. अमानत र टेन्डर दुवै प्रक्रियाबाट राजश्व सङ्कलन गरेको।

६. कार्यविधि र नियम भूगोल हेरेर बनाउनु पर्ने।

७. असार, श्रावण र भाद्रमा धेरै बालुवा बगेर खेर जाने तथा काम गरेर खानेको रोजगारी नहुने समस्यालाई हल गर्नु पर्ने।

८. अनुगमनलाई प्रदेश सरकारले ट्रेनिङ, प्राविधिक जनशक्ति र आर्थिक स्रोत उपलब्ध गराउनुपर्ने।

९. काभ्रेपलान्चोक जिल्लासँग सिमाना विवाद रहेको।

१०. उद्योग मैत्री वातावरण बनाउन निश्चित स्थान तोकी उद्योग सञ्चालन गर्न दिनु पर्ने साथै भौतिक पूर्वाधार सरकारले निर्माण गर्नु पर्ने।

११. क्रसर उद्योगहरूले खोलाको बहाव परिवर्तन गरी उत्खनन गरेको अवस्था रहेको।

१२. अनुमति दिनु अघि नै क्रसर सञ्चालन गर्ने स्थान उपयुक्त/अनुपयुक्त निर्धारण गर्नु पर्ने।

१३. जुरेमा सञ्चालित क्रसर उद्योग तथा वासिङ सेन्टरका कारण बस्ती जोखिममा परेको लिखित उजुरी परेको।

१४. बालुवा प्रशोधन केन्द्र दर्ता गरी क्रसर उद्योग सञ्चालन भएको।

१५. क्रसर एवं बालुवा प्रसोधन उद्योग संचालनमा विभिन्न तहका जनप्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

१६. राष्ट्रिय निकुञ्जका कारण नदी जन्य पदार्थ उत्खननमा समस्या भई राजश्व सङ्कलनमा कमी भएको।

३. सिन्धुलीः

१. मारुती सिमेन्टले (दुधौली नपा) खानी प्रयोग गरेको, रोयल्टी राजश्व स्थानीय तहलाई नतिरेको, बाटो, बस्ती जोखिममा रहेको।

२. दिउसो ट्रिपर चल्न बन्द गर्दा राजश्व उठ्न नसकेको तर चल्न दिए बाटो ठप्प हुने र धेरैको ज्यान जाने खतरा रहेको।

३. कुनै पनि क्रसरको मापदण्ड नपुगेको।

४. भूगोल अनुसारको मापदण्ड बनाउनु पर्ने।

५. राजश्व भन्दा पनि प्राकृतिक स्रोत साधन माथिको दोहन व्यवस्थापन गरिनु पर्ने।

६. चुरे क्षेत्रको नदी जन्य पदार्थ निकाल्नु पर्ने।

७. अव्यवस्थित बाटो खन्ने काम धेरै भएकाले पहिरोको जोखिम बढेको।

८. वासिङ सेन्टरको नाममा क्रसर सञ्चालित छन्।

९. वर्षाको बेलामा पनि बालुवा निकालिएको।

१०. वातावरणीय प्रभावलाई पनि ध्यान दिनु पर्ने।

११. क्रसर एवं बालुवा प्रशोधन उद्योग सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

१२. अमानत र टेन्डर दुवै प्रक्रियाबाट राजश्व सङ्कलन गरेको।

१३. स्थलगत अनुगमन विना नै ।EEप्रतिवेदन तयार हुने गरेकाले समस्या सृजना भएको।

१४. अनुगमन कार्यका लागि खर्चको व्यवस्थापन गर्न समस्या रहेको।

१५. क्रसर उद्योगको कारण बस्ती र खेती योग्य जमिन कटानको समस्या रहेको।

१६. सम्बन्धित जिल्लाले कार्यविधि बनाउने हो भने आफ्नो भौगोलिक स्थिति अनुसार कार्यविधि बनाउन सकिने।

१७. सडक सञ्जाल नभएका कारण केही स्थानमा उत्खनन कार्य हुन नसकेको।

४. काठमाण्डौः

१. मापदण्डले केही पक्षहरू स्पष्ट नपारेको। मनोहरा, विष्णुमती, वागमती लगायतको क्षेत्रमा नदी जन्य पदार्थहरू सतह भन्दा माथि आएकोले बस्ती डुबान हुने समस्या रहेको त्यसको लागि त्यस्ता नदीहरूबाट नदी जन्य पदार्थहरू निकाल्न मिल्ने कार्यविधि आवश्यक रहेको।

२. माटो तथा बालुवा खानी निजी जग्गाको नाममा झिक्ने गरेको।

३. वासिङ सेन्टरको कार्यविधि बन्नु पर्ने।

४. प्रहरीलाई प्रोत्साहनको व्यवस्था हुनु पर्ने।

५. अनुमति दिने निकायले अनुगमन नगर्दा समस्या भएको।

६. बर्षादको समयमा दोहन बढी हुने गरेको।

७. कार्यविधि कार्यान्वयनमा समस्या रहेको।

८. मापदण्ड अनुरूपका क्रसर उद्योगहरू नरहेको।

५. नुवाकोटः

१. असार, श्रावण र भाद्रमा सबैभन्दा धेरै बालुवा आउने बेलामा निकाल्न पाउनु पर्ने तर नदीमा डोजर लगाउन नदिने काम राम्रो भएको।

२. नदी किनारामा बस्ने, दैनिक श्रम गरेर खाने श्रमिकको रोजीरोटीहरूको समस्या भएकोले बालुवा झिक्न दिइएको।

३. जोखिमपूर्ण तरिकाले बर्षायाममा बालुवा निकाल्ने गरिएको।

४. दररेट महँगो भएको।

५. राष्ट्रिय निकुञ्ज र स्थानीय सरकारको चेपुवामा व्यवसाय रहेको।

६. राष्ट्रिय गौरवका आयोजनाहरूले स्थानीय सरकारलाई जानकारी समेत नगराई क्रसर खोल्ने र कुनै राजश्व समेत नतिरेको।

७. उद्योग मैत्री वातावरण नभएकोले काम गर्न सक्ने स्थिति नरहेको।

८. क्रसर उद्योगहरू बन्द रहेका।

९. धादिङमा निर्बाध चल्दा नुवाकोटमा मात्र बन्द किन?

१०. वन र निकुञ्जको छुट्टाछुट्टै कानुनले असजिलो बनाएको।

११. यो मापदण्ड अनुसार न क्रसर उद्योग सञ्चालन गर्न सकिन्छ नत राजश्व नै उठ्दछ।

१२. अवैध उत्खननमा प्रयोग गरिएको स्काभेटरलाई प्रशासनद्वारा फलामे सिक्रीले बाँधेर राखिएको।

१३. जिसस र प्रशासनले स्थानीय सरकारसँग समन्वय नगरी सिधै हस्तक्षेप गर्ने गरेको।

१४. सेटिङमा तस्करी हुने गरेको।

१५. नियम, कानुन र नियतमा फरक फरक देखिएको।

१६. कार्यविधि बनाउँदा स्थानीय स्तरमा छलफल नगरी माथिबाट ल्याइयो जसले कार्यान्वयनमा समस्या पैदा गरेको।

१७. रसुवासँगको सीमा विवाद रहेको।

१८. नदीको बहाव बढी भएको स्थानमा उत्खनन हुने परिपाटीले समस्या।

१९. अनुगमन खर्च व्यवस्थापनमा समस्या।

२०. भूगोल अनुसार कार्यविधि फरक-फरक हुनु पर्ने।

२१. IEE समयमा नआउँदा छोटो समयको लागि ठेक्का आव्हान गर्दा समेत कुनै टेन्डर नपरेको। परेको स्थानमा स्थानीयबाट अवरोध हुने गरेको।

२२. ठेक्का लगाए पनि ठेकेदारले क्षतिपूर्ति भराई पाउँ भनी निवेदन दिँदा समस्या।

२३. शिवपुरी क्षेत्रमा बफर जोन कार्यक्रम बारे बुझाउनु पर्ने।

२४. क्रसर दर्ताको लागि आए पनि मापदण्डको कारण स्वीकृति दिन नसकेको अवस्था।

२५. करारमा राखेको कर्मचारी नै बिल सहित भागी दिँदा असाध्यै जटिल समस्या आएको।

२६. प्रजिअ र एसपी सरुवा हुना साथ बन्द भएको क्रसर सञ्चालन गर्ने प्रवृत्ति रहेको।

२७. राष्ट्रिय गौरवको आयोजनालाई ५०० मिटर लागु नहुने तर अन्यलाई किन?

२८. अनुगमनको पाटो फितलो भएको हुँदा यसलाई अधिकार सम्पन्न र प्रभावकारी बनाउनु पर्छ।

२९. निश्चित क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना गर्नु पर्ने।

३०. क्रसर एवं बालुवा प्रशोधन उद्योग सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

६. **धादिङ्गः**

१. बर्षायाममा समेत साबेलबाट बालुवा उत्खनन गर्न पाउनु पर्ने।

२. धादिङमा निर्बाध रूपमा क्रसर सञ्चालनमा रहेको।

३. वासिङ सेन्टरको नाममा क्रसर उद्योग तथा फिरफिरे उद्योग सञ्चालनमा रहेका।

४. खानी दर्ता प्रदेश मातहतमा ल्याउनु पर्‍यो।

५. अवैध रूपमा उत्खनन गरिएका खाल्डोमा परेर बर्सेनि मानिसहरू मर्ने गरेको।

६. IEE अनुसार तोकिएको क्षेत्रभन्दा बढी उत्खनन भएकोमा अनुगमन गर्ने निकाय को हो ?

७. स्थानीय तहमा मापदण्ड हेर्ने प्राविधिक जनशक्ति आवश्यक रहेको।

८. कार्यविधि अनुकूल नभएकोले संशोधन हुनु पर्ने।

९. ठेकेदारले पुरै रकम नबुझाई मुद्दामा गएको।

१०. ढुङ्गा खानी सञ्चालन गर्न उपयुक्त रहेका स्थान पहिचान गरी IEE गरी खानी सञ्चालन गर्नु पर्ने।

११. IEE गरेको स्थानमा पनि मापदण्डको कारण उत्खनन गर्न समस्या।

१२. कार्यविधि ढिलो आउँदा समस्यामा परेको।

१३. IEE देखाउने दाँत मात्र भएको।

१४. कतिपय स्थानीय तहले राजश्व सङ्कलन खाता नै नखोलेको।

१५. मापदण्ड र नवीकरणको कारण उद्योगहरू बन्द भएपछि राजश्वमा कमी भएको।

१६. व्यवसायीसँग सल्लाह गरेर मुद्दामा नजान अनुरोध।

१७. IEE अनुसार काम हुनु पर्छ। प्रदेश कानुन वातावरण र भूगोलसँग सम्बन्धित छ।

१८. IEE ले तोकेको भन्दा बढी खनेमा जरिवाना तिराउनु पर्छ।

१९. टिप्परहरु जहाँतहाँ पार्किङ र तीव्र गतिको कारण समस्या।

२०. प्रहरी विरुद्ध सुराकी पठाउने गरेको।

२१. IEE ले भनेको भन्दा बढीमा ठेक्का लगाउँदा चुनौती।

२२. बन्द भएको उद्योगलाई जुन अवस्था थियो त्यही अवस्थामा सञ्चालन गर्न प्रदेश सरकारबाट पत्र आएपछि समस्या।

२३. सडक खन्ने नाममा लैजाने स्काइभेटरले बालुवा निकाल्न प्रयोग गरेको र हेर्न जाँदा लुकाएर राख्ने गरेको।

२४. व्यवसायी, स्थानीय सरकार र प्रशासन बिच असमझदारी।

२५. बगर बगरमा समेत प्रहरीलाई ड्युटीमा खटाउन बाध्य भएको।

२६. धादिङको पहाडहरू गहिरिँदै गएको।

२७. भूगोल अनुसार दररेट तोक्ने अधिकार स्थानीय तहलाई दिनु पर्ने।

२८. क्रसर एवं बालुवा प्रशोधन उद्योग सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

७. भक्तपुरः

१. खानीहरु बन्द गरिएका, अख्तियारले हेरिरहेको अवस्था भएकाले उक्त खानी सञ्चालन हुन नसकेको।

२. प्रदेशको राजश्व संकलनमा मात्र ध्यान गएको।

३. व्यवसायीको सुरक्षा कसले गर्ने।

४. कार्यविधिले खानी सम्बन्धी स्पष्ट पार्न नसकेको।

५. मनोहरामा नदीजन्य पदार्थहरु जमिन भन्दा माथि आएकोले बस्ती डुवान हुने समस्या रहेकोले नदीजन्य पदार्थहरु निकाल्न मिल्ने नियम आवश्यक रहेको।

६. कर एकद्वार हुनुपर्यो। निकासी कर बाह्य र आन्तरिकको फरक छुट्टिन नसकेको।

७. इटाभट्टाको लागि माटो उत्खनन भएकोछ।

८. संघ र प्रदेश सरकारबाट बनेका कार्यविधिले अन्यौलता थपेको।

९. अव्यवस्थित उत्खनन्का कारण बस्ती जोखिममा रहेका।

१०. दिउँसो टिप्परहरु चल्न नदिँदा राति मात्रै व्यवसाय संचालन गर्नु पर्दा तिव्र गतिको कारण समस्या।

११. नगर र खानीका कर्मचारीहरुलाई नै कानुनको बारेमा जानकारी नभएको।

१२. प्राकृतिक श्रोत साधनको दोहन बन्द भएको छ।

८. चितवनः

१. स्थानीय सरकार सञ्चालन ऐनको केही संशोधन भएर आएको कानुनी व्यवस्था अनुसार नदी तथा खनिज जन्य पदार्थको राजश्व स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेको भनाई, राजश्व प्रदेशमा बुझाउनु नपर्ने बुझाई।

२. चितवन जिल्लाको नदी जन्य पदार्थहरू चुरे क्षेत्रबाट माटो मिसिएर आउने हुँदा अन्य जिल्लाको जस्तो राम्रो नरहेकोले दररेट फरक हुनु पर्ने साथै वर्गीकरण हुनु पर्ने।

३. राष्ट्रपति चुरे संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र र निकुञ्जहरूमा कसरी उत्खनन गर्ने स्पष्ट कार्यविधि आउनु पर्ने तथा स्टक सामाग्री प्रशस्त रहेको।

४. स्टक प्रमाणित गर्ने विधि र निकाय स्पष्ट नहुँदा ठुलो समस्या परेको।

५. सीमा विवाद रहेको।

६. सिमेन्ट फ्याक्ट्रीलाई प्रति बोराको दररेट तोक्नु पर्ने।

७. IEE र EIA Report प्राविधिकले फिल्डमा नगई गुगल सर्च गरी तयार गर्ने गर्दा वस्तुवादी र व्यवहारिक रिपोर्ट नआउने।

८. व्यवसायीले कानुन हातमा लिने कार्य चितवनमा हाबी रहेको। टेन्डर वा अमानत उठाउँदा धम्की आउने गरेको।

९. टेन्डर गरेको ठाउँमा ठेकेदारले पहिलो किस्ता बुझाउने, दोस्रो बुझाउन अटेर गर्ने र मुद्दामा जाने गरेको।

१०. ठुला आयोजनाको नामा खुलेका क्रसर उद्योगहरू आयोजना सम्पन्न भए पछि पनि सुचारु रहने गरेको।

११. दररेट वैज्ञानिक भएन।

१२. चुरे क्षेत्र, मध्यवर्ती क्षेत्र र निकुञ्ज, हिमाल, पहाड, तराईलाई मध्य नजर गरेर वैज्ञानिक कार्यविधि बनाउनु पर्ने।

१३. अनुगमन समितिलाई मापदण्ड विपरीत उद्योग बन्द गर्ने, कारबाही गर्ने स्पष्ट अधिकार दिनु पर्ने।

१४. दर्ता पहिला, मापदण्ड पछि आउँदा समस्या।

१५. निकासी र आन्तरिकलाई एउटै दररेट व्यवहारिक भएन।

१६. प्रदेश नं. २ र ४ मा भन्दा महँगो दर रेटको कारण बिक्रीमा समस्या, फाइदाको लागि अन्य प्रदेशबाट सामान ल्याउने गरेको।

१७. व्यवसायी कर भनेर १० हजार बाट ५० हजार सम्म तिर्न लगाउँदा समस्या।

१८. एक द्वार प्रणालीबाट कर तिर्ने वातावरण बनाउन आग्रह।

१९. कर तिर्ने व्यवसायीलाई सरकार र राज्यले घाँटी निचोर्ने काम गरेको छ।

२०. ठेक्कालाई व्यवस्थित गर्ने कानुन बेग्लै हुनु जरुरी छ।

२१. चोरी गर्नेलाई पक्राउ गर्दा पनि माथिबाट छोड्न दबाब आउने।

२२. अवैध उत्खनन व्यापक भएको छ।

२३. मागको आधारमा उत्खनन र सङ्कलन गर्न जरुरी छ।

२४. व्यक्तिगत घर बनाउन करको कारणले समस्या।

९. **मकवानपुरः**

१. क्रसर उद्योग सञ्चालनमा एकरूपता हुनु पर्ने। असारबाट उद्योगहरू बन्द रहेका।

२. क्रसर उद्योगको नवीकरण कसले गर्ने स्पष्ट हुनु पर्ने ?

३. दररेट स्थानीय तह तोक्ने अधिकार दिनु पर्ने र क्रसर र वासिङ सेन्टर खोल्न र बन्द गर्ने अधिकार स्थानीय तहलाई दिनु पर्ने।

४. IEE गर्दा धेरै खर्च हुने गरेको।

५. खानीहरूको रोयल्टी बाँडफाँड के भइरहेको छ।

६. व्यवसायीहरूलाई अपराधी जस्तो व्यवहार गरेको।

७. अवैध भन्ने राजश्व उठाउने, मापदण्ड र विना दर्ता सञ्चालितबाट राजश्व कसरी उठाउने।

८. मकवानपुरमा चुनढुङ्गा खानी प्रशस्त रहेका छन्। त्यस सम्बन्धी स्पष्ट कार्यविधि आवश्यक रहेको।

९. राष्ट्रपति चुरे संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र र निकुञ्जहरूमा कसरी उत्खनन गर्ने स्पष्ट कार्यविधि आउनु पर्ने।

१०. खानीले गर्दा बस्तीहरू पहिरोको जोखिममा रहेका।

११. सञ्चालनमा रहेका क्रसर उद्योगहरूलाई व्यवस्थित गरी मापदण्ड पुऱ्याउन लगाउने कि बन्द गरेर नयाँ खोल्ने स्पष्ट हुनु पर्ने।

१२. ठेक्का सम्झौतामा तोकिएको परिमाण भन्दा बढी उत्खनन भई अदालतमा मुद्दा रहेको।

१३. निश्चित स्थान तोकी उद्योग सञ्चालन गर्न दिनु पर्ने साथै भौतिक पूर्वाधार सरकारले निर्माण गर्नु पर्ने।

१४. राजश्व सङ्कलनमा मात्र स्थानीय तह केन्द्रित रहेको तर IEE अनुसारको संरक्षण कार्य नभएको।

१५. दररेट र परिमाण तोकेर ठेक्का लगाउँदा नाफा कमाउन प्रशासनिक मिलेमतोमा चोरी निकासी हुने गरेको।

१६. क्रसर एवं बालुवा प्रशोधन उद्योग सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

१७. नदी जन्य पदार्थको वर्गीकरण गरी दररेट तोक्नु पर्ने।

१८. प्रदेश नं. २ को भन्दा दररेट महँगो भएको।

१९. राक्सिराङ गा.पा., वडा नं. ४ र कैलाश गा.पा., वडा नं. ३ मा रहेको चुनढुङ्गा खानीको उत्खननले बस्ती जोखिममा पर्नुको साथै खोलामा रहेको बालुवामा पहिरोको माटो मिसिदा उक्त स्रोत पनि उपयोग गर्न नसकिने अवस्थामा पुगेको।

१०. रामेछापः

१. मापदण्ड खुकुलो बनाउनु पर्ने।

२. सीमा विवाद समाधान गर्नु पर्ने।

३. वन र सडकले सरोकारवालाहरूसँग समन्वय नगर्ने।

४. पहाड, चुरे, मधेस भूगोल अनुसार मापदण्ड बनाउनु पर्ने।

५. नीति नियम प्रदेश भरि एकरूपता आउनु पर्ने।

६. रणजोर खोलाको नदीजन्य पदार्थले पुल नै छोप्ने अवस्था हुन लागेको उत्खनन कसरी गर्ने।

७. अवैध चोरी निकासी र उत्खननमा कारबाही तथा जरिवानाको विधि उपयुक्त नभएको।

८. अनुगमन कार्यमा जनशक्ति र आर्थिक अभाव रहेको।

९. नदीको बहाव परिवर्तन हुने गरी उत्खनन हुने गरेको।

१०. तोकिएको क्षेत्र भन्दा बढी क्षेत्रमा उत्खनन हुने गरेको।

११. उत्खनन तथा सङ्कलन गर्न नपाएको भनी व्यवसायीले मुद्दा हालेको।

१२. सडक सञ्जालको विकास नहुँदा समस्या।

१३. प्रदेश र सङ्घले स्थानीय तहलाई हस्तक्षेप गर्ने गरेको।

१४. प्रशासनले बढी आँखा लगाउने गरेको।

११. दोलखाः

१. बाह्रै महिना नदी तथा खनिज जन्य पदार्थ उत्खनन गर्न पाउनु पर्छ भन्ने माग रहेको।

२. असार, श्रावण र भाद्रमा पनि खोला बगरमा एक्स्काभेटर बालुवा निकाली चोरी निकासी बढेको।

३. स्थानीय तहले टेन्डर गर्दा जिल्लासँग समन्वय नगरेको, IEE पनि नगरेको।

४. सडक र खानीले पहिरोको जोखिम बढेको।

५. स्थानीय तह गम्भीरतापूर्वक राजश्व सङ्कलन गर्न नलागेको।

६. विकट भौगोलिक स्थितिका कारण बाटोघाटो निर्माण नहुँदा ठेक्का लिन ठेकेदारहरू नआउने।

७. संरक्षण गरी उपयोग गर्नु पर्ने नदी तथा खनिज जन्य पदार्थहरूको दोहन तीव्र रूपमा भएको।

८. बन क्षेत्रलाई सडक सञ्जाल बनाई उत्खनन गर्नु पर्ने भएकोले बोटबिरुवा मासिँदा विवादमा।

९. नियमन प्रदेशले र व्यवस्थापन स्थानीय तहले गर्नु पर्ने।

१२. ललितपुरः

१. साझा अधिकारको विषय स्पष्ट नहुँदा समस्या रहेको।

२. गोदावरी न.पा.ले क्रसर उद्योगहरुलाई स्थानान्तरण गर्न २ वर्षको समयावधि नगर सभाबाट पारित गरिदिएको। जसले मापदण्ड विवरित उद्योगहरू निर्बाध चलिरहेका।

३. क्रसर दर्ता गर्दा पहिले ५ हजार लिने गरेकोमा हाल क्रसरलाई ५ लाख र खानीलाई ७ लाख लिने गरेको।

४. जिल्लामा नदी तथा खानी जन्य उद्योगहरू मापदण्ड अनुरूप नभएकाले अनुगमन आफैले नगरी स्थानीय तहलाई अनुगमनको जिम्मा दिएको।

५. जिल्ला अनुगमन समिति नै अलमलमा परेको।

६. उद्योग गैर कानुनी रूपमा सञ्चालन भएकोले अनुगमन बाध्यकारी नभएको।

७. क्रसर एवं बालुवा प्रशोधन उद्योग सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको समेत संलग्नता रहेकोले मापदण्ड पालना नहुने तथा दुरुपयोग बढ्ने गरेको।

८. सङ्घ र प्रदेशको मापदण्ड फरक-फरक भएकाले अनुगमनमा समस्या आएको।

९. जिल्लाभरको खानी उद्योगहरूको विवरण माग गर्दा स्थानीय तहले उपलब्ध नगराएको।

१०. उद्योग मन्त्रालय, खानी विभाग, घरेलु कार्यालय सबैलाई एक द्वार प्रणालीमा ल्याई स्वीकृति दिने र अनुगमन गर्ने निकाय एउटै हुनु पर्ने।

११. मापदण्ड/कार्यविधि व्यवहारिक नरहेको।

१२. केही खानी क्षेत्र खानी विभागबाट रोक्का राखेकोले उत्खनन गर्न नसकिएको।

१३. गत वर्ष ठेक्का लगाएको तर मुद्दा परेको कारण राजश्व सङ्कलनमा समस्या।

१४. सञ्चालनमा रहेका क्रसर उद्योगहरू व्यवस्थित गरी मापदण्ड पुऱ्याउन लगाउने कि बन्द गरेर नयाँ खोल्ने स्पष्ट हुनु पर्ने।

१५. खानीको कारण बस्ती स्थानान्तरण गर्नु पर्ने देखिएको।

१६. वनसँग सल्लाह र सहमतिमा मात्र खानी सञ्चालन गर्न अनुरोध।

१७. साङ्गठनिक अपराध मौलाएको।

१८. टिकाभैरवको मन्दिर र पुल नजिक खानी सञ्चालन हुँदा समस्या।

१९. अनुगमनमा जाने सूचना चुहावट हुँदा अनुगमन फितलो।

२०. विभिन्न निकायबाट फोनबाट दबाब आउँदा काम गर्न समस्या।

२१. बस्तीमा टिपर आतङ्क रहेको।

१३. रसुवाः

१. हाइड्रोपावरहरूबाट नदी तथा खनिज जन्य पदार्थ प्रयोग गरे बापतको राजश्व प्राप्त नभएको।

२. कानुनी अस्पष्टता रहेको।

३. राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा IEE गर्न कानुनी समस्या रहेको।

४. निजी जग्गामा खानी देखाउने तर सार्वजनिक जग्गाबाट ढुङ्गा गिट्टी सङ्कलन गरेको।

५. स्टक सामाग्री रहेको तर स्टक प्रमाणित गर्न प्राविधिक समस्या रहेकोले बिक्री वितरणमा समस्या।

६. भिरालो नदी खोलाबाट बगेर जाने बालुवा सङ्कलन गर्न नयाँ व्यवस्था गर्नु पर्ने।

७. नदी छेउमा रहेको निजी जग्गामा पोखरी बनाई बालुवा सङ्कलन गरिएको।

८. IEE Report अध्ययन गर्न प्राविधिक जनशक्तिको अभाव रहेको।

९. राष्ट्रिय निकुञ्जको कानुन समय सापेक्ष सहज बनाउनु पर्ने।

१०. वर्षा याममा बगेर जाने सामाग्री उत्खनन गर्न पाउनु पर्ने।

११. कालिका गाउँपालिकाले नदी जन्य पदार्थ उत्खनन गर्न आफैले कार्यविधि बनाई उत्खनन गर्ने गरेको।

३.२ अध्ययनका क्रममा उपसमितिले देखेको जिल्लागत अवस्थाः

उपसमितिको आयोजनामा सरोकारवालाहरुसंग भएको अन्तर्क्रिया तथा स्थलगत अध्ययन अवलोकनमा उपसमितिले देखेको जिल्लागत अवस्थालाई तपसिल बमोजिम राखिएको छः

१. काभ्रेपलाञ्चोक :

१. प्राकृतिक स्रोत र साधनहरूको दुरुपयोग भइरहेको,

२. जिल्ला अनुगमन समितिले अनुगमन गरिरहेता पनि प्रभावकारिता नदेखिएको,

३. क्रसर, खानी तथा फिरफिरेहरूको एक प्राविधिक समिति बनाई विस्तृत अध्ययन गरेको साथै प्रतिवेदन जिल्ला समन्वय समितिलाई बुझाई सकेको,

४. प्रतिवेदन अनुसार केही क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू अनुमति बेगर चलिरहेका,

५. रोशी र सुनकोसी नदी किनारमा सञ्चालित उद्योगहरूले सार्वजनिक तथा नदी किनारका ढुङ्गा, गिट्टी, बालुवाहरूको चरम दोहन गरिरहेको तथा उद्योगबाट निस्केका धुलोका कण लगायत उपयोगमा नआउने वस्तुहरू नदी र सडक छोपिने गरी थुपारिएकोले नदी खोला धमिलो र सडक बस्ती धुलाम्मे बनेको,

६. स्थानीय तहले IEE गराउँदा समय सीमा तथा गुणस्तरमा ध्यान दिन नसकेको,

७. व्यवसायी र स्थानीय तह बिच विवाद भई मुद्दा चलिरहेको,

८. कतिपय स्थानमा स्थानीय तह पिच्छे निकासी कर लगाउने गरेको,

९. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

१०. अधिकांश क्रसर तथा खानी उद्योग र वासिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका।

२. सिन्धुपाल्चोक :

१. जिल्ला समन्वय समितिको तर्फबाट आफ्नो अधिकार क्षेत्रभित्र गरिनु पर्ने अनुगमनमा पर्याप्त ध्यान नपुगेको,

२. कार्यविधि र मापदण्ड ख्याल नगरी उत्खनन तथा बिक्री वितरण गरेको,

३. उद्योग तथा खानीहरू दर्ता प्रक्रिया पुरा गरेपछि अन्य सर्तहरू पुरा नगरेको भए पनि वैधानिक नै रहेको भन्ने बुझाइ,

४. वर्षा याम (श्रावण, भाद्र र असोज) मा पनि प्रचलित नियम कानुन विपरीत नदीमा बालुवा उत्खनन गरी रहेको,

५. नियम सङ्गत प्रक्रिया भन्दा बाहिरकाले समेत चोरी निकासी गर्ने गरेको भेटिएको,

६. नदी किनारमा रहेका खानी र क्रसरहरूको प्रभावका कारणले जुरे लगायत केही क्षेत्र पहिरोको जोखिममा रहेका,

७. मध्य पहाडी लोक मार्ग निर्माणका निम्ति कम्पनीले कुनै पनि तह सँग समन्वय नगरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्ने गरेको,

८. निकुञ्ज र वनले प्रभावित क्षेत्रमा उत्खनन गर्न समस्या रहेको,

९. भूगोल र समयानुकूल कार्यविधि र मापदण्ड व्यवहारिक बनाउन सुझाव आएको,

१०. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

११. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका।

३. सिन्धुली :

१. जिल्ला समन्वय समितिले अनुगमन गरिरहेको भएता पनि आवश्यक जनशक्ति अभावका कारण अवैध उत्खनन तथा निकासी लगायतका गतिविधि नियन्त्रण गर्न नसकेको,

२. कार्यविधिलाई लागु गर्न कार्यान्वयन तहमा अझै पनि अप्ठ्यारो रहेको,

३. जिल्ला अनुगमनका क्रममा प्राकृतिक श्रोतहरूको नियम विपरीतको दोहन रोक्नुपर्छ भन्नेमा एकरूपता रहेको,

४. उपयोग नहुने तथा चुरे क्षेत्रका खहरेमा जम्मा हुने खनिज तथा नदी जन्य पदार्थ बालुवा, पाँगोमाटो लगायतको उत्खननमा समस्या रहेको,

५. जिल्लाका प्रायः खनिज तथा नदी जन्य उद्योगहरूले मापदण्ड पुर्णरुपमा पुरा गर्न नसकेको,

६. ढुङ्गा, गिट्टी, बालुवा बोक्ने सवारी साधनका कारणले सडक दुर्घटना बढेको, यातायात आवागमनमा समेत अप्ठ्यारो परेको र वातावरण प्रदूषण गरेको,

७. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

८. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

४. **रामेछाप :**

१. नदी तथा खानीजन्य श्रोतको कमी रहेको,

२. अनुगमन हुने गरेको भएता पनि कार्यविधि अनुसार कार्यान्वयन गर्न कठिनाइ रहेको,

३. रणजोर खोलाको सतह बढ्न गई बस्ती, सडक, पुल तथा खेती योग्य जमिन जोखिममा परेको,

४. वनको आफ्नै मापदण्ड भएका कारण पनि उत्खननमा समस्या आएको,

५. भौगोलिक विकटताले उत्खनन र बिक्रीमा समस्या रहेको,

६. जिल्लाका सम्बन्धित निकाय बिच प्रभावकारी समन्वय नभएको,

७. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

८. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

५. **दोलखा :**

१. जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी नरहेको,

२. नियमित अनुगमन तथा कार्यविधि कार्यान्वयनमा तदारुकता नदेखिएको,

३. स्थानीय तह राजश्व सङ्कलनमा संवेदनशील नरहेको प्रति जन गुनासो व्यापक रहेको,

४. चोरी निकासी हुने गरेको तथा वर्षा याममा पनि उत्खनन नरोकिएको,

५. जिल्ला समन्वय समिति मार्फत IEE Report स्वीकृत नगरी टेन्डर गरी बिक्री वितरणलाई अनुमति दिइएको,

६. जिल्लाका सम्बन्धित निकाय बिच समन्वयको अभाव रहेको,

७. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

८. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका,

६. **नुवाकोट :**

१. जिल्ला समन्वय समितिले नियमित अनुगमन गर्ने गरेको,

२. अनुगमन भए पनि कार्यविधिको प्रभावकारी कार्यान्वयनमा भने समस्या रहेको,

३. प्रतिबन्धित समयमा जोखिम पूर्ण तरिकाबाट नदी किनारका स्थानीयवासीले नदी जन्य पदार्थको उत्खनन तथा सङ्कलन गर्ने गरेको,

४. मापदण्ड पुरा गर्न नसकेर जिल्लाका क्रसर उद्योगहरू बन्द रहनुका साथै प्रतिबन्धित समयमा केही एक्स्काभेटर नदीमा प्रयोग हुन नदिन ताला लगाएर राखिएको,

५. नियमित तवरले उत्खनन खोल्नुपर्ने माग रहेको,

६. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

७. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

७. **धादिङ :**

१. सबैभन्दा धेरै बालुवा प्रशोधन केन्द्र (फिरफिरे) रहेको,

२. अनुगमन भए पनि कार्यान्वयन हुन नसकेको,

३. प्रतिबन्धित समयमा जोखिम पूर्ण तरिकाबाट नदी किनारका स्थानीयवासीले नदी जन्य पदार्थको उत्खनन तथा सङ्कलन गर्ने गरेको,

४. क्रसर उद्योग र फिरफिरे (वासिङ सेन्टर) ले पृथ्वी राजमार्ग धुलाम्मे हुने गरेको, धुलोको कारण बस्ती तथा नदीमा प्रदूषण हुने गरेको,

५. व्यवस्थित ढङ्गले उपयोग गर्न सके नदी जन्य तथा खनिज जन्य पदार्थको स्रोत प्रशस्त रहेको,

६. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

७. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

८. **चितवन :**

१. गण्डकी प्रदेशको तुलनामा नदी तथा खनिज जन्य पदार्थको दररेट महँगो भएको,

२. टेन्डर प्रक्रियामा कर्मचारीलाई डर त्रास देखाएर प्रभावित बनाउन खोजेको,

३. व्यवसायीहरू मिलेर तोकिएको भन्दा कम दररेटमा टेन्डर हाल्ने प्रवृत्ति देखिएको,

४. चुरे, मध्यवर्ती र निकुञ्ज प्रभावित क्षेत्र रहेकाले राजश्व सङ्कलनमा समस्या रहेको,

५. जिल्ला समन्वय समितिले अनुगमन गरे पनि प्रभावकारी कार्यान्वयन नभएको,

६. स्थानीय तहका नदीको सिमानामा विवाद रहेको,

७. मौज्दात प्रमाणीकरणमा समस्या रहेको,

८. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

९. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका,

९. मकवानपुर :

१. जिल्ला समन्वय समितिले अनुगमन नियमित गरी रहेको,

२. असार मसान्त पछि क्रसर उद्योगहरू बन्द रहेको तर प्रदेश सरकारको निर्देशन पछि पुनः सञ्चालनमा आएको,

३. दुई नम्बर प्रदेशको भन्दा नदी तथा खनिज जन्य पदार्थको दररेट महँगो रहेको,

४. चुरे, मध्यवर्ती र निकुञ्ज प्रभावित क्षेत्र रहेकाले राजश्व उठाउन कठिनाइ रहेको,

५. खानी सञ्चालन गरे बापत स्थानीय तहलाई बुझाउनु पर्ने रोयल्टी नबुझाएको,

६. प्राकृतिक स्रोत र साधनहरू (चुनढुङ्गा, स्लेट) साथै क्रसर उद्योग र फिरफिरे प्रशस्त मात्रामा रहेकोले त्यसको व्यवस्थित उपयोग गर्न सके राजश्व सङ्कलनमा वृद्धि हुने,

७. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

८. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

१०. ललितपुर :

१. जिल्ला अनुगमन समितिको नियमित बैठक नबसेको र अनुगमन समेत नगरेको,

२. जिल्ला समन्वय समितिले अनुगमन गर्ने अधिकार स्थानीय तहलाई नै दिएको,

३. IEE स्वीकृत गर्ने नगरेको,

४. गोदावरी नगरपालिकाले प्रदेश सरकारको निर्देशन विपरीत उद्योगहरूलाई मापदण्ड पुग्ने स्थानमा स्थानान्तरण गर्न २ वर्षे समय दिएको,

५. जिल्ला समन्वय समिति आफ्नो क्षेत्राधिकार, काम, कर्तव्य प्रतिको बुझाइमा स्पष्ट नरहेको,

६. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

७. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

११. **काठमाण्डौं :**

१. काठमाण्डौं भित्रका नदीहरूबाट बालुवा, माटो, पाँगो लगायतका वस्तुहरू थुप्रिँदै जाँदा बस्ती जोखिममा रहेको,

२. निजी जग्गाको माटो, बालुवा उत्खननको विधि नहुँदा अध्ययनमा समस्या रहेको,

३. निजी खानीले घरायसी प्रयोजनका लागि उत्खनन भएको स्रोतको बिक्री वितरण गर्ने गरेकाले राजश्व सङ्कलनमा समस्या रहेको,

४. क्रसर उद्योग र फिरफिरे (वासिङ सेन्टर) कम रहेको,

५. केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

६. अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका।

१२. **भक्तपुर :**

१. सबै खानीहरू बन्द रहेको,

२. खानी जन्य पदार्थहरू प्रशस्त हुँदा हुँदै पनि स्थानीय तह राजश्व उठाउन गम्भीर नदेखिएको,

३. निजी खानीले घरायसी प्रयोजनका लागि उत्खनन भएको स्रोतको बिक्री वितरण गर्ने गरेकाले राजश्व सङ्कलनमा समस्या रहेको,

४. राजश्व राम्रै उठ्ने सम्भावना रहे पनि IEE तथा टेन्डर नगर्दा समस्या देखिएको,

५.	बन्द खानीहरू पुनः सञ्चालन गर्न सम्बन्धित निकाय उदासीन देखिएको जसले गर्दा राजश्व सङ्कलन हुन नसकेको,

६.	केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

७.	अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका ।

१३. **रसुवा :**

१.	वन, राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको नियमले राजश्व उठाउन समस्या रहेको,

२.	स्थानीय तहहरू कार्यविधिबारे अनभिज्ञ रहेको,

३.	IEE स्वीकृत विना उत्खनन र बिक्री गर्ने गरेको,

४.	मौज्दात प्रमाणीकरणमा समस्या देखिएको,

५.	प्रतिबन्धित समयमा जोखिम पूर्ण तरिकाबाट नदी किनारका स्थानीयवासीले नदी जन्य पदार्थको उत्खनन तथा सङ्कलन गर्ने गरेको,

६.	क्रसर उद्योग तथा फिरफिरे (वासिङ सेन्टर) कम रहेको,

७.	केही स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजश्व दाखिला गर्न बाँकी रहेको,

८.	अधिकांश क्रसर तथा खानी उद्योग र वाशिङ सेन्टरहरू मापदण्ड विपरीत सञ्चालनमा रहेका।

परिच्छेद-४

४.१ वातावरणविदसंगको छलफलका विषयबस्तुः

नदी तथा खनिज जन्य पदार्थका (सङ्कलन र उपयोग) को अवस्था र राजश्व सम्बन्धी अनुगमन उपसमितिले विभिन्न जिल्लाहरूमा गरेको अध्ययन तथा छलफलमा उठेका विषयवस्तुहरू, कार्यविधि तथा मापदण्डका विषयमा वातावरण विदहरुसंग २०७६ साल असोज २८ गते सानेपामा छलफल गरेको थियो।

छलफलका क्रममा उठेका बिषयवस्तुः

१.	बाह्य निकासी बन्द गर्दा चोरी निकासी बढ्ने।

२. वातावरण संरक्षण गरी प्राकृतिक स्रोत साधनको उपयोग तथा राजश्व सङ्कलन गर्नु पर्ने।

३. भौगोलिक अवस्था अनुसार मापदण्ड समयसापेक्ष सुधार गर्दै प्राविधिक सहितको मापदण्ड हेर्ने प्रदेश समिति बनाइनु पर्ने।

४. नदीमा मात्र भर नपरी खानी क्षेत्रबाट प्राकृतिक स्रोत साधन सङ्कलन र उपयोग गर्नु पर्ने।

५. कम गुणस्तरका नदी जन्य पदार्थहरू प्राप्त हुने नदी तथा खोलाहरूमा जम्मा पदार्थहरू नहटाउँदा बस्ती जोखिममा पर्ने हुँदा सरकारले नै त्यस्ता बस्तुहरू उत्खनन गरी हटाउने व्यवस्था गर्नु पर्ने।

६. IEE स्वीकृतिको प्रक्रिया लामो भएकोले घटाउनु पर्ने तथा संरक्षणको कार्य कडाइका साथ कार्यान्वयन गर्ने।

७. IEE गर्ने विज्ञको योग्यता तोकी दक्षता परीक्षण गर्ने संस्थाको व्यवस्था गर्नु पर्ने।

८. विज्ञको रोष्टर तयार गरी तिनीहरूबाट IEE गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने।

९. सङ्कटमा परेका जलचर लगायतका जीवजन्तुहरूको संरक्षण गर्न ढुङ्गा गिट्टी उत्खनन गर्दा तिनीहरूको वासस्थानमा असर पुर्याउन नहुने।

१०. नदीहरूमा चेक ड्याम बनाई ढुङ्गा गिट्टी बालुवा सङ्कलन गरी उपयोग गर्ने व्यवस्था गर्नु पर्ने।

११. प्रत्येक नदी खोलाको नदी जन्य पदार्थ उत्खनन गर्न नमिल्ने हुनाले कुन कुन स्थानबाट उत्खनन गर्न सकिन्छ भनी विस्तृत अध्ययन गराउनु पर्ने।

१२. नियम सजिलो अनुगमन कडा बनाउनु पर्ने।

१३. IEE मा तोकेको संरक्षण कार्य उत्खनन गर्नेले वा प्रदेश सरकारले उठेको राजश्वको निश्चित प्रतिशत छुट्टयाइ खर्च गर्नु पर्ने।

१४. प्रदेश सरकारले नदी तथा खनिज जन्य पदार्थहरूको उत्खनन परिमाण, उठेको राजश्व र संरक्षण कार्यको विवरण (स्थान र कार्य समेत) उल्लेख गरी समष्टिगत प्रतिवेदन सार्वजनिक गर्नु पर्ने व्यवस्था मिलाउनु पर्ने।

१५. IEE रिपोर्ट वैज्ञानिक ढङ्गले स्वीकृत गराई कार्यान्वयनमा ल्याएपछि मापदण्ड लगाई रहनु नपर्ने।

१६. नदी जन्य पदार्थहरूको उत्खनन र सङ्कलन गरी घाट गद्दी परिमाण अनुसार टेन्डर गर्दा राजश्व चुहावट नहुने।

४.२ विषयगत मन्त्रालयसँग भएको छलफलका विषयवस्तुः

नदी तथा खनिज जन्य पदार्थका (सङ्कलन र उपयोग) को अवस्था र राजश्व सम्बन्धी अनुगमन उपसमितिले विभिन्न विषयगत मन्त्रालयहरुसंग राजश्व सङ्कलनको हालको अवस्था, कार्यविधि तथा मापदण्डका विषयमा केन्द्रित भई प्रदेश सभा सचिवालयमा २०७६ साल कार्तिक ७ गते मन्त्रीज्युहरु, प्रमुख सचिव तथा मन्त्रालयका सचिवहरूसँग छलफल आयोजना गरेको थियो।

<u>छलफलका विषयः</u>

१. हालको राजश्व सङ्कलनको अवस्था तथा त्यसमा सुधार गर्न पर्ने क्षेत्रहरू,

२. प्रदेश सरकारले दहत्तर बहत्तर शीर्षकमा सङ्कलन हुने राजश्व प्रक्षेपणका आधारहरू के के हुन्,

३. कार्यविधि तथा मापदण्ड स्थानीय तहहरूमा समय सीमा भित्र नै उपलब्ध गराउने कार्य भयो या भएन,

४. प्रदेश स्तरीय अनुगमन समितिले यस विषयमा अध्ययन एवं अनुगमन गऱ्यो कि गरेन,

५. दहत्तर बहत्तर तथा क्रसर तथा वासिङ्ग सेन्टरहरूको सञ्चालनका विषयमा प्रदेश भरी एकरूपता कायम गरिएको छ कि छैन,

६. राजस्व सङ्कलनमा भएको प्रगतिको आवधिक अनुगमन एवं फलो अप (follow up) गर्ने गरिएको छ या छैन ?

परिच्छेद-५

<u>अध्ययन तथा बिश्लेषण</u>

५.१ संकलन र उत्खननको अवस्थाः

उत्खनन, सङ्कलन तथा बिक्री बितरण गर्दा सम्बन्धित क्षेत्रको भौगोलिक अवस्थाको वैज्ञानिक लेखाजोखा तथा आवश्यक अनुगमन तथा प्राविधिकको वातावरणीय पूर्व मूल्याङ्कन नगरी मापदण्ड विपरीत गहिराई, लम्बाइ, चौडाइ निर्धारण गरी नदी तथा खनिज जन्य पदार्थको अव्यवस्थित टेन्डर गर्ने गरिएको अध्ययनका क्रममा पाइयो। जिल्ला तथा स्थानीय तहको अनुगमन समितिले नदी तथा खनिज जन्य पदार्थको अवस्थाका बारेमा स्थलगत अध्ययन गर्नु

पर्नेमा त्यसो गर्ने गरेको पाइएन। प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृत नगराई केही स्थानहरूमा ठेक्का लगाइएको पाइयो। व्यवस्थित अध्ययन एवं अनुगमनको कमी तथा मौज्दात प्रमाणीकरणको प्रभावकारी संयन्त्र नहुँदा तोकिएको मात्रा तथा क्षेत्र भन्दा बढी मात्रामा उत्खनन तथा विक्रिवितरण हुने गरेको समेत अध्ययन अवलोकनका क्रममा भेटियो। एस्काभेटर प्रयोग गरी मापदण्ड भन्दा ठुला ठुला खाडल बनाई उत्खनन गरिएको पाइयो। एकातिर जथाभाबी उत्खननले भूक्षय बढ्नुका साथै वन विनाश हुने गरेको समेत देखियो भने अर्कातिर उत्खनन गर्ने अधिकांश स्थान निजी जग्गा वा अनुमति प्राप्त खानी नभई नदी नाला तथा सार्वजनिक जग्गाहरूबाट उत्खनन भइरहेको समेत भेटियो।

५.२ क्रसर उद्योग र वालुवा प्रशोधन केन्द्रहरुको अवस्थाः

क्रसर तथा वासिङ्ग सेन्टरहरू घरेलु तथा साना उद्योग विभाग एवं त्यस मातहतका कार्यालयबाट पुँजीको आधारमा दर्ता गर्ने गरिएको छ। दर्तापछि विषयगत कार्यालयहरूबाट समय समयमा अनुगमन नगर्ने तथा सम्बन्धित निकायहरूबाट यथोचित नियन्त्रण नहुँदा प्राकृतिक श्रोत साधनको दोहन हुनुका साथै वातावरणमा समेत प्रभाव पारेका देखिन्छ।

अधिकांश क्रसर उद्योग तथा बालुवा प्रशोधन केन्द्रहरू मापदण्ड विपरीत सञ्चालित रहेको छन। केही स्थानमा दर्ता नै नगरि उद्योग सञ्चालन भएको समेत पाइयो। कतिपय उद्योग दर्ता र सञ्चालन फरक फरक स्थानमा रहेको समेत पाइयो। प्रायः उद्योगहरू नदी किनारा, सडक छेउ तथा सार्वजनिक स्थलहरूमा सञ्चालित रहेका, जसले गर्दा प्राकृतिक श्रोत र साधनहरूको दुरुपयोग भइरहेको र वातावरणीय सन्तुलन बिग्रिएको देखियो। सडकहरू धुलाम्मे हुने, जलचरहरू नष्ट हुने, पानीको मुहानहरू प्रदूषित हुने, क्रसर एवं बालुवा प्रशोधन उद्योगबाट निस्केको धुलो एवं पाँगो माटो खेती योग्य जमिनहरूमा भरिँदा जमिनको उत्पादकत्वमा ह्रास आएको समेत पाइयो।

५.३ सामाजिक आर्थिक अवस्थाः

नदी किनारमा बसोबास गर्ने स्थानीयहरूको दैनिक रोजीरोटीको आय श्रोत ढुङ्गा, गिट्टी, बालुवा मै आश्रित देखिएको तर त्यसको सङ्कलन व्यवस्थित तवरले गर्नुको साटो वर्षा याममा समेत जोखिमपूर्ण तवरबाट समेत त्यसको सङ्कलन गर्ने परिपाटीले मानवीय क्षति समेत हुने गरेको छ। वाशिङ्ग सेन्टर तथा क्रसर उद्योगको स्थापना पश्चात् रोजगारीका अवसरहरू थप हुने देखिएता पनि जोखिम घटाउने तथा थप आय आर्जन हुने खालका रोजगारीका अवसर भने श्रृजना

भएको पाइएन। खोला किनारमा मदिरा जन्य पदार्थको बिक्री वितरण तथा यातायतमा आधारित रोजगारीको कारण केही आम्दानी बढे पनि जोखिम भने घटेको पाइएन। त्यसका साथै आशा गरे अनुरूप राजश्व सङ्कलन समेत सन्तोषजनक रूपमा हुन सकेको छैन। कुनै स्थानीय तहमा नदी तथा खानीहरू हुने तथा कुनै स्थानीय तहसंग सोही अनुपातको प्राकृतिक श्रोतहरू नहुँदा राजश्व सङ्कलनमा असमानता आउँदा विकासका गतिविधि सञ्चालन तथा आर्थिक उपार्जनमा एकरूपता नभएका कारण असमानता बढ्न जाने तथा सामाजिक सद्भाव बिग्रने जस्ता विषयहरूमा समेत थप ध्यान दिन जरुरी देखिन्छ। अर्का तर्फ नदी किनारका रैथाने बासिन्दाहरू नदी जन्य पदार्थका साथै परम्परागत तवरले जलचरमा समेत आश्रित हुने भएता पनि अव्यवस्थित खानी संचालन एवं उत्खननले त्यस्ता परम्परागत पेशा व्यवसायलाई समेत संकटमा धकेलेको अवस्था देखिन्छ।

५.४ सडक तथा सवारी साधनहरुको अवस्थाः

एका तर्फ सडक भार भन्दा बढी बोक्ने, पैसाका लागि मात्र प्रतिस्पर्धा गर्ने जस्ता कारणले यसमा आश्रित यातायात श्रमिकहरू हरपल जोखिमपूर्ण अवस्थामा रहेका छन् भने अर्को तर्फ सवारी चालक अनुमति पत्र बेगर तथा सानो उमेरमै यस्तो पेसामा लाग्दा यसले अन्य जोखिमहरू समेत थप गरेको पाइएको छ। यसरी व्यवसाय व्यवस्थित तथा सम्मानजनक बनाउन नसक्दा धुलाम्मे हुने, खाल्डाखुल्डी पर्ने जसका कारण सडक दुर्घटना बढ्ने तथा बस्तीहरूमा वातावरणीय प्रभाव समेत पारेको पाइयो।

५.५ संकलन र उत्खनन हुन नसकेको अवस्थाः

कतिपय नदी तथा खोलाहरूमा जथाभाबी उत्खननको अवस्था देखियो जसले भूक्षय लगायतका जोखिम बढेको पाइयो भने कतिपय स्थानमा त्यसको विपरीत ढुङ्गा, गिट्टी बालुवा ग्राभेल पाँगो माटो लगायतका अनुपयोगी वस्तुहरू थुप्रिदै जाँदा नदी खोलाहरूको सतह भन्दा माथि सम्म पुरिन आई सडक पुल बस्ती आदि जोखिममा रहेको अवस्था समेत देखियो। जस्तै : धोविखोला, मनोहरा, विष्णुमती, बाग्मती आदि।

५.६ समग्र वातावरणीय अवस्थाः

अध्ययनका क्रममा कतिपय स्थानहरूमा वातारणिय प्रभाव न्यूनीकरणका उपाय अवलम्बन नगरी उत्खनन गरिएको पाइयो भने वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका अध्ययनहरू प्रभावकारी तवरले गर्नुपर्नेमा औपचारिकताका लागि मात्र गर्ने गरेको भेटियो। जसले यस्ता कार्य गर्दा अपनाउनुपर्ने वातावरणीय पूर्व सावधानीका सर्तहरू अवलम्बन गरेको पाइएन। जसका कारण अव्यवस्थित तवरले ढुङ्गा गिट्टी, बालुवा उत्खनन र क्रसर तथा फिरफिरे उद्योगहरूको

सञ्चालनबाट वातावरणीय सन्तुलन बिग्रिएको पाइयो भने कतिपय अवस्थामा भूक्षय बढेको, सार्वजनिक वन अतिक्रमण बढेको तथा त्यसको दुरुपयोग बढेको समेत पाइयो। जथाभाबी उत्खनन गर्दा खेती योग्य जग्गा मासिँदै गएको, पिउने पानी प्रदूषित भएको तथा मुहानहरू प्रभावित हुनुका साथै सिँचाइ गर्ने पानी समेत लेदो भई उपयोगमा आउन नसकेको समेत देखिएको थियो। सडक खाल्डाखुल्डीका कारण दुर्घटना बढेको साथै धुलाम्मे सडक, अत्यधिक भार वाहक सवारीले पारेको खाल्डाका कारण राजमार्गहरू तथा छेउ छाउका बस्तीहरूमा समेत प्रत्यक्ष नकारात्मक असर परेको पाइयो। जसले मानवीय स्वास्थ्यमा समेत असर परेको थियो भने पुल तथा नदी किनारका बस्ती जोखिममा परेको, राजमार्ग, वन, जमिनमा भूक्षय बढ्न गई वातावरणमा नकारात्मक प्रभाव पारेको भेटियो।

५.७ प्राविधिक पक्षः

व्यवस्थित हिसाबले तोकिएको मापदण्ड अनुसार प्रविधि तथा प्राविधिक प्रयोग गरी IEE र EIA परीक्षण गराउने तथा अनुगमनमा समेत प्राविधिकको सहयोग लिने गरेको अध्ययनको क्रममा नदेखिएको। उद्योग सञ्चालन तथा टेन्डर मूल्याङ्कनमा समेत पर्याप्त तयारी तथा प्राविधिक पक्षलाई महत्त्व दिएको समेत भेटिएन।

५.८ कानुनी पक्षः

नेपालको संविधानले निर्धारण गरेका साझा अधिकारका सुचीका विषयमा समान धारणा बन्न नसक्दा कतिपय अवस्थामा सङ्घ, प्रदेश तथा स्थानीय तहले निर्धारण गरेका मापदण्ड तथा कार्यविधि बाझिने तथा अस्पष्टता समेत पाइएको छ। यसका साथै उद्योग तथा केन्द्रहरूको दर्ता तथा नवीकरणका विषयमा समेत स्पष्ट व्यवस्था हुन नसकेको।

परिच्छेद-६

राजश्व संकलनमा कमी हुनुका कारणहरु

१. आर्थिक वर्ष २०७५/०७६ सुरुको वर्ष भएकोले समय सीमा भित्र कार्यविधि जिसस तथा स्थानीय तहमा पुग्न नसक्दा IEE गर्ने र स्वीकृत गराउने प्रक्रिया ढिला भएकोले केही स्थानीय तहहरूमा टेन्डर हुन नसक्नु र टेन्डर भएका स्थानीय तहहहरुको उत्खनन र सङ्कलनको समय समेत छोटो अवधि रहेकोले राजश्व कम उठेको,

२. कानुनी अस्पष्टता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को पहिलो संशोधनले स्थानीय तहलाई नै नदी तथा खनिज जन्य पदार्थको उत्खनन, सङ्कलन र राजश्व उठाउने अधिकार दिएकोले अन्योल पैदा भएकोले,

३. कार्यविधि समयमानै जिल्ला र स्थानीय तहमा पुग्न नसक्नु, कुनै (जिल्ला र स्थानीय तह) लाई अहिले सम्म पनि जानकारी नभएको,

४. जिल्ला समन्वय र स्थानीय तहलाई आफ्नो काम कर्तव्य र अधिकार स्पष्ट नहुनु, जिम्मेवारी र जबाफदेही बोध नहुनु,

५. नदी जन्य पदार्थको परिभाषाले नदी र खोलाको बालुवा, ढुङ्गा, गिट्टी (दहत्तर/बहत्तर) मात्र हो की भन्ने बुझाइ रहेको, खानी र क्रसर उद्योगहरूबाट आउने राजश्व बुझाउनु नपर्ने बुझाइ रहेको साथै कार्यविधिमा स्पष्टता नभएको,

६. मापदण्ड विपरीत सञ्चालनमा रहेका तथा नवीकरण समेत नभएको उद्योग व्यवसायसँग राजश्व उठाउने टेन्डर गर्नु कति वैधानिक भन्ने प्रश्न रहेको,

७. केही स्थानीय तहहरूको विभाज्य कोषमा राजश्व दाखिला नगर्दा पनि हुन्छ भन्ने बुझाइ रहेकोले,

८. धेरै स्थानीय तहले समयमानै IEE रिपोर्ट बनाई स्वीकृत गराएर टेन्डर गर्न नसकेको, टेन्डर भएका ठाउँमा समयावधि छोटो रहेको (फाल्गुण मसान्तसम्म) भन्ने समस्या भई राजश्व नउठेको,

९. स्थानीय तह, स्थानीय समुदाय र व्यवसायी बिच समन्वय नहुँदा ठाँउ-ठाउँमा अवरोध श्रृजना भएको तथा केही व्यवसायी र स्थानीय तह बिचमा मुद्दा चलेकोले,

१०. केही स्थानीय तहले कर्मचारी र प्राविधिक समस्याका कारण चालु आ.ब. भित्र राजश्व जम्मा गर्न नसकेको,

११. दहत्तर बहत्तर टेन्डर गर्दा कुनै स्थानीय तहहरूले परिणाम भन्दा घटी र बढी टेन्डर गर्ने गर्दा नीतिगत चुहावट हुने र नीतिगत भ्रष्टाचार हुने सम्भावना रहेको,

१२. उत्खनन र बिक्री वितरण कार्यको अभिलेख तयार गर्दा परिणाममा घटबढ हुन गई राजश्व चुहावट हुने,

१३. केही स्थानीय तहहरूले अमाननतबाट बिक्री वितरण गर्ने नियतका साथ परिमाण भन्दा बढाएर टेन्डर गर्ने जसले गर्दा व्यवसायीहरू मिलीजुली टेन्डर नहाल्ने र स्थानीय तहले अमानतबाट बिक्री वितरण कार्य गर्दा राजश्व चुहावट हुने देखिएको,

१४. खानी तथा क्रसर उद्योगहरू कहिले खोल्ने र कहिले बन्द गर्ने प्रक्रियाले राजश्व उठाउन समस्या रहेको,

१५. आर्थिक मामिला तथा योजना मन्त्रालयले राजश्व सम्बन्धी स्थानीय तहहरूसँग समन्वय तथा ताकेता/फलो अप नहुँदा समेत राजश्व कम उठेको,

१६. राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे, बन लगायतका क्षेत्रहरूमा उत्खनन तथा विक्री वितरण गर्न विभिन्न कानुनी जटिलता रहेकाले कम राजश्व सङ्कलन हुने गरेको,

परिच्छेद-७

निश्कर्ष, सुझाव एवं सिफारिस

७.१ निश्कर्षः

यस प्रदेश भित्रका नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तरले उल्लेख गरेको बस्तुहरू साथै खानी, क्रसर र फिरफिरेहरूबाट जम्मा हुने राजश्वको अवस्था निकै सन्तोषजनक देखिएको छ। प्रदेश सरकारले आ.ब. २०७६/०७७ मा लिएको २ अर्ब ५० लाख लक्ष्य पुरा हुने देखिन्छ। यस सम्बन्धी बनेका ऐन नियम र कार्यविधि सही ढङ्गले लागु हुन सकेको छैन। प्राकृतिक श्रोत र साधनहरूको सङ्कलन र उपयोग व्यवस्थित र नियन्त्रित गर्न सक्दा राष्ट्र निर्माणको प्रक्रियामा महत्त्वपूर्ण योगदान पुग्दछ।

नदी तथा खनिज जन्य पदार्थको उत्खनन र विक्रि वितरण अव्यवस्थित र अनियन्त्रित छ, जसले गर्दा वातावरणीय सन्तुलन बिग्रिएको छ। नदी किनारा, सडक छेउछाउ तथा बस्ती नजिक उत्खनन र उद्योग सञ्चालनले गम्भीर समस्याहरू पैदा गरेको छ। खास गरी नदी खोलाहरूबाट जथाभाबी उत्खननले नदीहरूको धार परिवर्तन, भूक्षय, ठुलठुला खाडलहरूले मानवीय क्षति, नदी किनाराका खेती योग्य जमिन बगरमा परिणत, जलचरको विनाश, खाने पानी एवं सिँचाई समेत प्रभावित भएको देखिन्छ। साथै क्रसर तथा फिरफिरेहरूले प्राकृतिक स्रोत र साधनहरूको दोहन तथा सडक, बस्ती र खोला नदीमा विकारयुक्त धुलो (डष्ट) फ्याँक्ने, बस्ती तथा सडक धुलाम्मे भइरहेको छ।

प्रदेश भित्रका खानी तथा क्रसर, फिरफिरेहरू अधिकांश मापदण्ड विपरीत सञ्चालित रहेका छन्। लामो समय देखि क्रसर तथा फिरफिरे उद्योगहरूको नियमन, अनुगमन तथा नवीकरण समेत भइरहेको छैन जसले गर्दा वैध, अवैध छुट्ट्याउन र नियन्त्रण गर्न समस्या

परेको छ। प्रदेश सरकारले बनाएको नदी जन्य पदार्थ सम्बन्धी कार्यविधि तथा मापदण्ड हाम्रो भौगोलिक अवस्था अनुकूल नरहेको, प्रदेशको भौगोलिक अवस्था फरक फरक रहेकोले समयानुकूल एवं व्यवहारिक कार्यविधि तथा मापदण्ड बनाई लागू गर्नु पर्ने देखिन्छ। जिल्लाहरूमा प्रायः बन क्षेत्र, निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे लगायतका क्षेत्रमा छुट्टै नियम कानुनहरू रहेकोले उक्त क्षेत्रमा उत्खनन र बिक्री वितरणमा समस्या पैदा भइरहेको पाइन्छ। तसर्थ संघीय सरकारसँग समन्वय गरी नियम कानुनहरू वातावरण मैत्री एवं उद्योग मैत्री बनाउन पहल गर्नु पर्दछ।

संघीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५) मार्फत स्थानीय तहको एकल अधिकार भित्र नदी तथा खनिज जन्य पदार्थ उत्खनन, सङ्कलन तथा बिक्री वितरण गर्न पाउने व्यवस्था गरिनुले सङ्घीय सरकार संविधानले व्यवस्था गरेको साझा अधिकार सूची प्रति गम्भीर देखिँदैन। संविधानतः व्यवस्था भएका अधिकार रक्षाका लागि समयमै प्रदेश सरकार र सम्बन्धित मन्त्रालयले समन्वय तथा अधिकार रक्षार्थ पहल गर्नु पर्दछ। यदि स्थानीय तहलाई मात्र एकल अधिकार दिने हो भने श्रोतको उपलब्धता भएका र नभएका स्थानीय तह बिच आर्थिक असन्तुलन पैदा भई द्वन्द्व बढ्नुका साथै विकास निर्माणमा अस्वस्थ प्रतिस्पर्धा हुन जान्छ। सङ्घीयता कार्यान्वयन तथा साझा अधिकारका सूचीहरू क्रमशः खोसिँदै जान सक्छ यस्तो विषयमा समयमा नै संवेदनशील बन्न जरुरी छ।

राजश्व सङ्कलनको सम्बन्धमा स्थानीय सरकार र जिल्ला समन्वय समितिलाई जिम्मेवार र जबाफदेही बनाउनु पर्ने देखिन्छ। प्रदेशको सम्बन्धित मन्त्रालयले एक पटक विज्ञ सम्मिलित अनुगमन समिति बनाई उद्योगहरूलाई नियम कानुन बमोजिम सञ्चालन गर्न, मापदण्ड विपरीत भएकालाई बन्द गर्न तथा राष्ट्रनिर्माणको अति आवश्यक पदार्थ ढुङ्गा, गिट्टी, बालुवाहरुको सही ढङ्गले उपयोग गर्न नियमन, अनुगमन तथा नियन्त्रणका प्रक्रियाहरू तत्काल सुरु गर्नु पर्दछ। उद्योग मैत्री वातावरण बनाउन स्थानीय सरकारलाई जिम्मेवार र जबाफदेही बनाउनु पर्दछ जसले गर्दा वातावरणीय सन्तुलन बिग्रन नपाओस् साथै मापदण्ड विपरीत अवैध ढङ्गले सञ्चालित उद्योगहरू मापदण्ड भित्र ल्याउन सकियोस्। नियम कानुन बमोजिम उत्खनन, सङ्कलन एवं बिक्री वितरण तथा उद्योगहरू सञ्चालन गर्दा लक्षित राजश्व सङ्कलन हुने अवस्था बन्दछ।

७.२ सुझावः

नदी तथा खनिजजन्य पदार्थ (संकलन र उपयोग) को अवस्था र राजश्व सम्बन्धी अनुगमन उपसमितिले राजश्वको लक्ष्यमा पुग्न निम्न बिषयहरुमा केन्द्रित रही सुझावहरु पेश गरिएको छ:

१ कार्यविधिको शीर्षक नदी तथा खनिज जन्य पदार्थ (सङ्कलन र उपयोग) कार्यविधि राख्नु पर्ने तथा प्रस्तावना र परिभाषामा खानी समेत उल्लेख गरी परिभाषित गर्नु पर्ने,

२ नदी तथा खानी जन्य पदार्थ सम्बन्धी उपयोग–उत्खनन र विक्री गर्ने कार्यविधि तथा कानुनी व्यवस्था जिल्ला समन्वय समिति र स्थानीय तह सम्म अनिवार्य पुऱ्याउनुपर्ने,

३ कार्यविधि र मापदण्ड वारे सम्बन्धित मन्त्रालयले जिल्ला समन्वय समिति र स्थानीय तहलाई अभिमुखीकरण, अन्तर्क्रिया, तालिम मार्फत जानकारी दिनुपर्ने,

४ कार्यविधिमा व्यवस्था गरिए बमोजिम EIA र IEE प्रतिवेदन बनाएर स्वीकृत भइसके पछि अन्य मापदण्ड तोकी रहनु नपर्ने,

५ EIA र IEE गर्न विज्ञहरूको कार्यविधि निर्माण गरी मापदण्ड बनाई रोष्टर तयार गर्ने तथा विज्ञ सम्मिलित कन्सल्टेन्सीको सुचीकृत गर्ने व्यवस्था गरिनु पर्ने,

६ EIA र IEE प्रतिवेदनको प्रभावकारी कार्यान्वयनको लागि एक विज्ञ टोली बनाइनुपर्ने,

७ तोकिएको मापदण्ड कार्यान्वयन भए नभएको अनुगमन गर्न तथा अन्तर जिल्लागत तथा अन्तर स्थानीय तहगत सिमाना लगायत विवाद हल गर्न प्रदेशले एक प्राविधिक टोलीको व्यवस्था गर्नु पर्ने,

८ प्रत्येक स्थानीय तहले आफूले उत्खनन र बिक्री गर्नका लागि टेन्डर प्रक्रिया र तोकिए अनुसार भए नभएको प्रतिवेदन तयार गरी जिल्ला समन्वय र प्रदेशमा रिपोर्ट बुझाउनुपर्ने व्यवस्थालाई अनिवार्य कार्यान्वयनमा ल्याउनु पर्ने,

९ जिल्ला अनुगमन समितिलाई अनुगमनका लागि बजेट खर्च व्यवस्था गरिनु पर्ने साथै अनुगमनका लागि प्राविधिकको व्यवस्था गरिनुपर्ने,

१० प्राकृतिक श्रोत र साधनको दोहन रोक्न प्रहरी प्रशासनलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्नु पर्ने,

११ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे लगायतको प्रभावित क्षेत्र भित्र उत्खनन र विक्री वितरणको निम्ति प्रदेश सरकारले स्थानीय तह जिल्ला र सम्बन्धित कार्यालय सँग समन्वय र सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने,

१२ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र, चुरे क्षेत्रहरूको नियम, कानुन पुरानो र व्यवहारिक नभएकाले संशोधनको निमित्त सङ्घीय सरकारसँग समन्वय गरी व्यवहारिक कानुनी व्यवस्था गर्न पहल गर्नुपर्ने,

१३ वन सम्बन्धी नियम कानुन उद्योग मैत्री तथा व्यवहारिक बनाउनु पर्ने,

१४ उद्योग मैत्री वातावरण सृजना गर्न क्रसर उद्योग, वाशिङ सेन्टर, खानी लगायतको व्यवसायसँग सम्बन्धित विषयमा स्थानीय तह र प्रदेश सरकारले औद्योगिक क्षेत्र तोकी दिनुपर्ने,

१५ क्रसर उद्योग, खानी तथा वाशिङ सेन्टरको नवीकरण गर्न मापदण्ड पुगे नपुगेको अनुगमन गरी तत्काल नवीकरण गर्नु पर्ने,

१६ नवीकरण गर्दा शत प्रतिशत मापदण्ड बाहिर रहेकाहरूलाई बन्द गर्नु पर्ने,

१७ दर्ता गर्दा एक स्थान तथा सञ्चालन अर्कै स्थानमा रहेका उद्योगहरूलाई बन्द गर्नु पर्ने,

१८ दर्ता प्रक्रिया पुरा गरेका तर मापदण्ड पुर्णरुपले पुरा गर्न नसकेकाका हकमा स्थानान्तरणको निम्ति निश्चित समयावधि तोकी मापदण्ड पुरा गर्ने व्यवस्था मिलाउन स्थानीय तहले पहल गर्नु पर्ने,

१९ खानी तथा स्रोतहरूको सुनिश्चितता विना क्रसर उद्योग सञ्चालन गर्न दिनु हुँदैन,

२० कतिपय ठाउँमा नदी तथा खोलाहरू थुनेर क्रसर तथा वाशिङ सञ्चालित छन् यस्तो अवस्था तत्काल हटाउन पहल गर्नु पर्ने,

२१ नदी तथा खोलामा सञ्चालित उद्योगहरूले टेन्डर विना ढुङ्गा गिट्टी, बालुवा चोरी निकासी गरिरहेकाले प्राकृतिक स्रोत तथा साधनहरूको दोहन रोक्न प्रभावकारी अनुगमन गर्नुपर्ने,

२२ नदी तथा खोला किनारामा उद्योग सञ्चालन गर्दा किनाराका (दहत्तर बहत्तर) ढुङ्गा गिट्टी बालुवाको दुरुपयोग मात्र होइन प्राकृतिक र वातावरणीय सन्तुलन समेत बिग्रिएकोले अनुगमन तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउनु पर्ने,

२३ खोला तथा नदीको पानी क्रसर तथा वाशिङ सेन्टरका कारण १२ महिना नै पुरै धमिलिने गरेको, जसले गर्दा खानेपानीमा ठुलो समस्या परेको साथै सिँचाई गर्न नमिल्ने गरी पानी प्रदूषित भएको, जलचर लगायतलाई असर परेकोले यसको नियन्त्रणमा कडाइ गर्नुपर्ने,

२४ बालुवा प्रशोधनबाट निस्किएको धुलो जन्य विकार/वस्तु मानव स्वास्थ्यका लागि निकै हानिकारक हुने हुँदा मानव स्वास्थ्यमा असर परेको तथा त्यसकै कारण खेतियोग्य जमिनमा समेत नकारात्मक प्रभाव पारेकोले सोको व्यवस्थापन गर्न कडाइका साथ निर्देशन दिनु पर्ने,

२५ नदी किनारामा बनेका स्थानीय तथा राष्ट्रिय राजमार्ग नदी जत्तिकै प्रभावित रहेको, जसले लाखौं यात्रीहरूको स्वास्थ्यमा प्रत्यक्ष असर परेकोले त्यस्ता जोखिम बढाउने गरी सञ्चालनमा रहेका खानी तथा उद्योगहरू नियन्त्रण गरिनु पर्ने,

२६ ढुङ्गा, गिट्टी, बालुवा बोक्ने सवारी साधनहरू सडकको क्षमता भन्दा ठुला गाडी नियम विपरीत सञ्चालन गर्दा बाटोमा खाल्डा पर्ने तथा सडक बिग्रिने गरेको पाइएकोले मापदण्ड भन्दा बढी भार वाहक सवारीको व्यवस्थापनमा कडाइ गर्नुपर्ने,

२७ राष्ट्रिय गौरवका आयोजनाहरूको नाममा सञ्चालित क्रसर, बालुवा उद्योग तथा खानीहरू आयोजना सम्पन्न भइसकेपछि पनि सञ्चालित रहने गरेकाले आयोजना सम्पन्न भएपश्चात् अनिवार्य बन्द गरिनु पर्ने,

२८ राष्ट्रिय गौरवको आयोजनाको नाममा सञ्चालित योजनाहरू सम्पन्न गर्न ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन गर्न कुनै पनि तहको अनुमति समेत नलिई काम गरी रहेकाले अनुमति लिने र प्रदेशले तोकेको राजश्व बुझाउने र उठाउन स्थानीय तहलाई निर्देशन दिनु पर्ने,

२९ खानीहरूको रोयल्टी वर्षौं अगाडी देखिको मूल्यमा उत्खनन र बिक्री भइरहेकोले समय सापेक्ष दररेट परिमार्जन गरिनु पर्ने,

३० खानीहरूको रोयल्टी बापत प्राप्त हुने राजश्व प्रभावित क्षेत्रका स्थानीय तह र प्रदेश सरकारलाई समेत व्यवस्था गरिनुपर्ने,

३१ टेन्डर प्रक्रियामा ठेकेदार वा स्थानीयहरूको मिलेमतोमा IEE ले तोकेको वा प्राविधिकहरूले मूल्याङ्कन गरेको भन्दा निकै कम रकममा टेन्डर स्वीकृत हुने गरेको देखिएकाले यसको नियन्त्रण गर्नु पर्ने,

३२ स्थानीय सरकार तथा सम्बन्धित निकायले उत्खनन गरेर भण्डारण गर्ने, त्यसपछि मौज्दात प्रमाणीकरण मूल्याङ्कन गरी टेन्डर मार्फत बिक्री वितरण प्रक्रिया गर्नुपर्ने साथै मौज्दात प्रमाणीकरण गर्ने अधिकार जिल्ला समन्वय समितिलाई दिनुपर्ने,

३३ IEE रिपोर्ट तयार गर्दा प्राविधिकले गुगल सर्च तथा कपि पेस्ट गरी प्रतिवेदन बुझाउने गरेकोले सम्बन्धित निकायले ध्यान दिनुपर्ने,

३४ बर्षायाममा पनि बालुवा उत्खनन र सङ्कलन गरिरहेको देखिएकोले नियन्त्रण गर्नु पर्ने,

३५ मेसिन प्रयोग गरी उत्खनन भएका केही ठाउँमा गहिरो खाडल भई मानवीय क्षति भैरहेकोले उत्खननको अनुगमन कडाइ तथा उत्खनन पछि घेरा वार (खतरा) सङ्केत राख्ने वा पुर्ने व्यवस्था मिलाउनु पर्ने,

३६ भौगोलिक बनावटको कारण खास गरी भित्री मधेस, चुरे, महाभारत, पहाड, उपत्यका तथा हिमाली क्षेत्रका ढुङ्गा, गिट्टी, बालुवा, पाङ्गो माटो लगायतका फरक गुणस्तरका पदार्थहरू पाइने हुँदा एउटै मूल्य कर लगाउनु वैज्ञानिक नहुने हुँदा नदी तथा खनिज जन्य पदार्थको वर्गीकरण गर्नु पर्ने,

३७ नीजि जमिन तथा खानीहरूबाट निकालिने माटो तथा बालुवा उत्खनन र बिक्री वितरण गर्दा राजश्व तिरेको पाइएन तसर्थ कार्यविधिमा भएको र तोकिएको व्यवस्था अनुसार राजश्व सङ्कलन गर्न स्थानीय तहलाई निर्देशन दिनु पर्ने,

३८ व्यवसायीहरूले अहिलेसम्म आयकर तिर्ने गरेको देखिएन तसर्थ मूल्य अभिवृद्धि कर तथा आयकरलाई कडाइका साथ तिर्ने व्यवस्था गरिनु पर्ने,

३९ जरिवाना गरिएको रकम कहाँ जम्मा गर्ने स्पष्ट नभएकाले स्पष्ट पारिनु पर्ने,

४० कारबाही तथा जरिवाना सम्बन्धी अधिकार जिल्ला समन्वय समितिलाई दिइनुपर्ने,

४१ समयमा राजश्व नबुझाउने वा गम्भीर तवरले राजश्व सङ्कलनमा नलाग्ने, उदासीनता देखाउने, अटेर गर्ने स्थानीय तहको सशर्त, विशेष, वित्तीय समानीकरण तथा समपूरक अनुदानहरू कटौती गर्ने व्यवस्था गर्नुपर्ने,

४२ राजश्व सङ्कलन र समयमा नै बुझाउने स्थानीय तहलाई प्रोत्साहन कार्यक्रम राख्नु पर्ने,

४३ राजश्वको अवस्था बुझ्न विवरण सङ्कलन गर्न सम्बन्धित मन्त्रालयले छुट्टै डेस्क राख्नुपर्ने,

४४ क्रसर एवं बालुवा प्रशोधन केन्द्र सञ्चालनमा विभिन्न तहका जन प्रतिनिधि एवं राजनीतिक नेतृत्वको संलग्नता तथा शेयर सहभागिता रहेका कारण ती उद्योगहरूले प्रचलित मापदण्ड लागू गर्न अटेर गरेको भन्ने जन गुनासो व्यापक ढङ्गले आएको सन्दर्भमा यथार्थ स्थिति के, कसो हो सो को बारेमा प्रदेश सरकारले सम्बन्धित उद्योगहरूको सञ्चालक वा प्रत्यक्ष, अप्रत्यक्ष संरक्षणमा रहेका व्यक्तिहरूको बारेमा अध्ययन गरी सत्य तथ्य बाहिर ल्याउनु पर्ने,

४५ राजश्वको अवस्था वारे वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने,

४६ राजश्वको प्रक्षेपण वैज्ञानिक हुनुपर्ने,

४७ नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खनन जथाभाबी गरिदा मापदण्ड विपरीत बस्ती, सडक, नदीनाला लगायतका क्षेत्रमा प्रदूषण बढी वातावरणीय सन्तुलन बिग्रेकोले उक्त कार्य नियन्त्रण तथा बन्द गरिनु पर्ने,

४८ नदी तथा खनिज जन्य उद्योग सञ्चालन तथा उत्खननबाट जलचर विनाश भइरहेकोले जलचर संरक्षण तथा प्रवर्धनका लागि नियन्त्रणका उपायहरू खोजिनु पर्ने,

४९ क्रसर तथा खानी उद्योगहरु सञ्चालन गर्दा जलचरहरु लोप हुन गई जलचरमा आश्रित समुदायको आय आर्जन र रोजीरोटी संकटमा पर्ने भएकोले उचित व्यवस्था गर्नु पर्ने,

७.३ सिफारिसः

नदी तथा खनिज जन्य पदार्थ (संकलन र उपयोग) को अवस्था र राजश्व सम्बन्धी अनुगमन उपसमितिले १३ वटा जिल्लामा अध्ययन तथा छलफल पछि लागू गर्नु पर्ने केही विषयवस्तु सम्बन्धित निकायमा पुर्याउन निम्न सिफारिस गर्दछ:

१. कार्यविधि तथा मापदण्ड सम्वन्धमाः

१ कार्यविधि तथा मापदण्ड व्यवहारिक नभएकोले कार्यान्वयन गर्न कठिनाइ देखिएकाले यस्ता कार्यविधिहरू भूगोल तथा अन्य अवस्था समेत हेरी समयानुकूल परिमार्जन गर्नुपर्ने,

२ अध्ययनका क्रममा IEE तथा EIA प्रतिवेदनहरूको गुणस्तर अत्यन्तै कमजोर देखिएकाले विज्ञहरूको सुची निर्माण गरी सुचीकृत विज्ञहरुमात्रले यस्ता अध्ययन गर्न पाउने व्यवस्था गर्ने, यसरी IEE र EIA गर्ने व्यवस्था भइसके पश्चात् मापदण्ड तोकिरहनु नपर्ने,

३ अन्यथा विद्यमान कार्यविधि परिमार्जन गरी नयाँ मापदण्ड निर्धारण गर्न जिल्ला र स्थानीय तहलाई मध्यनजर गरी भूगोल अनुसार बनाउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

४ कार्यविधि तथा मापदण्ड समयानुकूल, वैज्ञानिक तथा व्यवहारिक बनाउन प्रदेश सरकारलाई सङ्घीय सरकारसँग समन्वय गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

५ नदी तथा खनिज जन्य पदार्थ (दहत्तर बहत्तर) सम्बन्धी राजश्व सङ्कलन गर्ने अधिकार स्थानीय तहलाई मात्र दिँदा आर्थिक असमानता, विकासमा असन्तुलन, सामाजिक द्वन्द्व हुने, प्राकृतिक श्रोत उपलब्ध हुने तथा नहुने स्थानीय तहका बिच द्वन्द्व तथा अस्वस्थ प्रतिस्पर्धा समेत हुने हुँदा साझा अधिकारभित्र रहेको व्यवस्था कायम राख्न प्रदेश सरकारले संघीय सरकार समक्ष आवश्यक राजनीतिक एवं कानुनी पहल लिनुपर्ने,

६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५) ले संविधानमा निर्दिष्ट गरेको साझा अधिकारको सुची भित्र रहेको हकको गम्भीर उल्लङ्घन हुने भएकाले सो प्रावधान हटाउन सङ्घीय सरकारसँग समन्वय गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउने,

७ समग्र वातावरणीय प्रभावलाई मध्यनजर गर्दै प्राकृतिक श्रोत र साधनहरूको उत्खनन, सङ्कलन र विक्रिवितरण गर्न गराउन सम्बन्धित सबैलाई निर्देशन दिने,

८ जथाभाबी उत्खनन गर्दा नदीको धार परिवर्तन गरी खेतीयोग्य जमिन मासिने तथा राजमार्ग तथा पुल पुलेसाहरू जोखिममा परिरहेकाले यस्ता कार्य रोक्न निर्देशन दिने,

९ वन, राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र तथा चुरेको ऐन नियम व्यवहारिक नभएको हुँदा समयानुकूल परिमार्जनका लागि सङ्घीय सरकारसँग समन्वय गरी संशोधनका लागि पहल गर्न प्रदेश सरकारलाई निर्देशन दिने,

२. क्रसर उद्योग तथा वासिङ्ग सेन्टर सम्वन्धमाः

१ राष्ट्रिय गौरवका आयोजनाको नाममा सञ्चालित खानी, क्रसर उद्योग तथा वासिङ सेण्टरहरु आयोजना सम्पन्न भए पश्चात् पनि सञ्चालनमा रहेकाहरूलाई बन्द गर्न निर्देशन दिने,

२ दर्ता प्रक्रिया बेगर सञ्चालनमा रहेका खानी, क्रसर तथा वासिङ्ग सेन्टरहरू प्रदेश स्तरीय अधिकार सम्पन्न अनुगमन समिति बनाई प्रभावकारी अनुगमन गरी अनुमति बेगर सञ्चालित उद्योगहरूलाई बन्द गर्ने,

३ दर्ता प्रक्रिया पुरा गरेका तथा केही मापदण्ड पुरा गर्न नसकेकाहरूको हकमा निश्चित समयावधि दिई स्थानान्तरण समेत गरी मापदण्ड पुरा गर्न निर्देशन दिने साथै सार्वजनिक जग्गा तथा नदीनाला किनारका खानी, क्रसर तथा वासिंग सेन्टरहरूले प्राकृतिक श्रोत र साधनहरूको दोहन गरिरहेकाले त्यसको तत्काल नियन्त्रण गर्नुपर्ने,

४ क्रसर उद्योग तथा वासिङ्ग सेन्टरहरूले आफ्नो खानी देखाए पछि मात्र सञ्चालन अनुमति दिनुपर्ने,

५ क्रसर उद्योग तथा वासिङ्ग सेन्टरहरूको २०७२ साल देखि नै नवीकरण नभएको हुँदा अवैध उद्योगहरूबाट राजश्व असुल गर्नु वैधानिक नहुने हुँदा मापदण्ड पुरा गरेका उद्योगहरूलाई अविलम्ब नवीकरण गराउन प्रदेश सरकारलाई निर्देशन दिने,

६ खानी सञ्चालन गर्दा IEE र EIA प्रतिवेदनको गहन अध्ययन एवं सुझाइएका विषयहरूको परिपालनाको सुनिश्चितता पश्चात् स्वीकृत गर्ने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

७ नदी नालाको किनारा तथा राष्ट्रिय राजमार्ग आसपास क्रसर उद्योग, खानी तथा बालुवा प्रशोधन केन्द्र सञ्चालन अनुमति नदिन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

३. राजश्व सम्वन्धमाः

१ जिल्ला अनुगमन समितिलाई अनुगमन व्यवस्थापन गर्न निश्चित प्रतिशत राजश्व छुट्ट्याउने तथा त्यस कार्यमा संलग्न हुने सुरक्षाकर्मीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने,

२ समय अवधिभित्र नै टेन्डर नगर्दा राजश्व सङ्कलन ढिला हुने तथा चुहावट समेत भएकोले IEE र EIA प्रतिवेदन बन्द अवधि (आषाढ, श्रावण र भाद्र महिना) भित्र स्वीकृत गरी समय मै टेन्डर प्रक्रिया सुरु गर्ने व्यवस्था गर्न निर्देशन दिने,

३ उत्खनन तथा सङ्कलनका लागि छुट्टै कार्यविधि बनाउने तथा सङ्कलित मौज्दातको प्रमाणीकरण गरी त्यसको विक्री वितरणका लागि छुट्टै ठेक्का लगाउने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिने,

४ प्राकृतिक श्रोत र साधनहरूको बिक्री वितरण गर्दा गुणस्तर तथा भूगोलका आधारमा वर्गीकरण गरी वैज्ञानिक दररेट निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने,

५ कतिपय जिल्लाहरूले नदी किनारका स्थानीयहरूको आर्थिक उपार्जनका लागि वर्षायाममा पनि जोखिमपूर्ण तरिकाबाट बालुवा तथा रोडा सङ्कलन गर्ने अनुमति दिएकाले मानवीय क्षति बढिरहेको हुँदा यसको रोकथामका लागि चेक ड्याम लगायतका विधिहरू अपनाई सुरक्षित तवरबाट मात्र सङ्कलनको अनुमति दिनका लागि सम्बन्धित जिल्लाहरूलाई निर्देशन दिने,

६ उत्खनन गरी सङ्कलन भएका वस्तुहरूको मौज्दात (स्टक) प्रमाणीकरणको व्यवस्था विद्यमान कार्यविधिमा उल्लेख नभएकोले चोरी निकासी हुने तथा मौज्दात रहि रहँदा बिक्री वितरण नभई राजश्व सङ्कलनमा प्रभाव परेकोले कार्यविधिमा मौज्दात प्रमाणीकरणको व्यवस्था गरी बिक्री वितरण गर्न अनुमति दिन निर्देशन दिने,

७ राष्ट्रिय गौरवका आयोजनाहरूले नदीजन्य पदार्थहरूको उत्खनन र उपयोग गर्दा सम्बन्धित तहसँग समन्वय नगरेको पाइएकाले त्यस्तो प्रयोजनको लागि उपयोग गर्दा स्थानीय तहसँग समन्वय गरी तोकिएको राजश्व अनिवार्य लिने व्यवस्था गर्नका लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

८ राजश्व सङ्कलन समन्वयको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा छुट्टै डेस्कको व्यवस्था गर्नु पर्ने तथा तीन-तीन महिनामा राजश्व सङ्कलनको विवरण सार्वजनिक गर्नु पर्ने,

९ चोरी निकासी तथा राजश्व छली गर्नेलाई कारबाही गर्ने व्यवस्थामा रहेको प्रचलित कानुन बमोजिम भन्ने विषयलाई स्पष्ट रूपमा कार्यविधिमा राखिनु पर्ने साथै जरिवाना रकम कहाँ जम्मा गर्ने स्पष्ट खुलाउनु पर्ने,

१० व्यवसायीहरूले सम्बन्धित उद्योगबाट प्राप्त मुनाफाको २५% लाभकर बुझाउनु पर्ने व्यवस्था लागू गर्नु पर्ने,

११ एक स्थानीय तहबाट अर्को स्थानीय तहमा जाँदा पटकै पिच्छे लिँइदै आएको बिक्रि कर तथा निकासी करको व्यवस्था हटाई बिक्रि कर एक पटक मात्र लिन पाउने र निकासी कर एक जिल्लाबाट अर्को जिल्लामा जाँदा मात्र लिन पाउने व्यवस्था गर्नुपर्ने।

परिच्छेद-४

महालेपरीक्षकको बार्षिक प्रतिवेदन २०७५ ले औंल्याएको बेरुजूका सम्बन्धमा भएका निर्णयहरु

मिति २०७७/०२/२६ गते देखि मिति २०७७/०२/३० गते (बैठक संख्या ३३ देखि ४१) सम्म प्रदेश मन्त्रालय, सचिवालय र मुख्यन्यायधिवक्ताको कार्यालयको बेरुजूका सम्बन्धमा भएको निर्णयहरु।

बैठक संख्याः ३३

मितिः २०७७/०१/२६ बिहान ८ बजे

१. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः

क) नीति तथा कार्यक्रम अनुसार कार्यसम्पादन गर्न/गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गर्न/गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराइ कार्यसंचालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) खानी तथा उद्योगको उचित प्रबन्ध तथा व्यवस्थापनको लागि संघीय सरकारसंग समन्वय गरी प्रदेश भित्र रोजगारी तथा उत्पादन तर्फ उचित ध्यान दिइ खानी अन्वेषण र व्यवस्थापन तर्फ हालसम्मको प्रगति यथाशिघ्र समितिलाई जानकारी गराउन निर्देशन दिने।

च) राज्यले उपलबध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्धेश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालय र मातहतका निकायको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

ज) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ३४
मितिः २०७७/०१/२६ बिहान ११ बजे

२. प्रदेश सभा सचिवालयः

क) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराइ कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन गर्ने।

ख) सचिवालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ग) प्रदेश सभाका पदाधिकारीहरुको मासिक सुविधा भुक्तानी प्रचलित ऐन बमोजिम भएकाले सोही अनुसार गर्न निर्देशन दिने।

घ) पदाधिकारीहरुको आवास तथा घरभाडा सुविधा उपलब्ध गराउँदा प्रदेश राजधानी रहेको जिल्ला भित्र घर हुने र नहुनेलाई समान रुपमा घरभाडा उपलब्ध गराएको पाइएकाले सो सम्बन्धमा प्रचलित ऐन बमोजिम भूक्तानी गर्न निर्देशन दिने।

ङ) प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन गरी आवश्यक निर्देशन दिन समिति गठन गर्ने प्रावधान अनुरुप महालेखापरीक्षकले प्रदेश प्रमुखलाई पेश गर्ने प्रतिवेदन प्रदेश सभाको सार्वजनिक लेखा समितिको कार्यक्षेत्र भित्र नभएको तर प्रदेश सभा नियमावली २०७४ को पहिलो संशोधनले उक्त व्यवस्था गरिसकेकोले सोही बमोजिम हुने निर्णय गरियो।

च) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ सचिवालयको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

छ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ३५
मितिः २०७७/०१/२८ बिहान ११ बजे

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः

क) मन्त्रालयले आवश्यक कानून निर्माणमा प्राथमिकता निर्धारण गरेको भएता पनि सबै कानून निर्माण भएको नदेखिएकोले, के कति कारणले कानून निर्माणमा ढिलाइ भएको हो सो सम्बन्धमा लिखित जवाफ माग गर्ने।

ख) कानून निर्माण गर्दा प्रदेश सरकारले संघीय कानूनसंग सामञ्जस्य हुने गरी कानून निर्माण गर्न निर्देशन दिने।

ग) प्रदेश प्रहरी सम्बन्धमा आवश्यक कानून निर्माण एवं कार्यान्वयनको सम्बन्धमा हालसम्मको प्रगति बारे लेखि पठाउन निर्देशन दिने।

घ) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ङ) जनताबाट उठाएको करबाट आर्थिक सहायता वितरण गर्न नमिल्ने र नीति, नियम, मापदण्ड एवं कार्यविधि बिना आर्थिक सहायता वितरण गरेको देखिएको हुँदा आर्थिक सहायता वितरणलाई निरुत्साहित गर्नु पर्नेमा त्यस्तो नगरिएको देखिन आएकोले आगामी दिनमा आर्थिक सहायता वितरण कार्यलाई पूर्ण रुपमा बन्देज गर्न निर्देशन दिने।

च) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

छ) राज्यले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

ज) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

झ) मन्त्रालयमा कायम भएको बेरुजू असुल उपर भए नभएको सम्बन्धमा प्रमाणित कागजात पेश गर्न निर्देशन दिने।

बैठक संख्याः ३६
मितिः २०७७/०१/२८ दिनको २ बजे

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः

क) प्रचलित ऐन बमोजिम पदाधिकारीहरुको सेवा, सुविधा भुक्तानी गर्न निर्देशन दिने।

ख) तीन तहबाट एउटै प्रकृतिका कार्यालय छुट्टाछुट्टै स्थापना हुँदा दोहोरो खर्च हुने देखिएकोले संघीय सरकार र स्थानीय सरकार संग समन्वय गरी एउटै प्रकृतिका दोहोरो कार्यालय नरहने व्यवस्था मिलाउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

च) मन्त्रालयले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) प्रचलित कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिता कायम गर्न निर्देशन दिने।

ज) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ३७

मितिः २०७७/०१/२९ बिहान ८ बजे

<u>५. भौतिक पूर्वाधार विकास मन्त्रालयः</u>

क) स्वीकृत वार्षिक बजेट बमोजिम प्रदेश गौरवका आयोजनाको अध्ययन र पहिचानका सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण हुन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) राज्यले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

च) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

छ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ३८

मितिः २०७७/०१/२९ बिहान ११ बजे

६. आर्थिक मामिला तथा योजना मन्त्रालयः

क) स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमका प्रदेश गौरवका आयोजनाको अध्ययन र पहिचान, आवधिक योजना तर्जुमा र प्रकाशन, अनुगमन तथा मूल्याङ्कन निर्देशिका निर्माण एवं सवारी साधन खरिद र सार्वजनिक खर्च सम्बन्धी कार्यविधि र मापदण्ड निर्माण लगायतका कार्य कार्यान्वयन नभएकोमा सो सम्बन्धमा बाँकी काम यथासक्य छिटो सम्पन्न गरी समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयहरुले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) मन्त्रालयले उपलबध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

च) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयको कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

छ) मन्त्रालयले प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता तथा निर्णय भई हस्तान्तरण भई आएका वा प्रदेश सरकारबाट राजस्व छुट दिन प्रतिबद्धता जनाएइको रकमको ब्यहोरा देखिने गरी लेखा तथा सोको अभिलेख राख्न निर्देशन दिने।

ज) वित्तिय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने प्रदेश सरकारको दायित्व अनुरुप सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन निर्देशन दिने।

झ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ३९

मितिः २०७७/०१/३० बिहान ८ बजे

७. मुख्य न्यायाधिवक्ताको कार्यालयः

क) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ग) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ कार्यालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) कानून एवं कार्यविधिमा भएको व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहिता कायम राख्न निर्देशन दिने।

ङ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्यौंटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ४०

मितिः २०७७/०१/३० बिहन ११ बजे

८. सामाजिक विकास मन्त्रालयः

क) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) मन्त्रालयहरुले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

घ) मन्त्रालयले उपलबध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

ङ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

च) प्रदेश स्वास्थ्य सेवा अन्तर्गत आफ्ना नागरिकहरुलाई सुलभ स्वास्थ्य सेवा प्रवाह गर्न र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको समानुपातिक वितरण, सेवाको अनुगमन, स्वास्थ्य वीमा, उपचार, पोषणको महत्वको जागरण लगायतका विषयमा केन्द्रित भई मन्त्रालयले ठोस कार्य गर्न निर्देशन दिने।

छ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

बैठक संख्याः ४१

मितिः २०७७/०१/३० दिनको २ बजे

९. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः

क) नीति तथा कार्यक्रम अनुसार यथासक्य छिटो कार्यसम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ख) मन्त्रालयले सम्पादन गर्नुपर्ने काम यथासक्य छिटो सम्पादन गरी यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

ग) स्वीकृत दरबन्दी अनुसार स्थायी पदपूर्ति गराई कार्यसञ्चालन गरी तत् सम्बन्धी भएको प्रगति यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

घ) मन्त्रालयले कार्यालय सामान अन्तर्गत फर्निचर, सवारी साधन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन लगायतका सामान सोझै खरिद र क्याटलग सपिङ्ग विधिबाट खरिद गरेको पाइएकाले सो सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

ङ) मन्त्रालयले कृषि तथा पशु विकास सम्बन्धी तयार गरेको बृत्तचित्र को सम्बन्धमा एक मिडिया हाउससंग गरेको सम्झौताका सम्बन्धमा अध्ययन गर्न एक उपसमिति गठन गरी, उपसमितिको प्रतिवेदनका आधारमा समितिले आवश्यक निर्णय गर्ने।

च) मन्त्रालयले उपलब्ध गराउने सेवा प्रवाह चुस्त र भरपर्दो गर्ने उद्देश्य अनुरुप मन्त्रालयले आवश्यक नीति, मापदण्ड एवं कार्यविधि निर्माणको काम बाँकी रहेकोले मन्त्रालयको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गर्न निर्देशन दिने।

छ) आन्तरिक नियन्त्रण व्यवस्थापन तर्फ मन्त्रालयले कामको प्रकृति अनुसारको नियन्त्रण प्रणाली बनाएर कार्यान्वयनको अवस्थाको सम्बन्धमा समितिलाई जानकारी गराउन निर्देशन दिने।

ज) भूमी व्यवस्थापन सम्बन्धमा भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त्य तथा किसानको हित सम्बन्धमा हालसम्म के कति काम भयो सो को जानकारी समितिलाई गराउन निर्देशन दिने।

झ) सहकारी सम्बन्धमा प्रदेश भित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने सम्बन्धमा मन्त्रालयलको ध्यानाकर्षण हुन निर्देशन दिने।

ञ) सैद्धान्तिक र प्रक्रियागत बेरुजू फछ्र्यौटको स्थिति यथासक्य छिटो यस समितिलाई जानकारी गराउन निर्देशन दिने।

परिच्छेद-५

सार्वजनिक लेखा समितिबाट सम्पादन भएका गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रमहरु

४.१ प्रदेश मन्त्रालय, महालेखापरीक्षक र सार्वजनिक लेखा समितिबीच भएको छलफल तथा अन्तर्क्रिया कार्यक्रम (मितिः २०७६/०९/१७)

आर्थिक अनुशासन, मितव्ययिता एवम् प्रभावकारीताका लागि कार्यसम्पादनको अवस्था, लेखापरीक्षण र बेरुजू फछ्यौंट सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम।

१. पृष्ठभूमि

प्रदेश सभा नियमावली २०७४ को नियम १४५ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था रहेको छ भने नियमावलीको नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङकन् गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा संविधानको धारा १९३ बमोजिम विभिन्न समितिहरु रहनेछन्। त्यस्ता समितिहरुमध्ये सार्वजनिक लेखा समिति पनि रहेको छ। यस समितिको कार्यक्षेत्र भित्र महालेखा परिक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्यौंट र प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी विषय पर्दछन्।

यसै कार्यक्षेत्र भित्र रही सार्वजनिक लेखा समितिले विभिन्न मन्त्रालय/निकायसँग बैठक छलफल तथा अन्तर्क्रिया गर्ने एवम् समय-समयमा अनुगमन पनि गर्न सक्नेछ। प्रदेश सरकारको गठन भएपश्चात् पहिलो पटक महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरेको छ भने उक्त प्रतिवेदन प्रदेश सरकार मार्फत् प्रदेश सभामा पेश भएको छ। उक्त प्रतिवेदन र बेरुजू फछ्यौंट सम्बन्धमा प्रदेश मन्त्रालयहरुसँग महालेखा परीक्षकको कार्यालय सहितको उपस्थितिमा अध्ययन तथा छलफल गर्नुपर्ने हुन्छ। प्रदेशको अभ्यास पहिलो भएकोले पनि यस सम्बन्धमा समितिले गर्नुपर्ने कामको प्रक्रियाको लागि पर्याप्त ज्ञानको आवश्यकता पर्दछ। प्रतिवेदनले औंल्याएका विषयमा निर्णय गर्न धेरै जटिल हुने भएकोले पनि महालेखा परीक्षकसँगको पर्याप्त छलफल तथा अन्तर्क्रिया आवश्यक देखिन्छ।

प्रदेश सभा सार्वजनिक लेखा समितिले महालेखा परीक्षकको वार्षिक प्रतिवेदन उपर प्रत्येक मन्त्रालयसँग छुट्टा-छुट्टै छलफल गरी त्यसमा औंल्याइएका कमी-कमजोरी, अनियमितता तथा बेरुजूको टुङ्गो लगाउनु पर्ने एवम् आवश्यकता अनुसार कारबाहीका लागि समेत सिफारिस गर्नुपर्ने हुन्छ। यस्ता थुप्रै विषयमा केन्द्रित भई समितिले आफ्नो कार्य अगाडी बढाउन महालेखापरीक्षक समेतको प्रत्यक्ष सहभागितामा रहेर पूर्व तयारी स्वरुप आर्थिक अनुशासन, मितव्ययिता एवम् प्रभावकारीताका लागि कार्यसम्पादनको अवस्था, लेखापरीक्षण र बेरुजू फछ्यौंट सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम गरिएको हो।

<u>छलफल तथा अन्तर्क्रियामा सहभागिहरुः</u>

प्रमुख अतिथिः माननीय सानु कुमार श्रेष्ठ -सभामुख

विशिष्ट अतिथिः माननीय टंकमणी शर्मा दंगाल - महालेखापरीक्षक

<u>अतिथिहरुः</u> माननीय न्हुक्षे नारायण श्रेष्ठ - सभापति, सार्वजनिक लेखा समिति

माननीय माधव प्रसाद पौडेल - सभापति, प्रदेश मामिला समिति

माननीय सरेश नेपाल - सभापति, अर्थ तथा विकास समिति

सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु,

प्रमुख सचिव श्री तोयम राय

उपमहालेखापरीक्षक श्री रामूप्रसाद डोटेल

प्रदेश सभा सचिव श्री रामशरण घिमिरे

प्रदेश मन्त्रालयका सचिवहरु

मन्त्रालयका महाशाखा प्रमुखहरु

महालेखापरीक्षकको कार्यालयका निर्देशक लगाएत अन्य प्रतिनिधिहरु

प्रदेश सभाका विभिन्न समितिका सचिवहरु

प्रदेश सभा सचिवालयका कर्मचारीहरु

पत्रकारहरु

मर्यादापालक एवम् सुरक्षाकर्मीहरु

२.	**कार्यक्रमको उद्देश्यः**

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७५ को सम्बधमा सो प्रतिवेदनले औंल्याएका विषयमा छलफल गरी आर्थिक मितव्ययिता तथा पारदर्शिता कायम गर्ने/गराउने, देखिएको बेरुजूको प्रकृति अनुसार असूल एवम् नियमित गर्ने/गराउने, अनियमितता उपर कारबाहीको लागि सिफारिस गर्ने लगाएतका विषयमा सार्वजनिक लेखा समिति, महालेखापरीक्षक र प्रदेश मन्त्रालय/सचिवालय/निकायको भूमिका तथा दायित्त्व एवम विधि/प्रक्रियाका बारेमा जानकारी हासिल गर्नु।

३.	**छलफलको क्रममा उठेका विषयहरुः**

<u>उपमहालेखापरीक्षकः</u>

- महालेखापरीक्षकले लेखापरीक्षण गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यताका आधारमा लेखापरीक्षण गर्ने गर्दछ।जस अन्तर्गत देहायका विषयहरु पर्दछन्-
    - कानूनी प्रक्रिया पूरा गरेर खर्च गरे/नगरेको भनी नियमितताका आधारमा हेरिने।
    - खर्च गर्दा मितव्ययिता अपनाएको छ/छैन भनी मितव्वयिताका आधारमा हेरिने।
    - खर्च कटौतीको प्रयास गर्ने उपायको अबलम्बन गर्न कति सक्षम रहेको भनी कार्यदक्षताका आधारमा हेर्ने गरिएको।
    - उद्देश्य पूरा भए/नभएको भनी त्यसको प्रभावकारीताका आधारमा हेर्ने।
    - खर्च गर्दा बिवेक प्रयोग गरे/नगरेको भनी खर्चको औचित्यताका आधारमा समेत हेर्ने।
- रित नपुऱ्याई गरेको खर्चलाई बेरुजू मान्नुपर्ने कानूनी परिभाषा रहेको ।
- देहायका प्रकारमा बेरुजूलाई उल्लेख गरिनेः
    १. सैद्धान्तिक बेरुजूः प्रणालीगत कमजोरी भएको बेरुजूलाई सैद्धान्तिक बेरुजूमा राखिने।

२. लगती बेरुजू: रकम नै किटेर देखाइएको बरुजूलाई लगती बेरुजूमा राखिने।

३. असूल गर्नुपर्ने बेरुजू: बढी भूक्तानी दिइएको, दिनु नपर्ने भूक्तानी दिइएको, दोहोरो भूक्तानी जस्ता विषय पर्ने।

४. अनियमित बेरुजू: ऐन पालना नगरी गरिएको खर्च पर्ने।

५. जिम्मेवारी नसारेको बेरुजू।

६. शोधभर्नाको बेरुजू।

७. पेश्कि बेरुजू।

<u>माननीय सदस्यहरुबाट उठेका विषयहरु:</u>

- Policy corruption लाई पनि बेरुजूमा राख्नुपर्ने। मा. रमेश पौड्याल
- क्षेत्र विकास कार्यक्रमको विषयलाई किन बेरुजूमा उल्लेख नगर्ने। मा. रमेश पौड्याल
- मन्त्रालयको हालसम्मको बेरुजू फछर्यौटको अवस्था के छ? मा. रिता माझी
- कस्ता-कस्ता बेरुजूलाई समितिले मिनाहा गर्न पाउने हो? मा. सीता अधिकारी
- स्थानीय तहको बेरुजू(पारिश्रमिक सम्बन्धमा) स्थानीय तहपिच्छे फरक देखिनुको कारण के रहेको छ? मा. सरेश नेपाल
- जिल्ला विकास समिति हाल जिल्ला समन्वय समिति भईसक्दा पनि जिम्मेवारी नसारिएको देखिन्छ। मा. बेलीमैया घले
- बोलपत्र आव्हान गर्ने बित्तिकै प्रगतिमा राखिने हो वा होइन? मा. गणेश दुलाल
- यातायातको नम्बर प्लेट सम्बन्धमा किन एकरुपता भएन? मा. जीबन खड्का
- स्थानीय तहले उठाएको राजश्व संकलन गर्ने सम्बन्धमा समितिले निर्देशन दिन सक्ने की नसक्ने? मा. न्हुक्षे नारायण श्रेष्ठ
- भौत्तिक निर्माण गर्दा वन, बिजुलीको पोलको कारण देखाएर बर्षैपिच्छे म्याद थपेर १५% लिने गरेको देखिन्छ (price scalation)। मा. माधव प्रसाद पौडेल

मन्त्रालयका प्रतिनिधिबाट उठेका विषयहरु:

१. प्रमुख सचिव (श्री तोयम राय)

- ✓ प्रतिवेदनमा ९९ वटा कानून बन्नुपर्ने उल्लेख भएकोमा त्यो बाँकी नै रहेको छ।
- ✓ अझै पनि संघीय कार्यालयहरुमा भर पर्नु परेको अवस्था छ।
- ✓ Project Bank तयार भईसकेको छ आगामी आर्थिक बर्षबाट कार्यान्वयनमा आउँछ।
- ✓ संघबाट प्राप्त हुने अनुदानको रकम प्रदेशको बजेट आउनु भन्दा अगाडी नै प्रष्ट हुनुपर्‍यो।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय(सचिव-डा.योगेन्द्र कुमार कार्की)

- ✓ ३६० हजारको प्रमाण छुटेकोमा प्रमाण पेश भईसकेको छ।बाँकी प्रमाण नपुगेको हो की वा अन्य केही बाँकी भएको हो सो को कारबाही प्रक्रिया अगाडी बढाईएको छ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालय(सचिव-विनोद प्रकाश सिंह)

- ✓ ६ लाख ८ हजार रुपैंया फिर्ता गर्नुपर्ने देखिन्छ।

४. भौत्तिक पूर्वाधार विकास मन्त्रालय(सचिव-तेजराज भट्ट)

- ✓ कतिपय आयोजना केन्द्रमा हस्तान्तरण भएको।
- ✓ कार्यविधि आफैं बनाएर काम गर्न सक्ने वा नसक्ने ?

महालेखापरीक्षक (मा. टंकमणी शर्मा दंगाल)

- कानूनमा overlapping भएको विषय महालेखापरीक्षकले हेर्न सक्ने छ।
- लेखा राख्दा स्वीकृत ढाँचामा राखे/नराखेको विषय हर्ने।
- अन्तराष्ट्रिय मान्यतामा आधारित सिद्धान्तलाई अबलम्बन गरे/नगरेको सम्बन्धी नियमितताको आधारमा समेत हर्ने।

- प्रतिवेदन उपर दफावर छलफल गर्दा सम्बन्धित् मन्त्रालय र महालेखापरीक्षकको कार्यालयको समेत उपस्थितिमा गर्नुपर्ने।
- कुनै विषयमा निर्णय गर्न अप्ठ्यारो परेमा महालेखापरीक्षकलाई सोध्न सकिने।

४. **निष्कर्ष तथा सुझाव**

१. निश्चित समय तोकेर सम्परीक्षण गर्न सकिन्छ।

२. Sector तोकेर विषयगत उपसमितिको गठन गर्ने।

३. कुनै विषयमा निर्णय गर्नु भन्दा अगाडी उपसमिति बनाएर अध्ययन गर्नुपर्ने।

४. असूल गर्नुपर्ने बेरुजूको सम्बन्धमा निर्णय गर्दा समय तोकिनु पर्ने।

५. सम्बन्धित् पदाधिकारीबाट असूल गर्ने गरी कारबाही गर्न सकिने।

६. जिम्मवार पदाधिकारीलाई कारबाही नै गर्ने निर्णय गरिन्छ।

७. असुल गर्नुपर्ने तर सम्बन्धित् व्यक्ति फेला पर्न नसकेको खण्डमा वा फेला पर्न नसक्ने देखिएमा (मानिसको मृत्य भईसकेमा) निश्चित प्रतिशत सम्म लेखा उत्तरदायि अधिकृतले मिनाहा गर्न सक्ने र बाँकी मन्त्रिपरिषद्ले निर्णय गरेर गर्न सक्नेछ।

४.२ प्रदेश नम्बर १ र बागमती प्रदेशको सार्वजनिक लेखा समितिबीच भएको अन्तर्क्रिया

मिति २०७६ साल मंसिर २४ गतेका दिन बागमती प्रदेश सभा सार्वजनिक लेखा समिति र प्रदेश नम्बर १ को सार्वजनिक लेखा समितिबीच प्रदेश सभा सचिवालय हेटौडा, मकवानपुरमा अन्तरप्रदेश अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। यस कार्यक्रमको अध्यक्षता बागमती प्रदेशको सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठले गर्नुभएको थियो। कार्यक्रममा प्रदेश नम्बर १ को सार्वजनिक लेखा समितिका सभापति माननीय शिवनारायण गनगाईको नेतृत्वमा आएको समिति बागमती प्रदेशको सार्वजनिक लेखा समितिका माननीय सदस्यहरु, कर्मचारी, सुरक्षाकर्मी र पत्रकारका उपस्थिति रह्यो।

दुवै प्रदेशको समितिका सदस्यहरुको उपस्थितिमा भएको कार्यक्रममा प्रदेश सभाको तर्फबाट प्रदेश सभा सचिव श्री रामशरण घिमिरेले स्वागत मन्तव्य सहित प्रदेश सभाको काम कारबाहीको विषयमा संक्षिप्त जानकारी प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा बागमती प्रदेशको तर्फबाट खनिज तथा नदीजन्य वस्तुहरुको उपयोग बापत प्राप्त राजस्व संकलन, बाँडफाड र

चुहावटको सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न गठित उपसमितिका संयोजक माननीय रत्न प्रसाद ढकालले खनिज तथा नदीजन्य वस्तुको उपयोग, राजस्व संकलनको अवस्था, वातावरणीय संरक्षण, एवम् प्राकृतिक स्रोतको उपयोग र त्यसको प्रयोगले वातावरणमा पारेको असर र उक्त असर कम गर्न प्रदेश सरकारले चाल्नु पर्ने कदमका बारेमा आफ्नो अनुभव राख्नुभएको। आगामी दिनमा प्रत्येक प्रदेशले यस्तै अध्ययन तथा अनुगमन गरी प्राकृतिक स्रोतको उच्चतम उपयोग हुने, स्रोतको दोहनलाई निरुत्साहित गर्ने र वातावरण संरक्षण कार्यमा योगदान दिन अन्तरप्रदेश समन्वय गरेर अगाडी बढ्नु पर्ने आवश्यकता रहेको एवम् साझा धारणा बनाउनुपर्ने भनाई राख्नुभयो।

प्रदेश इन्धन खर्च सम्बन्धी छानबिन गर्न गठित उपसमितिका संयोजक माननीय रमेश पौड्यालले प्रदेश एवम् मातहतका निकायको इन्धन सम्बन्धी अनियमितताको छानबिन गरिएको बताउनु भयो। छानबिनका क्रममा इन्धनको दुरुपयोग गरिएको नभई श्रेस्ता व्यवस्थापनमा कमजोरी देखिएकोले आगामी दिनमा यस्ता कमी कमजोरी नगर्न निर्देशन दिएको बताउनु भयो। यस कार्यले प्रदेश भित्र सुशासन कायम गर्न समितिको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट पार्नु भयो।

त्यस्तै अन्तर्क्रियामा सार्वजनिक लेखा समितिको काम कारबाही सुव्यवस्थित मर्यादित र अनुशासित ढङ्गबाट सञ्चालन गर्नको लागि समिति सञ्चालन कार्यविधि २०७५ को निर्माण गर्न गठित उपसमितिका संयोजक माननीय मुनु सिग्देलले पनि आफ्नो धारणा राख्नु भएको थियो। हाल सार्वजनिक लेखा समितिको कार्य सञ्चालन पनि यसै कार्यविधि बमोजिम हुने गरेको छ।

अन्तमा बागमती प्रदेशको तर्फबाट प्रदेश प्रदेश सरकारद्धारा आर्थिक वर्ष ०७५/७६ मा सञ्चालित योजना तथा कार्यक्रमको स्थलगत अनुगमन, अवलोकन र निरीक्षण गर्न गठित चार वटा उपसमितिका संयोजक मध्ये माननीय दीपक निरौलाले आफ्नो धारणा राख्नु भएको थियो। प्रदेश सरकारले सञ्चालन गरेका योजना तथा कार्यक्रमको १३ वटा जिल्लामा अनुगमन गरी समितिले सरकारलाई आवश्यक सुझाव तथा निर्देशन समेत दिएको र आगामी दिनमा सरकारको काम कारबाही थप प्रभावकारी एवम् पारदर्शी ढङ्गबाट सञ्चालन हुने विश्वास व्यक्त गर्नुभयो र अन्य प्रदेशका समितिले पनि यस्ता विषयमा साझा धारणा बनाएर जानुपर्ने विचार व्यक्त गर्नुभयो।

प्रदेश नम्बर १ को तर्फबाट माननीय तुलसी प्रसाद न्यौपाने, माननीय कुसुम कुमारी श्रेष्ठ र माननीय लोक प्रसाद संग्रौलाले समितिमा आफ्नो भूमिका, त्यसबाट सिकेका नयाँ विषयहरु र गर्नुपर्ने आवश्यक कार्यका विषयमा अनुभव व्यक्त गर्नु भएको थियो। विशेषत समितिमा महिला माननीयको सहभागिता, योगदान र अवसरका बारेमा समेत विचार व्यक्त भएको थियो। त्यसपछि

प्रदेश नम्बर १ को सार्वजनिक लेखा समितिका सभापति माननीय शिव नारायण गनगाईले आफ्नो भनाई राख्नुभएको थियो। प्रदेश नम्बर १ को सार्वजनिक लेखा समितिले सुदूरपश्चिम प्रदेश, प्रदेश नम्बर ५ र बागमती प्रदेशको भ्रमणका क्रममा थुप्रै नयाँ विषयहरु समितिले गरेका काम कारबाहीहरु बारेमा जानकारी वा अनुभव हासिल गरेको बताउनु भयो।

यस प्रकारको भ्रमणले समितिले आगामी दिनमा के कस्ता नयाँ कार्यहरु गर्न सकिन्छ र अन्य प्रदेशले के कस्ता नयाँ काम गरेर कस्ता उपलब्धी हासिल गरेका छन् भन्ने विषयको ज्ञान हासिल हुने हुनाले समय समयमा हुने यस प्रकारको भ्रमण फलदायी रहने धारणा व्यक्त गर्नुभयो। आफूले तीन वटा प्रदेशको भ्रमणबाट थुप्रै नयाँ कुराहरु सिकेको विचार राख्नुभयो। माननीय सभापतिले बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिलाई प्रदेश नम्बर १ को भ्रमणको लागि आमन्त्रण समेत गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा बागमती प्रदेश सभाको सार्वजनिक लेखा समितिका सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठले दुई प्रदेशबीचको अन्तर्क्रिया कार्यक्रम अत्यन्त उपयोगी एवम् नयाँ ज्ञानको प्राप्तिको अवसरको रुपमा रहेको विचार राख्नुभयो। समितिले गरेका थुप्रै कार्यको बारेमा आफ्नो धारणा राख्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको र समितिले यस प्रदेशको भ्रमण गरी थप गौरव बढाई दिएको र बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिले पनि आगामी दिनमा यस्तो भ्रमण हुने विश्वास व्यक्त गर्नुभयो। बागमती प्रदेश सभा सार्वजनिक लेखा समितिको तर्फबाट समिति सभापति माननीय न्हुक्षे नारायण श्रेष्ठले सार्वजनिक लेखा समिति, प्रदेश नम्बर १ लाई मायाको चिनो प्रदान गरी कार्यक्रम समापन गर्नुभयो।

४.३ सात प्रदेशका सार्वजनिक लेखा समितिका सभापति र सचिवहरुबीच भिडियो कन्फ्रेन्स मार्फत भएको अन्तर्क्रिया

मिति २०७७/०१/१८ मा सातै प्रदेशका सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू र सचिवहरुबीच गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिको सभापति माननीय श्री कुमार खड्काज्यूको अध्यक्षतामा भिडियो कन्फ्रेन्स मार्फत छलफल तथा अन्तर्क्रिया सम्पन्न भयो। उक्त छलफल तथा अन्तर्क्रियामा देहायको सहभागिता रहेको थियो। यस छलफल तथा अन्तर्क्रिया कार्यक्रमबाट सरकारले तत्काल गर्नु पर्ने आवश्यक कामबारे देहाय बमोजिम निर्णय भयो।

१. प्रत्येक प्रदेशमा खाद्यान्न, औषधी तथा अत्यावश्यक वस्तुहरुको पर्याप्त भण्डारण गर्ने तथा राहत वितरण गर्दा वस्तुगत तथ्याङ्कको आधारमा लक्षित वर्गलाई सम्बोधन हुने गरी वैज्ञानिक रुपले वितरण गर्ने।

२. RDT किट परिक्षण पूर्ण रुपमाबन्द गरी प्रत्येक जिल्लामा PCR Test मेसिनको व्यवस्था गरी व्यापक परिक्षण गर्नुपर्ने।

३. खुल्ला सिमा, नाका भएका अन्तर्राष्ट्रिय सिमा नाका तथा अन्तर्राष्ट्रिय हवाइ उडान पूर्ण रुपमा बन्द गर्दै देशमा ग्रिनजोन, येल्लो जोन, रेड जोन वर्गीकरण गरी सामाजिक दुरी कायमगर्दै जनजीवन सामान्य हुने गरी आन्तरिक रुपमा लकडाउन खुकुलो पार्ने।

४. कोभिड–१९ को सन्दर्भमा स्वास्थ्य सामग्री खरिद, राहत वितरण लगायत सरकारी सम्पत्ति व्यय हुने गरी गरिने प्रत्येक आर्थिक क्रियाकलापमा अनियमित कार्यमा संलग्न सबैलाई कानुनको दायरामा ल्याई कारवाहीको प्रक्रिया थाल्नु पर्ने।

५. कोभिड–१९बाहेक अन्य बिरामीको लागि नियमित स्वास्थ्य सेवा सुचारु हुनु पर्ने। कोभिड–१९ को लागि मात्र अलग्गै विशेष अस्पतालको व्यवस्था गर्नु पर्ने।

६. प्रत्येक जिल्लामा कम्तिमा १०० बेडको आइसोलेशन र क्वारेन्टाइनको व्यवस्था गर्नु पर्ने।

७. कोभिड–१९ महामारी नियन्त्रणका लागि अग्र मोर्चामा रहेर खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई आवश्यक सुरक्षा पहिरन, मास्क, स्यानिटाइजर उपलब्ध गराई उत्प्रेरणाको व्यवस्था गर्नु पर्ने।

८. विदेशमा अलपत्र रहेका नेपालीलाई सुरक्षित रुपले उद्धार गरी स्वदेश फर्काउने व्यवस्था गर्नु पर्ने।

९. सार्वजनिक खरिद, निर्माण कार्य आदि गर्दा पारदर्शिता अपनाई यथा समयमा खर्च तथा सम्पन्न गर्नु पर्ने।

१०. कोभिड–१९ जस्ता राष्ट्रिय संकटको अवस्थामा प्रदेश सभा सदस्य तथा प्रदेश सरकारलाई परिचालन गर्ने भूमिका बढाइनु पर्ने।

परिच्छेद-५

निष्कर्ष एवं सुझावहरु

५.१ निष्कर्ष

प्रदेश सभा संघीयताको नयाँ स्वरुप, नयाँ संरचना र नयाँ अभ्यास भएकोले प्रदेशको सार्वजनिक लेखा समिति पनि त्यसभन्दा पृथक हुन सक्दैन। बागमती प्रदेशमा सार्वजनिक लेखा समिति गठन भएपश्चात् समितिको महत्वपूर्ण कार्य प्रदेश सरकारलाई जिम्मेवार बनाउन गरेको प्रयत्न नै हो। समितिले प्रदेशका सात वटै मन्त्रालयका मन्त्रीहरुलाई आफ्नो कार्यक्षेत्र अनुसारको जिम्मेवारी गम्भीरतापूर्वक निर्वाह गर्न निर्देशन मात्रै गरेन उक्त निर्देशन अनुसारको कार्य अगाडि बढाउन के कति प्रयत्न भयो भन्ने कुराको निगरानी समेत गरेको छ। बजेटको प्रभावकारी ढंगले खर्च भयो वा बजेट खर्चको प्रगति कस्तो रह्यो साथै सरकारको सार्वजनिक जवाफदेहिता कस्तो रह्यो भन्ने विषयमा मन्त्रालयका सचिवहरुलाई बोलाएर बजेटको प्रगति बारेमा जानकारी लिने काम गरेको छ। प्रदेश सरकारको बजेट खर्च गर्ने विधि, मापदण्ड तथा क्षमता कमजोर रहेको छ। समयमै त्यसतर्फ सुधार गरेर जानुपर्ने आवश्यकता रहेको छ।

सार्वजनिक लेखा समितिले प्रदेश सरकारले प्रक्षेपण गरेको राजस्व संकलनमा कमी आउनुको कारणहरु खोतल्दै १३ वटै जिल्लाको स्थलगत भ्रमण गरेर त्यहाँका स्थानीय तह र सरोकारवाला पक्षहरुसँग महत्वपूर्ण छलफल चलायो। प्राकृतिक श्रोतमाथिको दोहोन, राजस्व चुवाहट, छलि वा अनियमिततामा केही सैद्धान्तिक, कानुनी र व्यवहारिक समस्याहरुलाई उजागर गरेको छ साथै सम्बन्धित मन्त्रालयहरुलाई आवश्यक निर्देशनसमेत दिएको छ। सरकारलाई दिएको निर्देशन समयमा नै कार्यान्वयन गरे प्रदेशको आर्थिक वृद्धि हुने पक्का देखिन्छ।

विश्वव्यापी देखिएको कोभिड–१९ को जोखिम नेपालमा पनि परेको कारण प्रदेशका सबै गतिविधिहरुमा जस्तै समितिका केही अत्यावश्यक कामहरुमा पनि धक्का पुगेको छ। केही निर्धारित भइसकेका बैठक र कार्यक्रमहरु स्थगित हुन पुगेका छन्। नयाँ परिवेशमा त्यही ढंगको प्रविधिको उपयोग गर्दै भिडियो कन्फ्रेन्समार्फत कोभिड–१९ ले पारेको असर त्यसको रोकथामका लागि प्रदेश सरकारले चालेको कदममा प्रभावकारिता ल्याउन तथा आगामी नीति योजनाहरुसँग सम्बन्धित रहेर समितिले प्रदेश सरकारलाई केही सुझाव र निर्देशन दिएको छ। त्यस्तै सातै प्रदेशका सार्वजनिक लेखा समितिका सभापतिहरुले भिडियो कन्फ्रेन्समार्फत अन्तरक्रिया र छलफल सम्पन्न गर्दै राहत वितरणलाई लक्षित वर्गमा पुर्‍याउन, आरडिटी किटलाई बन्द गरी

पिसिआर प्रविधिको दायरा बढाउनु पर्ने, अन्तर्राष्ट्रिय उडान र सीमा नाका बन्द गरी जनजीवनलाई सामान्य बनाउन, राहत वितरण र स्वास्थ्य सामाग्री खरिद प्रकरणमा भएको अनियमितामा संलग्नलाई कारवाहीको दायरामा ल्याउनु पर्ने, प्रत्येक जिल्लामा १०० बेडको आइसोलेसन वार्डको व्यवस्था हुनुपर्ने लगायत प्रदेश सरकारले यस बीचमा खेलेका भूमिका बढाउनुपर्ने महत्वपूर्ण सुझावहरु दिइएको छ।

त्यस्तै निकै लामो समयसम्म छलफल हुन नसकेको मलेपको २०७५ को प्रतिवेदनमाथि समिति, मन्त्रालय, र मलेपका प्रतिनिधिसहित त्री पक्षीय छलफल भएको छ। नियमसंगत हुन नसकेका कार्यप्रति समितिले आवश्यक सुझाव, निर्देशन दिएको छ।

अन्तमा, देशले खोजेको सुशासन तथा आर्थिक समृद्धि प्राप्त गर्न सरकारको पारदर्शिता तथा आर्थिक अनुशासनको जति जरुरी छ सरकारको 'वाच डग'को भूमिका निर्वाह गर्न सार्वजनिक लेखा समितिका सदस्यहरुको सक्रियता तथा समितिको अधिकार र कार्यक्षेत्र बढाउन उत्तिकै आवश्यकता रहेको समितिले महसुस गरेको छ।

५.२ सुझावहरु

१ संघ, प्रदेश र स्थानीय तह बीचको आवश्यक समन्वयको जरुरी छ।

२ प्रदेशका १३ वटै जिल्लामा एकिकृत कार्यालयको स्थापना गर्न आवश्यक देखिएको छ। यसले सरकारको कार्यसम्पदनमा प्रभावकारिता ल्याउनुको साथै जनतामा पर्न गएको अप्ठ्याराहरुको पनि सम्बोधन हुन जान्छ।

३ बागमति प्रदेश सरकारको सम्पुर्ण मन्त्रालय, आयोग, निकाय र सरकार मार्फत स्थानिय तहमा प्रदान गर्ने अनुदान पारदर्शी, जनताप्रति जवाफदेही र उत्तरदायि बनाउनुपर्ने।

४ प्रदेश सरकारले सम्पुर्ण योजना तथा कार्यक्रमहरुको छनोट र अनुगमनमा सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्यलाई अनिवार्य सहभागिता गराउने व्यवस्था सुनिश्चित गर्नुपर्ने।

५ प्रदेश आयोजनाहरु आवश्यकताको आधारमा छनोट गरि परियोजना बैंकको अवधारणा अनुसार नीति तथा कार्यक्रम र बजेट विनियोजन गर्न सरकारले सबै निकायलाई निर्देशन दिनुपर्ने।

६ प्रदेशको महत्वपूर्ण श्रोतको रुपमा रहेको नदीजन्य र खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र उपयोगलाई व्यवस्थित र नियन्त्रित गनुपर्ने।

७ सरकारले तयार गरेको दहत्तर बहत्तर सम्बन्धी कार्यविधि र मापदण्ड संशोधन गरेर प्रदेशको भूगोल अनुकूल, समयानुकूल एवं व्यवहारिक बनाउनु पर्ने।

८ प्रदेश अन्तर्गतका उद्योगहरुको नविकरण, अनुगमन र नियमन गर्न आवश्यक रहेको छ।व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर तथा आयकरमा कडाइ गरी राजस्व बढाउनु पर्ने।

९ सार्वजनिक लेखा समितिले विभिन्न समयमा उपसमितिहरु गठन भई स्थलगत निरिक्षण गरी आएका सुझावहरुलाई सार्वजनिक लेखा समिति मार्फत सम्बन्धित मन्त्रालय/निकायहरुलाई दिएको निर्देशन र सुझावहरु समयमै लागु गर्नु पर्ने।

१० महालेखापरिक्षकको कार्यालयबाट औंल्याएका सैद्धान्तिक बेरुजुलाई सबै निकायले जतिसक्दो कम वा अन्त्य गर्नुपर्ने।

११ कोभिड १९ को महाविपत्तिको जोखिम न्यूनीकरण, राहत वितरण तथा उपचारको पूर्व तयारीको लागि प्रदेश सरकारको भूमिका र सक्रियता बढाउनुपर्ने देखिन्छ।

१२ कोरोना महामारीबाट अस्तब्यस्त भएको अर्थतन्त्रलाई उकास्ने गरी आर्थिक उपार्जनको नीति योजना बनाउनु पर्ने।

१३ सरकारले तत्काल उपलब्धि हासिल गर्न सक्ने कृषि, उद्योग लगायतका कार्यक्रमलाई अगाडी बढाउनु पर्ने।

१४ चालु आर्थिक वर्षमा खर्च हुन नसकेको रकमलाई रकमान्तर गरेर कोरोना रोकथामका लागि स्थापना भएको कोषमा जम्मा गर्नु पर्ने।

<u>अनुसूची-१</u>

<u>सार्वजनिक लेखा समिति कार्य सञ्चालन कार्यविधि, २०७५</u>

प्रस्तावना

प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको बैठक र काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, अनुशासित, चुस्त दुरुस्त, छिटोछरितो, पारदर्शी, जवाफदेही र प्रभावकारीरुपले सञ्चालन गर्ने उद्देश्यले प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको मिति २०७५ साल९ महिनाको १२ गते बसेको बैठकले प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसन्चालन कार्यविधि, २०७५ स्वीकृत गरेको छ ।

परिच्छेद १

<u>प्रारम्भिकः</u>

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस कर्यिविधीको नाम "प्रदेश सभा ३, सार्वजनिक लेखा समिति कार्यसंचालन कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ । (१) परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः–

(क) "आर्थिक मामिला तथा योजना मन्त्री" भन्नाले प्रदेश ३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्री मन्त्री सम्झनु पर्छ र सो शब्दले प्रदेश३ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको काम गर्न तोकिएको अन्य कुनै मन्त्री वा राज्यमन्त्री समेतलाई जनाउँछ।

(ख) "टेबुल" भन्नाले समितिको टेबुल सम्झनु पर्छ र सो शब्दले समिति समक्ष कुनै निवेदन, प्रस्ताव, कागजपत्र वा विवरण पेस गर्ने कार्य टेबुल समेतलाई जनाउँछ।

(ग) "पदाधिकारी" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय, संस्थाका सचिव वा कार्यकारी प्रमुख वा योजना वा कार्यालयको प्रमुखलाई जनाउँछ।

(घ) "प्रस्ताव" भन्नाले समितिमा कुनै सदस्यद्वारा आफ्नो क्षेत्राधिकारको विषयमा छलफलको लागि पेस गरिएको कुनै निवेदन वा प्रस्ताव सम्झनु पर्छ।

(ङ) "प्रस्तुत कर्ता सदस्य" भन्नाले समितिमा छलफलको लागि निवेदन वा प्रस्ताव प्रस्तुतकर्ता समितिको सदस्य सम्झनु पर्छ।

(च) "विज्ञ वा विशेषज्ञ" भन्नाले समितिले आफ्नो कार्य क्षेत्र अन्तरगतको जिम्मेवारी पूरा गर्ने सम्बन्धमा राय सुझाव लिन समितिको बैठकमा विशेषज्ञको रूपमा आमन्त्रण गरिएको व्यक्तिलाई जनाउँदछ।

(छ) "बैठक" भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक सम्झनु पर्छ ।

(ज) "बैठक कक्ष" भन्नाले प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरन्डा समेतलाई जनाउँछ।

(झ) "मन्त्री" भन्नाले प्रदेश ३ को प्रदेश सरकार को मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री समेतलाई सम्झनु पर्छ।

(ञ) "मन्त्रिपरिषद्" भन्नाले नेपालको संविधान बमोजिम गठित प्रदेश ३ को मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ट) "मर्यादा पालक" भन्नाले प्रदेश ३ को सार्वजनिक लेखा समितिको बैठकमा सुरक्षा व्यवस्थाको लागि नेपाल प्रहरीबाट खटिएका तथा सचिवालयले सेवा करारमा नियुक्ति गरेका पूर्व सैनिक वा प्रहरीलाई सम्झनु पर्छ ।

(ठ) "सचिव" भन्नाले प्रदेश सभा ३ को सभामुखद्वारा नियुक्त प्रदेश सभा ३ को सचिव सम्झनु पर्छ र सो शब्दले सचिवको काम गर्न तोकिएको वरिष्ठ कर्मचारी समेतलाई जनाउँछ ।

(ड) "सदस्य" भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले सार्वजनिक लेखा समितिद्वारा अध्ययन एवं छानबिनको लागि गठित उपसमितिको सदस्य समेतलाई जनाउँछ ।

(ढ) "सभापति" भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिको सभापति सम्झनु पर्छ।

(ण) "समिति सचिव" भन्नाले प्रदेश सभा ३, को सार्वजनिक लेखा समितिको सचिव भई काम गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

(त) "सार्वजनिक लेखा" भन्नाले प्रदेश ३ अन्तर्गतका सबै सरकारी कार्यालय, निकाय, सचिवालय, आयोग, संस्था र गैर सरकारी संस्थाले राजस्व असुली तथा खर्च गर्दा वा सेवा प्रवाह गर्दा, मालसामान खरिद तथा उपयोग वा संरक्षण गर्दा, योजना सञ्चालन गर्दा वा सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुन तथा रीत विपरीत गरेको वा पारदर्शिता र सार्वजनिक जवाफदेहिता सम्बन्धी कानुनको पालना नगरेको वा सार्वजनिक हित र सरोकार विपरीत खर्च गर्ने काम वा निर्णय गरेको वा सार्वजनिक साधन र श्रोतको उपयोग गर्दा सरकारलाई वा सामाजिक, आर्थिक, संस्कृति, पर्यावरणीय तथा वातावरणीय नोक्सानी र क्षति पुग्ने गरी निर्णय वा काम कारबाही गरेको विषयलाई समेत जनाउँदछ।

निजी कम्पनीले पनि प्रवन्धपत्रमा उल्लिखित सर्त र कार्य गर्दा प्रचलित कानुन विपरीत कुनै काम वा निर्णय गरी जनता वा सेवाग्राही वा राष्ट्रलाई क्षति वा नोक्सानी पुर्याएको विषयलाई पनि सार्वजनिक लेखाको विषय मान्नु पर्दछ।

(थ) "सार्वजनिक लेखा समिति" भन्नाले प्रदेश सभा ३ को सार्वजनिक लेखा समितिलाई जनाउँदछ।

(द) "सूचना पत्र" भन्नाले देहायका विषयहरू समावेश भएको प्रदेश सभा ३ सार्वजनिक लेखासमितिको सूचना पत्र सम्झनु पर्छ :–

(१) प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको कार्यसूची वा बैठकको कारबाही सम्बन्धी सूचना—१,

(२) बैठकको कारबाहीको संक्षिप्त विवरण —२,

(३) समितिसँग सम्बन्धित सूचना—३,

(ध) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

परिच्छेद २

प्रदेश सभा ३, सार्वजनिक लेखा समितिको बैठक सञ्चालन प्रकृया:

३) **बैठकको आव्हान:** (१) प्रदेश सभा ३ को अधिवेशन नभएको वेला प्रदेश सभा ३ सार्वजनिक लेखा समितिको बैठक बस्न अत्यावश्यक भएमा समितिका सभापतिले प्रदेश सभा ३ को सभामुख समक्ष बैठक बस्न पर्नाको कारण र बैठक बस्ने दिन र समय खोली निवेदन वा प्रस्ताव पेस

गर्नुपर्ने पर्नेछ र सभामुखद्वारा सो निवेदन वा प्रस्ताव स्वीकृत भए अनुसार समितिको बैठक आव्हान गरिनेछ। बैठक आव्हान गरेको सूचना समिति सचिवले एस.एम.एस. मार्फत सदस्यलाई दिनेछ।

(२) सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक बस्नको लागि उपदफा १ को व्यवस्था आवश्यक पर्ने छैन।

४) प्रदेश सभाको बैठक चलिरहेको वेलामा समितिको बैठक सञ्चालन सम्बन्धी व्यवस्थाः

(१) प्रदेश सभाको बैठक चलिरहेको वेलामा सभामुखसँग समय व्यवस्थापनको विषयमा छलफल गरी समितिको पनि बैठक सञ्चालन गर्न सकिनेछ।

(२) समितिको बैठक सभापतिद्वारा तोकिएको दिन र समयमै सुरु हुनेछ।

(३) कारणवश तोकिएको समयमा समितिको बैठक बस्न नसक्ने अवस्था आएमा सो को कारण र आधार खोली सभाको सूचना पाटीमा टाँसिनेछ र सो को सूचना सम्बन्धित सदस्यलाई एस.एम.एस वा फोनद्वारा दिइनेछ । यसरी दिइएको सूचना सबै सदस्यले पाएको मानिनेछ।

(४) समितिको बैठकको कार्यसूची सभापतिले स्वीकृत गरी बैठक बस्ने समय र छलफल हुने विषय एवंकार्यसूचीको जानकारी सभामुखको सचिवालय, उपसभामुखको सचिवालय, दलका संसदीय कार्यालय, सचिवको कार्यालय र प्रशासन शाखा, प्राविधिक शाखा, मर्यादा पालन शाखा समेतलाई जानकारी दिनुपर्नेछ।

(५) तोकिएको कार्यसूची अनुसार नै बैठकमा छलफल हुनेछ।

(६) बैठक सञ्चालनमा समितिका सबै सदस्य तथा खटिएका सबै कर्मचारीहरूले सहयोग गर्नु सबैको दायित्व हुनेछ।

परिच्छेद ३

बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थितिः

५) बैठकमा गणपूरक सङ्ख्या र सदस्यहरूको उपस्थिति : (१) बैठकमा समितिका एक चौथाइ सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(२) गणपूरक सङ्ख्या पुगे पछि मात्रै समितिको बैठक सुरु हुनेछ।

(३) छलफलमा सबै सदस्य उपस्थित भई सक्रियरुपमा सहभागी हुनुपर्नेछ।

परिच्छेद ४

विषय प्रवेश:

६) समितिमा विषय प्रवेश : (१) समितिमा सदस्यद्वारा आफ्नो कार्यक्षेत्र वा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित प्रस्ताव वा निवेदन दिई विषय प्रवेश गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति तथा संस्थाद्वारा सरकारी लेखा वा कारोबार वा निर्णय वा सार्वजनिक लेखा वा सार्वजनिक सरोकार वा सार्वजनिक चासो वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिनाको विषयमा आधार र प्रमाण सहित लिखित निवेदन दिन सकिनेछ।

(३) सदस्यद्वारा तथा कुनै व्यक्ति तथा संस्थाद्वारा निवेदन वा प्रस्ताव पेस गर्दा प्रदेश ३ अन्तर्गतका सरकारी कार्यालय, निकाय, सार्वजनिक संस्था, गैह्रसरकारी संस्था तथा निजी कम्पनीले सार्वजनिक सरोकारको विषयमा निर्णय वा काम कारबाही गर्दा प्रचलित कानुनको उलंघन गरेको, राजस्व नोक्सानी वा हिनामिना गरेको वा सार्वजनिक साधन र श्रोतको दुरुपयोग वा अनियमित रूपमा खर्च गरेको वा सार्वजनिक हित र सरोकारमा अहित, क्षति र नोक्सानी पुर्याएको भनी आधार र प्रमाण खोली निवेदन वा प्रस्ताव दिनु पर्नेछ।

(४) कसैलाई रिसईवी साध्ने, दुख दिने तथा बेइज्जत गर्ने नियतले कसैले पनि समितिमा निवेदन वा प्रस्ताव पेस गर्न पाइने छैन।

(५) सदस्य बाहेक कुनै व्यक्ति तथा संस्थाद्वारानिवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन उपसमिति गठन गर्ने प्रक्रियाः-

१. कुनै व्यक्ति तथा संस्थाद्वारानिवेदन वा प्रस्ताव प्राप्त भएपछि सत्य तथ्य जांची कारबाही अगाडि बढाउन मिल्ने नमिल्ने सम्बन्धमा सभापतिको नेतृत्वमा बढीमा दुई जना अरू सदस्य भएको उपसमिति गठन गर्न सकिनेछ।

२. सो उपसमितिले जाँच गरी कारबाही अगाडि बढाउन आवश्यक देखेको निवेदन वा प्रस्ताव मात्रै छलफलदको लागि अगाडि बढाइनेछ।

परिच्छेद ५

विवरण तथा कागजात झिकाउने व्यवस्था:

७) समितिले आवश्यक कागजात तथा निर्णय झिकाउने सम्बन्धमा देहायको व्यवस्था अपनाउनेछ :

(१) समितिले सार्वजनिक लेखा सम्बन्धी विषय वा समितिको कार्य क्षेत्रको विषयमा निर्णय गरी सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालय तथा संस्थाबाट लिखितरुपमा माग गरी आवश्यक कागजात तथा निर्णय झिकाउन सक्नेछ।

(२) समितिबाट माग भएको कागजात, विवरण तथा निर्णय तोकिएको समय भित्रै जिम्मेवार पदाधिकारी वाट प्रमाणित गरी समितिमा उपलब्ध गराउनु सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाको कर्तव्य हुनेछ।

(३) सम्बन्धित मन्त्रालयबाट माग भए बमोजिमको कागजात, विवरण तथा निर्णयका प्रतिहरु, (आवश्यकता अनुसार, विद्युतीय प्रतिसमेत)प्राप्त भए पछि समिति सचिवालयले सबै सदस्यहरूलाई छलफल हुनु भन्दा कम्तीमा ३ दिन अगाडि नै उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिले सम्बन्धित मन्त्रालय, कार्यालय तथा संस्थाबाट कागजात, विवरण तथा निर्णय प्राप्त भए पछि सो माथि सामान्यरुपमा छलफल गर्नेछ।

परिच्छेद ६

पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धी व्यवस्था:

८) समितिले पदाधिकारी तथा विज्ञ विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :

(१) प्राप्त विवरणमाथि थप छलफल गर्न वा जानकारी लिन आवश्यक परे समितिले निर्णयकर्ता मन्त्री, पदाधिकारी वा कर्मचारी वा सो विषयसँग सम्बन्धित विज्ञ, विशेषज्ञलाई पनि समितिको बैठकमा आमन्त्रण गरी प्रश्न वा जिज्ञासा सोध्न सकिनेछ।

(३) समितिले आमन्त्रण गरेको दिन र समयमा समितिमा उपस्थित भई निर्णय वा काम कारबाहीको बारेमा सत्य तथ्य जानकारी दिनु सम्बन्धित मन्त्री, पदाधिकारी वा कर्मचारी वा विज्ञ, विशेषज्ञको कर्तव्य हुनेछ।

(४) उपरोक्त छलफल वा काम कारवाहीको अडियो वा भिडियो रेकर्डिङ समेतगर्न सकिनेछ।

परिच्छेद ७

उपसमिति गठन सम्बन्धी व्यवस्थाः

९) समितिले उपसमिति गठन गर्दा देहाय बमोजिमको व्यवस्था अवलम्बन गर्न सक्नेछ :

(१) समितिका काम कारबाहीहरूलाई व्यवस्थित, प्रभावकारी र छिटोछरितो बनाउने उदेश्यले आवश्यक्तानुसार समितिले उपसमिति बनाई अध्ययन गर्न सक्नेछ।

(२) सामान्यतः एक सदस्यलाई एक भन्दा बढी उपसमितिमा संयोजक वा सदस्य राखिनेछैन ।

(३) उपसमितिमा विभिन्न दलको प्रतिनिधित्व हुने गरी ३ देखि ५ जना सदस्य तोकिनेछ र सो मध्ये एक जनालाई संयोजकको जिम्मेवारी तोकिनेछ।

(४) उपसमिति गठन गर्दा उपसमितिको कार्यक्षेत्र, अध्ययन गर्ने समय सीमा र प्रतिवेदन पेस गर्ने समय पनि तोकिने छ।

(५) उपसमितिलाई समितिले अवलम्बन गर्ने सबै कार्य प्रक्रिया अवलम्बन गर्न सक्ने अधिकार पनि दिइनेछ।

(६) तोकिएको समय सीमा भित्र सुझाव र निष्कर्ष सहितको प्रतिवेदन समितिमा पेस गर्नु उपसमितिको कर्तव्य हुनेछ।

(७) कारणवश तोकिएको समय सीमा भित्र प्रतिवेदन पेस गर्न नसक्ने अवस्था आएमा समिति समक्ष समय सीमा थप्न निवेदन दिन सकिने।

परिच्छेद ८

स्थलगत अध्ययन भ्रमण सम्बन्धी व्यवस्था:

१०) समितिले स्थलगत अध्ययन भ्रमण सम्बन्धमा देहायको व्यवस्था अवलम्बन गर्नेछ :

(१) समितिको कार्यक्षेत्रको विषय वा सार्वजनिक लेखा वा सार्वजनिक सम्पत्तिको दुरुपयोग वा हिनामिना तथा हानी नोक्सानी भएको तथा प्रचलित कानुन विपरीत काम कारबाही भएको यथेष्ट आधार देखिएमा समितिले उपसमिति बनाई सम्बन्धित सरकारी कार्यालय, योजना, कार्य भइरहेको स्थल, सचिवालय तथा अन्य संस्थाको स्थलगत अध्ययन भ्रमण गर्न सक्नेछ।

(२) स्थलगत अध्ययन भ्रमण तथा खर्च सम्बन्धी कार्यक्रमको स्वीकृति सभामुख वाट लिनु पर्नेछ।

(३) स्थलगत अध्ययन भ्रमण सचिवालयको श्रोतबाट किफायत र मितव्ययी किसिमबाट गर्नुपर्नेछ र अरू कार्यालय वा निकायबाट थप खर्च लिन पाइने छैन।

(४) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

परिच्छेद ९

समितिका सदस्यहरूले पालना गर्नुपर्ने नियम तथा आचरण सम्बन्धी व्यवस्थाः

११) समितिमा सदस्यहरूले देहाय बमोजिमको नियम तथा आचरण पालना गर्नु पर्नु पर्नेछ :-

(१) सदस्यहरूले समितिमा उपस्थित हुनु पूर्व छलफल हुने विषयसँग सम्बन्धित कागजात वा निर्णय वा इमेल अध्ययन गरेर आउनु पर्नेछ।

(२) समितिमा विचाराधीन विषयसँग कुनै सदस्य वा सदस्यको हक, वैयक्तिक हित वा सरोकार गांसिएको भए सो विषयको छलफल र निर्णयमा सम्बन्धित सदस्यले भाग लिन हुँदैन।

(३) अध्ययन वा छानबिन गर्न जाने संस्थाको आतिथ्य ग्रहण गर्न पनि पाइने छैन।

(३) सदस्यले समितिको मान, सम्मान, गौरव तथा प्रतिष्ठा बढाउने गरी अनुकरणीय काम कारबाही, व्यवहार र आचरण देखाउनु पर्नेछ।

(४) समितिले बैठक सञ्चालन गर्दा सचिवालय वाट चियाको व्यवस्था गरिनेछ।

(५) अन्य सार्वजनिक संस्था वा पदाधिकारीले अनावश्यक वा अनियमिततापूर्वक गरेको खर्च लगायतको काम कारबाहीको अनुगमन गर्ने जिम्मेवारी पाएको यो समितिले कार्य सम्पादन गर्दा सधैं नियमितता, मितव्ययिता, औचित्यता, कार्यदक्षता, प्रभावकारिता र कानुनी सिद्धान्तको पालना गर्नु, गराउनु पर्नेछ।

(६) कुनै सरकारी तथा गैर सरकारी कार्यालय तथा संस्थाको कामकारबाहीको अध्ययन गर्दा पनि नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्त अवलम्बन गरिएको छ वा छैन वा प्रचलित कानुनको पालना गरिएको छ वा छैन भनी आधार लिनुपर्नेछ।

(७) समिति वा उपसमितिको काममा सभापति वा संयोजकलाई आवश्यक सहयोग गर्नु सदस्यको कर्तव्य हुनेछ।

(८) सभापतिले छलफलमा सहभागी हुन चाहने सबै सदस्यलाई समय तोकी प्रश्न वा जिज्ञासा सोध्ने वा छलफल गर्ने समय दिनुपर्नेछ।

(९) सदस्यले सभापतिसँग समय लिई आफ्ना विचार राख्ने वा आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीसँग नम्र, मिजासिलो र मर्यादित भई आधार र प्रमाणगत रूपमा प्रश्न वा जिज्ञासा सोध्न पर्नेछ।

(१०) सबै सदस्यले विचार राखी सकेपछि सभापतिले आमन्त्रित मन्त्री, पदाधिकारी तथा कर्मचारीलाई जवाफ दिन समय दिनुपर्नेछ।

परिच्छेद १०

समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार सम्बन्धी व्यवस्था:

१२) समितिमा सुव्यवस्था र अनुशासन कायम गर्ने सम्बन्धमा सभापतिको अधिकार देहाय बमोजिम हुनेछ :

(१) समितिको बैठकमा शान्ति सुव्यवस्था कायम गरी अनुशासित र मर्यादित रूपमा सभापतिले बैठक सञ्चालन गर्नेछ।

(२) बैठक सञ्चालनमा सभापतिलाई आवश्यक सहयोग गर्नु सबै सदस्य तथा कर्मचारको दायित्व हुनेछ।

(३) बैठकलाई अनुशासित र मर्यादित बनाउन आवश्यक परे सभापतिले मर्यादा पालक पनि प्रयोग गर्न सक्नेछ।

परिच्छेद ११

समितिको बैठक वा काम कारबाहीहरू प्रेस तथा मिडियाको लागि खुल्ला गर्ने सम्बन्धी व्यवस्था:

१३) समितिको बैठक वा कामकारबाहीहरू सामान्यतः संविधान तथा प्रचलित कानुनले रोकेको अवस्थामा बाहेक प्रेस तथा मिडियाको लागि खुल्ला गर्न देहायको व्यवस्था गरिनेछ :

(१) अनियमित तथा कानुन विपरीतका काम कारबाही तथा निर्णय गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न तथा सरकारी काम कारबाहीहरूलाई व्यवस्थित, मर्यादित, पारदर्शी र जवाफदेही बनाउन सामान्यतः समितिका बैठक वा काम कारवाहहिरु प्रेस तथा मिडियाको लागि खुल्ला गरिनेछ।

(२) प्रेस तथा मिडियाका प्रतिनिधिहरूलाई सामान्यतः छलफलमा सहभागी गराइने छैन।

(३) समितिका काम कारबाही नियमितता, मितव्ययिता तथा असल शासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धिमा केन्द्रित गरिनेछ।

(४) सञ्चारका माध्यमबाट समितिका सबै निर्णय तथा काम कारबाही आम नागरिक समक्ष सहजरुपमा पुऱ्याउने कार्य प्रभावकारी ढङ्गले गरिनेछ।

परिच्छेद १२

निर्णय प्रक्रिया र प्रमाणीकरण

१४) समितिले कुनै पनि विषयमाथि छलफल गरी निर्णय गर्दा देहाय बमोजिमको प्रकृया अपनाउनेछ :

(१) समितिमा सभापतिले सबै सदस्यलाई समय तोकी आफ्नो विचार वा धारण राख्न दिनुपर्नेछ ।

(२) सभापतिले आमन्त्रित पदाधिकारी, विज्ञ, विशेषज्ञ वा अन्य पदाधिकारीलाई सो विषयमा आफ्नो आधार, प्रमाण तथा धारणा राख्न समय दिनुपर्ने छ।

(३) सदस्यहरूले कुनै पूरक प्रश्न सोध्न चाहेमा सभापतिले सम्बन्धित सदस्यलाई समय दिनुपर्नेछ।

(४) समिति सचिवले सभापतिको अनुमति लिई आफ्नो धारणा वा विचार बैठकमा राख्न सक्नेछ।

(५) कुनै पनि विषयमाथि छलफल समाप्त भए पछि सभापतिले निर्णयको लागि बैठकमा प्रस्ताव पेस गर्नुपर्नेछ।

१५) समितिको निर्णय देहाय बमोजिम हुनेछ :

(१) समितिको निर्णय उपस्थित सदस्य सङ्ख्याको बहुमतबाट गरिनेछ।

(२) मत बराबर हुन गएमा सभापतिले निर्णायक मत दिन पाउनेछ।

(३) समितिको निर्णय सभापतिद्वारा तथा उपसमितिको निर्णय संयोजकद्वारा प्रमाणित गरिनेछ।

परिच्छेद १३

पत्राचार र निर्णय कार्यान्वयन सम्बन्धी व्यवस्था:

१६) समितिको निर्णय कार्यान्वयनको सन्दर्भमा समितिले सामान्यतया निम्न व्यवस्था अवलम्बन गर्नुपर्नेछ :

(१) समितिको निर्णय कार्यान्वयनको लागि समिति सचिवले सम्बन्धित मन्त्रालय, आयोग, सचिवालयमा समय तोकी पठाउनु पर्नेछ।

(२) समितिले पठाएका निर्णय तोकिएको समय भित्रै कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

(३) तोकिएको समयमा कार्यान्वयन गर्न नसकेमा सो को कारण र आधार खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, कार्यालयले म्याद थपको लागि तोकिएको समयमै समिति समक्ष अनुरोध गर्नु पर्नेछ र यसरी म्याद थपको लागि अनुरोध भई आएमा समितिले बैठक बसी आवश्यक निर्णय गर्न सक्नेछ।

१७) पुनरावलोकन सम्बन्धी व्यवस्था :

समितिको निर्णय सम्बन्धमा समितिले देहायको व्यवस्था अवलम्बन गर्न सक्नेछ।–

(१) कानुनी वा प्राविधिक वा अन्य कुनै कारणले समितिको निर्णय कार्यान्वयन गर्न अप्ठेरो परेको भए सो को आधार र कारण खोली सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयले निर्णय पुनरावलोकनको लागि समितिमा अनुरोध गर्नुपर्नेछ।

(२) पुनरावलोकन सम्बन्धमा प्राप्त अनुरोधका विषयमा समितिले छलफल गरी आवश्यक निर्णय गर्न सक्नेछ र सो निर्णय कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयमा पठाइनेछ।

(३) समितिको पुनरावलोकन सम्बन्धी निर्णय कार्यान्वयन गर्नु सम्बन्धित मन्त्रालय आयोग, सचिवालय वा कार्यालयको कर्तव्य हुनेछ।

परिच्छेद १४

निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी व्यवस्था:

१८) समितिले गरेका निर्णय समयमै कार्यान्वयन भए नभएको सम्बन्धमा समितिले निर्णय कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धी निम्न व्यवस्था अपनाउन सक्नेछ :

(१) समिति सचिवालयले प्रत्येक मन्त्रालय, आयोग, सचिवालय, कार्यालयको निर्णय कार्यान्वयनको त्रैमासिक प्रगति सम्वनधी तुलनात्मक विवरण तयार गरी बैठकमा पेस गर्नुपर्नेछ र यो विवरण समितिका सस्यहरुलाई पनि इमेल मार्फत उपलब्ध गराउनु पर्नेछ।

(२) समितिको बैठकमा निर्णय कार्यान्वयनको प्रगति विवरण सम्बन्धमा छलफल गर्न सम्बन्धित मन्त्रालय, योजना, सचिवालय र कार्यालयका प्रमुखहरूलाई बेग्ला बेग्लै वा सामुहिक रुपमा आमन्त्रण गरी छलफल गर्न सकिनेछ।

(३) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन नगर्ने मन्त्रालय, आयोग, सचिवालयका पदाधिकारीलाई ३ पटक समय थप गरी कार्यान्वयन गर्ने थप मौका दिन सकिनेछ।

१९) समितिको निर्णय कार्यान्वयन नगर्ने नगराउनेलाई कारबाही सम्बन्धी व्यवस्था :

(१) समितिले गरेका निर्णय तथा दिएका सुझावहरू सन्तोषजनकरुपमा कार्यान्वयन भएको नपाइए प्रचलित कानुन बमोजिम सम्बन्धित पदाधिकारी र कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्न सक्नेछ ।

(२) प्रदेश सार्वजनिक लेखा समितिबाट कारबाहीको लागि अनुरोध भई आएमा प्रचलित कानुन बमोजिम कारबाही गरी सो को सो को जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालय र सम्बन्धित मन्त्रालयको कर्तव्य हुनेछ।

२०) समितिका निर्णय सन्तोषजनकरुपमा कार्यान्वयन गर्ने गराउनेलाई पुरस्कृत गर्न अनुरोध गर्न सक्ने व्यवस्था देहाय बमोजिम हुनेछः

(१) समितिका निर्णय सन्तोजनकरुपमा कार्यान्वयन गर्ने मन्त्रालय, आयोग, सचिवालय वा कार्यालयका प्रमुख वा अन्य कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी प्रोत्साहित गर्न प्रदेश मन्त्रिपरिषद् सचिवालयलाई समितिले निर्णय गरी अनुरोध गर्न सक्नेछ।

(२) समितिको अनुरोध अनुसार राम्रो काम गर्ने पदाधिकारी, प्रमुख वा कर्मचारीलाई प्रचलित कानुन बमोजिम पुरस्कृत गरी सोको जानकारी समितिलाई दिनु प्रदेश मन्त्रिपरिषद् सचिवालयको कर्तव्य हुनेछ।

परिच्छेद १५

समितिका निर्णय तथा कागजात एवम् सरसामानको हिफाजत र संरक्षणको जिम्मा सम्बन्धी व्यवस्था

२१) समितिका निर्णय तथा कागजातको जिम्मा र संरक्षण सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछः

(१) समितिका निर्णय, कागजात तथा फर्निचर लगायतका सबै जिन्सी तथा अन्य सरसामानको जिम्मा र संरक्षण गर्ने दायित्व समिति सचिवको हुनेछ।

(२) समिति सचिवले आफूले गर्न पर्ने काम सहायक कर्मचारीहरूलाई पनि लगाउन सक्नेछ । तर अन्तिम जवाफदेहीता भने समिति सचिवकै हुनेछ।

(३) आफ्नो समितिको जिम्मेवारीबाट सरुवा भएपछि निजले समितिमा सरुवा भई आउने सचिव वा जिम्मेवार अधिकारीलाई सामान र निर्णय बुझाउनुपर्नेछ।

परिच्छेद १६

वार्षिक प्रतिवेदन पेस गर्ने सम्बन्धी व्यवस्थाः

२२) समितिले प्रतिवेदन पेस गर्ने सम्बन्धमानिम्न व्यवस्था अपनाउने छ :

(१) समितिले वर्षभरमा गरेका सबै काम कारवाहकिो प्रतिवेदन तयार गर्न एक उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन पेस भए पछि समितिले सो प्रतिवेदन माथि छलफल गरी बजेट पेस गर्नु अगावै सभामा पेस गर्नु पर्नेछ र प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयन स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव पनि समावेश गर्नुपर्नेछ।

(३) समितिको प्रतिवेदन कार्यान्वयन गर्नु सम्बन्धित मन्त्री र सचिवको कर्तव्य हुनेछ।

(४) समितिको प्रतिवेदनमाथि सभामा छलफल गर्न सभामुखसँग परामर्श गर्न सकिनेछ।

परिच्छेद १७

कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः

२३) समितिको कार्यविधि संशोधन सम्बन्धमा निम्न व्यवस्था अपनाइनेछ :

(१) समितिले कार्यविधिमा संशोधन र परिमार्जन गर्न उपसमिति बनाउन सक्नेछ।

(२) उपसमितिको प्रतिवेदन समितिमा पेस भए पछि समितिले सो प्रतिवेदनलाई यथावत् रूपमा वा संसशोधन सहित पारित गर्न सक्नेछ।

परिच्छेद १८

अन्य व्यवस्थाः

२४) कार्यविधि सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछ : (१) यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य व्यवस्था प्रदेश ३ को प्रदेश सभा कार्य सञ्चालन नियमावली बमोजिम हुनेछ।

<u>अनुसूची-२</u>

<u>योङ्ग इनोभेसन्स् प्रा.लि. सँग भएको प्राविधिक सहकार्य सम्बन्धी सम्झौता-पत्र</u>

बागमती प्रदेश, **प्रदेश सभा सचिवालय** (यसपछि प्रथम पक्ष भनिएको) र **योंग इन्नोभेसन्स् प्रा.लि. ललितपुर** (यसपछि द्वितीय पक्ष भनिएको) का बीच प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिको सचिवालयलाई आफ्नो काम कारवाहीलाई प्रभावकारी बनाउन प्रविधिमा आधारित (web based) माध्यमबाट सूचना-प्रविधिको प्रयोगका गर्ने सम्बन्धमा गरिएको।

<u>समझदारी पत्र</u>

यस समझदारी पत्रमा -
प्रथम पक्ष भन्नाले बागमती प्रदेश सभा अन्तर्गतको सार्वजनिक लेखा समितिलाई सम्झनुपर्दछ र दोश्रो पक्ष भन्नाले योंग इन्नोभेसन्स् प्राइभेट लिमिटेडलाई सम्झनु पर्दछ।

समझदारीका बुँदाहरु

१. दोस्रो पक्षले सार्वजनिक लेखा समितिका लागि *डाटा पोर्टल* सहितको वेबसाईट निर्माण गरी हस्तान्तरण गर्नेछ । सो *डाटा पोर्टल* सहितको वेबसाईटमा निम्न बमोजिमका विषय-वस्तु समाहित हुनेछः

क) सार्वजनिक लेखा समितिको परिचय

ख) सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको परिचय

ग) सार्वजनिक लेखा समितिको काम कारबाहीको जानकारी सहितको विवरण

ङ) *डाटा ड्यासबोर्ड (Data Dashboard):* यस अन्तर्गत देहाय बमोजिमको तथ्याङ्कहरु एकीकृत गरी समावेश गरिनेछः

- महालेखा परिक्षकको प्रतिवेदन;
- प्रदेशको बार्षिक बजेट;
- सार्वजनिक लेखा समितिलाई आवश्यक पर्ने अन्य प्रदेशिक तथा संघीय प्रतिवेदन अन्तर्गतका तथ्यांक

२. दोस्रो पक्षले निर्माण गरेको *डाटा पोर्टल* सहितको वेबसाईट सञ्चालन तथा उच्चतम प्रयोग गर्न सार्वजनिक लेखा समिति *सचिवालयका* लागि यस समझदारीपत्रमा सम्झौता भएको मितिले ३० दिन भित्र त्यसपछिको ५ महिनाका लागि एक जना तथ्यांक विश्लेषक (Data analyst) वा उपयुक्त मानवश्रोतको प्रदान गर्नेछ ।

३. बुँदा नं. २ बमोजिम दोस्रो पक्षले प्रदान गर्ने तथ्यांक विश्लेषकको चयनका साथै त्यस्तो विश्लेषकको पारिश्रमिक दोस्रो पक्षले प्रदान गर्नेछ ।

४. दोस्रो पक्षले बुँदा नं. १ बमोजिम निर्माण गर्ने *डाटा पोर्टल* सार्वजनिक लेखा समितिको बैठक अवधिभर बैठक कक्षमा प्रदर्शन गर्नका लागि आवश्यक सामग्री गरिदिनेछ ।

५. यस समझदारी पत्र अन्तर्गत दोस्रो पक्षले प्रदान गर्ने सम्पूर्ण सेवाहरुको लागत दोस्रो पक्षले सम्पूर्ण रुपमा व्यहोर्ने छ।

६. *यस* समझदारीलाई कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत-साधन, लागत तथा त्यस्तो स्रोत-साधनको स्रोत सम्बन्धी आवश्यक जानकारी प्रथम पक्ष तथा सार्वजनिक लेखा समितिलाई दोस्रो पक्षले प्रदान गर्नेछ । साथै दोश्रो पक्षले आवश्यक प्राविधिक सहकार्यका लागि सेसी-सुशासन मार्फत सुनिश्चित गर्न सक्नेछ।

७. यस समझदारी पत्र बमोजिम दोस्रो पक्षले प्रदान गर्ने सेवाहरुमा विषयगत (thematic) सहयोग गर्नका लागि सार्वजनिक लेखा समितिले एक वा एक भन्दा बढी माननीय सदस्यहरुको विज्ञता दोस्रो पक्षको आग्रहमा प्रदान गर्न सक्नेछ ।

८. यस समझदारी बमोजिम दोस्रो पक्षले प्रदान गर्ने सेवाहरुका सन्दर्भमा पहिलो पक्ष तथा सार्वजनिक लेखा समितिसंग नियमित तथा औपचारिक रुपमा सम्पर्क गर्न सार्वजनिक लेखा समितिले आफ्नो सचिवालयको कर्मचारीलाई खटाउनेछ ।

९. प्रथम पक्षले यस सम्झौता पत्र अनुरुप निर्माण भएको डाटा पोर्टल सहितको वेबसाईट का लागि आवश्यक डोमेन तथा सर्भरको व्यवस्था गर्नेछ ।

१०. यस समझदारी पत्रको कार्यान्वयनका विषयमा असमझदारी उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गरिनेछ ।

११. यो समझदारी, समझदारी पत्रमा हस्ताक्षर भएको मिति देखि छ (६) महिनासम्म समझदारी पत्रमा उल्लेख भए अनुसारको सुविधा उपलब्ध गराउने गरी लागू हुनेछ ।

प्रथम पक्षको तर्फबाट

....

रामशरण घिमिरे
प्रदेश सभा सचिव
प्रदेश सभा सचिवालय
बागमती प्रदेश

दोश्रो पक्षको तर्फबाट

....

विभुषण विष्ट
प्रमुख कार्यकारी अधिकृत
योंग इन्नोभेसन्स् प्रा.लि.

अनुसूची-३ -सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुको विवरण

क्र.सं.	नाम थर	जिल्ला	राजनीतिक दल	सम्पर्क नं.	ईमेल
१.	न्हुक्षे नारायण श्रेष्ठ	काठमाडौं	नेपाली कांग्रेस	९८५१०३८८१९	nhuche.Shrestha@gmail.com
२.	ओम बहादुर ग्लान	मकवानपुर	ने.क.पा.	९८४५४३६९७२	pwalachan@gmail.com
३.	कृष्ण प्रसाद शर्मा खनाल	चितवन	ने.क.पा.	९८५१२४१९६६,९८४५०४३९६६	krishnakhanal918@gmail.com
४.	गणेश प्रसाद दुलाल	काठमाडौं	ने.क.पा.	९८५१०६०४५९	
५.	चन्द्र बहादुर लामा	काभ्रेपलान्चोक	ने.क.पा.	९८५१०१८५२१,९८०१०१८५२१	chandra9851018521@gmail.com
६.	जिवन खड्का	ललितपुर	ने.क.पा.	९७४११५०८३९,९८४१२९८३००	khadkaj405@gmail.com
७.	जीवन डंगोल	काठमाडौं	नेपाली कांग्रेस	९८४१४८९५८८	jeedangol@gmail.com
८.	दीपक निरौला	काठमाडौं	ने.क.पा.	९८५११४०१२३	nirauladeepak.ktm@gmail.com
९.	देवकी श्रेष्ठ	ललितपुर	ने.क.पा.	९८४१५६८८२५,९८१८४९४८०३	devakistha50@gmail.com
१०.	पशुपति चौलागाई	दोलखा	ने.क.पा.	९८५११०१०२६	ppc53.chaulagain@gmail.com
११.	पुकार महर्जन	काठमाडौं	नेपाली कांग्रेस	९८४१६२२७४९	maharjanpukar15@gmail.com
१२.	प्रभात तामाङ्ग	रसुवा	नेपाली कांग्रेस	९८५१०६१६३३	Prabhat_Lama@yahoo.com
१३.	प्रेम बहादुर तामाङ्ग	रसुवा	स्वतन्त्र	९८५११५१४१५	
१४.	बेलीमैया घले	काठमाडौं	ने.क.पा.	९८४१३१०८२९	belighale@gmail.com
१५.	मुनु सिग्देल	मकवानपुर	ने.क.पा.	९८५५०७२५०८	sigdelmunu9@gmail.com
१६.	रत्न प्रसाद ढकाल	काभ्रेपलान्चोक	ने.क.पा.	९८५११११९३१	ratnadhakal7@gmail.com
१७.	रमेश पौड्याल	सिन्धुपाल्चोक	विवेकशील साझा पार्टी	९८५१००४२९७	rameshpaudyal@gmail.com
१८.	रिता माझी	रामेछाप	रा.प्र.पा	९८४३२४२९०५	ritamajhi97@gmail.com
१९.	विनोद कुमार खड्का	सिन्धुली	ने.क.पा.	९८४४०४०१९०	
२०.	सीता अधिकारी	काठमाडौं	ने.क.पा.	९८४१५१०२४५	sdadhikari@gmail.com
२१.	हिमाली गोले	दोलखा	ने.क.पा.	९८५११०५८८०	golehimali@gmail.com

अनुसूची-४

समितिको बैठकमा माननीय सदस्यहरुको उपस्थितिको अवस्था

(बैठक संख्या १८ देखि ४३ सम्म)

क्र.सं.	नाम थर	उपस्थिति	कैफियत
१	मा. न्हुक्षे नारायण श्रेष्ठ- सभापति	२६	
२	मा. ओम बहादुर ग्लान	१९	
३	मा. कृष्ण प्रसाद शर्मा खनाल	१०	
४	मा. गणेश दुलाल	१४	
५	मा. चन्द्र बहादुर लामा	१८	
६	मा. जीवन खड्का	२२	
७	मा. जीवन डंगोल	२२	
८	मा. दीपक निरौला	२४	
९	मा. देवकी श्रेष्ठ	२६	
१०	मा. पशुपति चौलागाई	१२	
११	मा. पुकार महर्जन	८	मिति २०७६/०९/२६ को प्रदेश सभा बैठकले समिति हेरफेरको निर्णय गरेको। (२६औं बैठकबाट यस समितिमा रहनु भएको)
१२	मा. प्रभात तामाङ्ग	१३	
१३	मा. प्रेम बहादुर तामाङ्ग	१	
१४	मा. वेलीमैंया घले	१४	
१५	मा. मुनु सिग्देल	१९	
१६	मा. रत्न प्रसाद ढकाल	२२	
१७	मा. रमेश पौडयाल	२६	
१८	मा. रिता माझी	२३	
१९	मा. विनोद खड्का	१८	
२०	मा. सीता अधिकारी	२५	
२१	मा. हिमाली गोले	१९	
२२	मा. भिमशेन खत्री	१	मिति २०७६/०९/२६ को प्रदेश सभा बैठकले समिति हेरफेरको निर्णय गरेको।(हाल यस समितिमा नरहनु भएको)
२३	मा. सन्त बहादुर प्रजा	२	

१. माननीय सभामुख श्री सानु कुमार श्रेष्ठ र महालेखापरीक्षक माननीय टंकमणी शर्मा दंगालको उपस्थितिमा आयोजित छलफल तथा अन्तर्क्रिया कार्यक्रम

२. प्रदेश नं.१ को सार्वजनिक लेखा समितिको बागमती प्रदेशमा भएको भ्रमण

३. प्रदेश नं.१ को सार्वजनिक लेखा समितिका सदस्यहरुलाई बागमती प्रदेश सभामा स्वागत गर्दै

४ मा. न्हुक्षे नारायण श्रेष्ठ (सभापति -सा.ले.स. बागमती प्रदेश) र मा. शिव नारायण गनगाइ (सभापति-सा.ले.स. प्रदेश नं.१)

५ प्रदेश नं.१ का सभापति मा. शिव नारायण गनगाइ आफ्नो भनाई राख्नुहुदै

५   बागमती प्रदेशका सार्वजनिक लेखा समिति सदस्य मा. रमेश पौड्याल आफ्नो भनाई राखुहुदै

७   मा. न्हुक्षे नारायण श्रेष्ठ (सभापति -सा.ले.स. बागमती प्रदेश) ले मा. शिव नारायण गनगाइ (सभापति- सा.ले.स. प्रदेश नं.१) लाई मायाको चिनो प्रदान गर्नुहुँदै।

८. मन्त्रालयको चौमासिक आयव्यय सम्बन्धमा माननीय मन्त्रीज्यूहरुसँगको छलफल

९. मा. सभापति समक्ष समितिको वार्षिक प्रतिवेदन २०७७ को मस्यौदा पेश गर्नु हुँदै मा. सीता अधिकारी

१०. माननीय सभामुख समक्ष समितिको वार्षिक प्रतिवेदन २०७७ पेश गर्नु हुँदै माननीय सभापति न्हुक्षे नारायण श्रेष्ठ

११. समितिको वार्षिक प्रतिवेदन २०७७ सभा समक्ष पेश गर्नु हुँदै माननीय सभापति न्हुक्षे नारायण श्रेष्ठ

१२. ZOOM मार्फत महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्बन्धमा छलफल हुँदै (प्रदेश सभा सचिवालय)

१३. योंग इनोभेसन्स् प्रा.लि सँग भएको प्राविधिक सहकार्य सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर कार्यक्रम